● वर्ष १५ ● अंक ४ ● काठमाडौं, शुक्रबार, जेठ २२, २०६६ ● SAPTAHIK ● Nepali National Weekly ● Friday, June 5, 2009 ● पृष्ठ २४ + ८ = ३२ ● मूल्य रु. १०/-



# खोजी नाइट लाइफको

पृष्ठ ३ मा



## रेखा पुरी

मध्यपृष्ठमा

साप्ताहिक

## ● रंगमञ्च ●

### शैलीको नयाँ नाटक

शैली थिएटरले गत शुक्रबार तथा शनिबार राजधानीको कमलपोखरीस्थित रूसी सांस्कृतिक केन्द्रमा एउटा नाटक मञ्चन गरेको छ। रसियन नाटक ‘इन्स्पेक्टर जनरल’ को नेपाली रूपान्तर ‘सरकारी निरक्षिक’ शर्षिकको नाटक हेर्ने दर्शकको सहभागिता उल्लेख्य थियो। नाटकको निर्देशन नवराज बुढाथोकीले गरेका थिए। भ्रष्टाचारविरुद्धको अभियानलाई हास्यशैलीमा चित्रण गरिएको उक्त नाटकमा संजोग ठकुरी, भुवन अछामी, लक्ष्मी पाण्डे, मञ्जु देवकोटा, तीर्थ दाहाल आदि कलाकारले अभिनय गरेका थिए।

## ● ग्यालरी ●

### ट्रान्सकेन्डेन्टल भाइब्रेसन

कलाकार कविराज लामाले तयार पारेका चित्रको प्रदर्शनी आज शुक्रबारदेखि राजधानी प्रारम्भ हुँदैछ। दरबारमार्गस्थित अन्नपूर्ण होटलमा आज साँझ ५:३० बजे आनि छोइङ डोल्माले यो प्रदर्शनीको उद्घाटन गर्दैछिन्। आगामी असार ३ गतेसम्म जारी रहने यो प्रदर्शनीको आयोजना सिद्धार्थ आर्ट ग्यालरीले गर्न लागेको हो।

### पोट्रेट्स फ्रम द स्याडो

कलाकार सञ्जीव महर्जनले तयार पारेका चित्रको प्रदर्शनी बबरमहलस्थित सिद्धार्थ आर्ट ग्यालरीमा प्रारम्भ भएको छ। गत बुधबार उद्घाटन गरिएको यो प्रदर्शनी आगामी जेठ ३१ गतेसम्म जारी रहनेछ। कलाकार महर्जनले आफ्ना चित्रमा सडक बालबालिकाहरूको चित्रण गरेका छन्। प्रदर्शनीमा दुई दर्जन चित्र समावेश गरिएका छन्।

### मिथिला चित्रकला

तराईका परम्परागत लोकमैथिली कलाक्षेत्रका महिला कलाकारलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा परिचित गराउन राजधानीमा बृहत् मैथिली चित्रकला प्रदर्शनी प्रारम्भ भएको छ। ठमेलस्थित मिथिला आर्ट ग्यालरीमा गत शुक्रबार प्रारम्भ भएको प्रदर्शनीमा ६६ महिला कलाकारका ८० चित्र सजिएका छन्। ‘अविरल छ मिथिलानीहरूको लोककला यात्रा’ शीर्षकको यो प्रदर्शनी आगामी शुक्रबारसम्म जारी रहनेछ। गत भदौमा तराईमा आयोजित तीनदिने कलाकार्यशालाका क्रममा तयार पारिएका चित्रकलाहरू प्रदर्शनीमा समावेश गरिएका छन्।

## ● क्यासेट ●


### कलर




गायक सुरज सिंहका पप गीतहरूको संग्रह ‘कलर’ बजारमा आएको छ। म्युजिक डट कमको यो संग्रहमा आठवटा गीत समावेश गरिएका छन्। संग्रहका गीतहरूमा गायक सुरज सिंहका अतिरिक्त अशोक, महेश ज्ञवाली, दीपेशकिशोर भट्टराई तथा मुकुन्दकिशोर भट्टराईको शब्द तथा संगीत छ।

### वर्ड्स

गीतकार उत्तम भौकाजीका गीतहरूको संग्रह ‘वर्ड्स’ बजारमा आएको छ। संग्रहमा आधुनिक तथा पप शैलीका गीतहरू समावेश गरिएका छन्। सत्यराज आचार्य, स्वरूपराज आचार्य, सिने गुरुङ, धर्मेन्द्र सेवान, सनूप पौडेल, सुगम पोखरेल, दीपक बज्राचार्य, नलिना चित्रकार तथा श्रेया सोताङको स्वर समेटिएको संग्रहका गीतहरु सत्य-स्वरुप, बिजु बज्र, सिने गुरुङ, न्ह्यु बज्राचार्य, सुगम पोखरेल, दीपक बज्राचार्य, जेम्स प्रधान तथा उदय सोताङले संगीतवद्ध गरेका छन्।




### क्रेजी ह्याट २

गायक सुनिल सिंह ठकुरीका पपगीतहरूको नयाँ संग्रह ‘क्रेजी ह्याट २ : घटना घट्यो’ बजारमा आएको छ। रियाज म्युजिकको यो संग्रहमा सातवटा गीत तथा चारवटा ट्र्याक समावेश गरिएको छ। संग्रहमा सुरेश राई, अनिल सिंह, किरण घिमिरे, सुमन श्रेष्ठ, शिला पाण्डे, भूपेन्द्र नीराजन तथा गायक ठकुरीको शब्द तथा संगीत सुन्न पाइन्छ।

## ● पुस्तक ●

### सिडीमा सेतो बाघ

चर्चित ऐतिहासिक उपन्यास ‘सेतो बाघ’ सिडीमा रूपान्तरित भएको छ। अब उक्त उपन्यास आइपोड तथा क्यासेट प्लेयरमार्फत ग्रहण गर्न सकिन्छ। युवा पुस्ता पुस्तकमा भन्दा आधुनिक प्रविधिमा रुचि राख्न थालेकाले चर्चित पुस्तकलाई सिडीमा रूपान्तरित गरिएको बेलायतस्थित नेपाली साहित्य परिषद्ले जनाएको छ। सिडीमा खगेन्द्र नेपालीको स्वर सुन्न पाइन्छ। नेपाली बाहेक उनका अन्य पाँच सहकर्मीले ठाउँ-ठाउँमा स्वर दिएका छन्। जगिङमा जाँदा, व्यायाम गर्दा वा अन्य काम गर्दा आइपोडमार्फत यसलाई सुन्न सकिन्छ। ड्राइभिङ्मा जाँदा पनि यो औपन्यासिक इतिहास सजिलै सुन्न सकिन्छ।



## तपाईंको यो साता

ज्यो. पं. ओजराज उपाध्याय लोहनी



### यो साताको पञ्चाङ्ग

जेठ २२ गते : विश्व वातावरण दिवस, २४ गते : पनौती स्नान, पनौतीमा भैरव भद्रकाली रथ जात्रा, मस्ट्रो पूर्णिमा, २५ गते : विश्व ब्रेन ट्युमर दिवस, विश्व समुद्र दिवस।

### मेष

यात्रा गर्ने अवसर प्राप्त होला। काममा सफलता मिल्नेछ। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। भाग्यले साथ दिनेछ। धन आर्जन गर्ने अवसर जुट्नेछ। शनिबार, आइतबार र सोमबार स्वास्थ्य गडबड रहने, काममा अवरोध आउने तथा चिन्ता बढ्ने योग छ।

### मिथुन

सोच्ने शक्ति बढ्नेछ। अध्ययनमा सुधार आउनेछ। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। व्यवसायबाट लाभ प्राप्त हुनुका साथै यात्रा गर्ने अवसर जुट्नेछ। वैदेशिक कार्यमा सफलता मिल्नेछ। रोग तथा शत्रु बढ्ने हुँदा खाँदा एवं बोल्दा विचार पुर्‍याउनुहोला।

### सिंह

पराक्रम बढ्नेछ भने अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। आफन्तहरूको सहयोग मिल्नेछ। सोच्ने शक्ति बढ्नेछ। अध्ययनमा सफलता हात लाग्नेछ। मान-सम्मान पनि पाउनुहोला। धन आर्जन गर्ने अवसर जुट्नेछ। शत्रुबाट सजग रहनुहोला। स्वास्थ्यको ख्याल गर्नु आवश्यक छ।

### तुला

मान-सम्मानका साथ भोजभतेर तथा सभा-सम्मेलनमा सहभागी हुने अवसर जुट्नेछ। बोलीको प्रभाव एवं पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। आफन्तहरूले सहयोग गर्नेछन्। धन आर्जन गर्ने अवसर प्राप्त हुनेछ। व्यवसायमा सफलता पाउनुहोला।

### धनु

धन आर्जन गर्ने अवसर जुट्नेछ। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। अरूबाट सहयोग पनि प्राप्त होला। सोच्ने शक्ति बढ्नेछ। भोजभेतरमा सामेल हुने अवसर पाइनेछ। शनिबार तथा आइतबार खर्च, विवाद एवं चिन्ताले सताउने योग छ। शत्रुबाट सजग रहनुहोला।

### कुम्भ

भाग्यले साथ दिनेछ। काममा सफलता पाउनुहोला। मान-सम्मान पनि मिल्नेछ। व्यवसायबाट लाभ होला। अधुरा कामहरू पूरा हुनेछन्। धन आर्जन गर्ने अवसर जुट्नेछ। आफन्तहरूको सहयोग पाउनुहोला। अरूको विश्वास जित्न सजिलै सकिनेछ। बिहीबार खर्च एवं विवाद बढ्न सक्छ।

### वृष

रोग तथा शत्रु बढ्नेछन् भने काममा अवरोध आउनेछ। कुरा काट्नेहरू सक्रिय रहनेछन्। समयमा निर्णय गर्न नसक्दा अरूबाट आलोचित हुनुपर्ला। घरेलु समस्याले पनि सताउनेछ। विश्वास गरेकाहरूले धोका दिन सक्छन्। शनिबार, आइतबार र सोमबार प्रसन्नता बढ्ने, काममा सफलता मिल्ने तथा यात्रा हुने योग छ।

### कर्कट

शत्रुबाट सजग रहनुहोला। स्वास्थ्यको पनि ख्याल गर्नुपर्ने समय छ। भाग्यले साथ दिनेछ। आफन्तहरूको सहयोग पाउनुहोला। नयाँ मित्रको आगमनले मन प्रसन्न रहला। धन आर्जन गर्ने अवसर जुट्नेछ। अध्ययन एवं व्यवसायमा सफलता हात लाग्नेछ। मान-सम्मान पनि पाउनुहोला।

### कन्या

बोलीको प्रभाव बढ्नेछ भने अरूको विश्वास जित्न सकिनेछ। भाग्यले पनि साथ दिनेछ। स्वास्थ्यको ख्याल गर्नुहोला। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। अध्ययनमा जोड दिनुपर्ने बेला छ। बोल्दा विचार पुर्‍याउनुहोला। शत्रु बढ्ने भएकाले बोल्दा विचार पुर्‍याउनुहोला।

### वृश्चिक

खर्च एवं विवाद बढ्न सक्छ। काममा सफलता पाउन गाह्रो पर्ला। मनमा चिन्ताले दरिलो डेरा जमाउनेछ। अध्ययनमा सफलता मिल्नेछ। रोग एवं शत्रु बढ्ने हुँदा संयमित रहनुहोला। बोलीको प्रभाव एवं पराक्रम बढ्नेछ। काममा सफलता मिल्ने, अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ।

### मकर

मानसम्मान मिल्नेछ। अरूबाट प्रशंसा पनि पाउनुहोला। व्यवसायमा सफलता हात लाग्नेछ। धन आर्जन गर्ने अवसर जुट्नेछ। पराक्रम एवं सोच्ने शक्ति बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। अध्ययनमा सफलता मिल्ने देखिन्छ। मंगलबार र बुधबार खर्च, विवाद एवं चिन्ताले सताउने योग छ।

### मीन

अस्वस्थताले काममा बाधा पुर्‍याउला। कुरा काट्नेहरू सक्रिय रहनेछन्। विश्वास गरेकाहरूले धोका दिन सक्छन्। शनिबारदेखि धार्मिक कार्यमा रुचि बढ्नेछ। भाग्यले साथ दिनेछ। मान सम्मान मिल्ने योग छ। धन आर्जन गर्ने अवसर मिल्नेछ। पराक्रम बढ्ने, अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ।



# खोजी नाइट लाइफको



गोपाल दाहाल

धरान– एउटा अँध्यारो कोठाभरि मधुरो प्रकाश छरिएको छ। नजिकैको अनुहार मात्र चिनिने, अलि पर हेर्नुपरे आँखा तन्काउनुपर्ने। कोठा सानै भए पनि युवायुवतीको भीडभाड छ। पछाडि बजेको जेनिफर लोपेजको 'लभ डन्ट कस्ट अ थिङ' गीतका कारण गफ पल्लो टेबलसम्म बुझिने गरी पुगेको छैन। एउटै टेबलमा त जे-जे भने पनि अरूलाई के थाहा ?

युवतीहरू बसेको एउटा टेबलमा वाइनको बोतल ठडिएको छ। युवतीहरू वाइन पिउँदै गफमा व्यस्त छन्। अन्य टेबलमा युवाहरू आफ्नै धुनमा पिइरहेका छन्। धरानको एउटा रेस्टुराँमा जमिरहेका छन् उनीहरू। एकैछिनमा इट्स् माई लाइफ... गीत बज्न थाल्यो। बुङ्बुङ चुरोटको धूवाँ उडाउँदै एक हूल युवा हलमा प्रवेश गरे, मधुरो बत्तीको नजिकबाटै। उनीहरूसँगै आएका तीन युवती पनि सँगै बसे र बियर पिउन थाले। आ-आफ्नै धुनमा पिउने र रमाउने क्रम जारी रह्यो। मध्यरातपछि बाहिर निस्कने बेलामा त्यही समूहका युवाले भने– 'दिनभर जबमा व्यस्त भइन्छ, त्यतिबेलाको थकान मेट्न पनि कहिलेकाहीं यसरी रमाइन्छ।' उनीसँगैकी युवतीले भनिन्– 'साथीहरूसँग कहिलेकाहीं बिन्दास पनि हुनुपर्छ।'

दिनभरिको थकान मेट्ने बहानामा होस् वा बिन्दास हुने चाहनामा होस् आधुनिक सहरको उपमा पाएको धरानमा पनि अहिले 'नाइट लाइफ' मन पराउनेहरूको संख्या बढिरहेको छ। लाहुरे समुदायको बाहुल्यता रहेको धरानमा आफ्नै तरिकाले घरमै होस् वा कतै रेस्टुराँतिर साथीभाइसँग राति अबेरसम्म 'जम्ने' चलन पुरानै हो तर अहिले त्यतिले मात्र पुगेको छैन, लाहुरेमात्र होइन, बैंक, कम्प्युटर इन्स्टिच्युट, बोर्डिङ स्कुल आदिका जागिरे वा सञ्चालक, प्रहरी तथा अन्य युवाहरूसमेत नाइट लाइफको खोजीमा चक्कर लगाइरहेका छन्।

लवाइ-खवाइमा प्रशस्त खर्च गर्ने धरानेहरूलाई लक्षित गरी बैंकका शाखाहरू थपिइरहेका छन्। ती बैंकमा काम गर्ने युवाहरूसमेत राति केही रमाइलो गरेर दिनभरको टेन्सन शान्त पार्न चाहन्छन्। दिनभरि घोक्रो सुकुन्जेल कराएर थाकेका बोर्डिङ टिचरहरू पनि यस्तै शान्तिको खोजीमा हुन्छन्। देश-विदेश घुमेर त्यताको संस्कृति बुझेका र रमाउन सिकेका धनीबाउका छोराछोरीलाई त झन् ठूलो आवश्यकता महसुस हुन्छ, नाइट लाइफको। धरानमा बेलामौकामा हुने डान्सपार्टीमा रातभरि नाच्न र रमाइलो गर्न तयार हुने युवा पुस्ता देख्दा पनि प्रस्ट हुन्छ, उनीहरू नाइट लाइफ खोजिरहेका छन्। पाश्चात्य संस्कृतिमा रमाउन खोज्ने स्थानीय बासिन्दाहरूका लागि यहाँ कुनै डान्सबार छैन, डिस्कोथेक छैन।

बामदेव गौतम गृहमन्त्री हुनासाथ सरकारले राति ९ बजेपछि रेस्टुराँ, बार बन्द गर्न निर्देशन दिएर तहल्कै मच्चायो। राजधानीका नाइट लाइफ प्रेमी तथा व्यवसायीहरूले जुलुसै निकालेर विरोध गरे, कैयौं होटल, रेस्टुराँमा चेकजाँच भयो, तर कसैले अरूलाई असर नपारी आफ्नै खुसीले रातभरि बस्छु, रमाइलो गर्छु भन्न पाउने कि नपाउने ? भन्ने तर्क धेरैले गरे। पछिल्लो समयमा वामदेवले राति १२ बजेसम्मका लागि रात्रिजीवन खुल्ला गरे, तर धराने युवाहरूका लागि सरकारले ९ बजेको सीमा तोकोस् कि १२ बजेको, उनीहरू मन लाग्यो भने त्यत्तिकै रात बिताइदिन्छन्। किनभने उनीहरू आफैं साथीभाइ मिलेर नाइट लाइफमा रमाउँछन्।

धरानेहरूको नाइट लाइफको चाहनालाई केही हदसम्म पूरा गर्न अन्डरस्लिभ रेस्टुराँले विगत केही समयदेखि हरेक शुक्रबार स्थानीय ब्यान्डहरूको कार्यक्रम प्रस्तुत गरेर युवाहरूलाई निम्त्याउने गरेको छ। यसैको सिको गर्दै धरानको जिरोप्वाइन्टमा हालै के टु नामक अर्को रेस्टुराँ पनि सुरु भएको छ। यी दुवैले ब्यान्डहरूको प्रस्तुतिसँगै युवा ग्राहकलाई झुमाउने प्रयास गरेका भए पनि त्यो सबै धरानेका लागि प्रयाप्त छैन। यहाँ डिस्को थेक र डान्सबारको आवश्यकता महसुस भएको छ। नाइट लाइफमा रमाउने ठाउँको अभावमा युवाहरू भौंतारिएका छन्। दर्शन सुब्बा भन्छन्– 'यो त युवाहरूको माग हो। अरूलाई असर नपर्ने गरी रमाइलो गर्न पाउनुपर्छ।'

• सम्पादकीय •

# विस्थापित नागरिकको पीडा र राज्य

भारतको सशस्त्र सीमा सुरक्षा बल (एसएसबी) ले देखाएको बर्बर व्यवहारका कारण आफ्नै देशमा विस्थापित हुनुपरेको पीडा बोकेका दक्षिण दाङका नागरिकहरू अहिले आफ्नै मुलुकमा सरकारको खोजी गरिरहेका छन्। नेपाल र भारतको सीमाक्षेत्रनजिकै बसोबास गर्ने दक्षिण दाङका ६ हजारभन्दा बढी जनता अहिले आन्तरिक शरणार्थीका रूपमा उत्तरतर्फ पलायन भएको समाचार सार्वजनिक भएको छ। तीमध्ये कतिपयले सुरक्षाको माग गर्दै आफन्तलगायत देउखुरी आसपासका सामुदायिक वनहरूमा आश्रय लिएका छन्। भारतीय एसएसबीले चेलिबेटीलाई अपहरण तथा बलात्कार गर्ने, घरमा आगो लगाइदिने, लुटपाट गर्ने, पिट्ने र ज्यान मार्ने धम्की दिनेजस्ता अमानवीय ज्यादती गर्न थालेपछि उनीहरू आफ्नै देशमा शरणार्थी हुन बाध्य भएका हुन्। यसरी शरणार्थी हुने क्रममा थुप्रै परिवार विचल्लीमा परेको मात्र नभै एउटै परिवारका सदस्यहरू छिन्नभिन्न भएका छन्। दक्षिणी दाङको सीमावर्ती क्षेत्रमा बितेको एक साता यता घटेको यस्ता घटनालाई सरकारले तत्काल सम्बोधन गर्नुपर्छ।

काठमाडौंमा सत्ता समीकरणको खेलमा मग्न भएर नागरिक सर्वोच्चताको राग अलापिरहेका हाम्रा राजनैतिक दलहरूले दाङ घटनालाई गम्भीरतापूर्वक लिनुपर्छ। नेपाल–भारतबीच रहेको सिमानासम्बन्धी किचलोका कारण सिर्जना भएको दाङ घटनाको पुनरावृत्ति बारामा हुन सक्ने सञ्चार–माध्यमहरूले जनाइरहेका छन्। बाराका केही गाविसमा एसएसबीको सहयोगमा भारतीय नागरिकहरूले नेपाली भूमिमाथि कब्जा जमाएको समाचारले नेपाल भारतबीचको सम्बन्धलाई नै अप्ठयारोमा पार्न सक्ने अवस्था सिर्जना गरेको छ। यसअघि कालापानी, सुस्ता, पशुपतिनगरजस्ता राष्ट्रिय चर्चामा आएका मुद्दाहरूसँग समानता राख्ने दाङ र बाराको घटनालाई संबोधन गर्न जति ढिलाइ गरिन्छ, त्यति नै हाम्रो लाचारी प्रकट हुँदै जानेछ। आफ्नो घरमा रडाको मच्चाएर छिमेकीलाई दोष दिनुभन्दा वास्तविकता के हो ? भन्ने खोजबिन गरेर भारत सरकारसँग समस्याका समाधानका लागि सरकारले गम्भीर पहल गर्नुपर्छ। किनभने सीमाक्षेत्रबाट विस्थापित भएका जनताले राज्यसँग सहारा माग्दै हिंड्नुपर्ने, आफ्नो भोगचलनको जग्गा जमिन त्याग्नुपर्ने अवस्था उत्पन्न हुनु विस्थापित नागरिकहरूको निजी समस्या मात्र हुन सक्दैन। त्यो एउटा सार्वभौम राष्ट्रको अस्मिता र स्वाभिमानसँग गाँसिएको प्रश्न पनि हो। अहिले दाङ र बारामा घटेको घटनालाई सम्बोधन गर्न हामी जति ढिलो हुन्छौं त्यति नै समस्या बल्भिँदै जानेछ।

अँध्यारोबाट उज्यालोतिर बढ्न, नछुटाऊँ साप्ताहिक पढ्न।
*सौजन्य : साप्ताहिक–पाक्षिक पत्रिका राष्ट्रिय सञ्जाल*

# समयले खोजेको सपना

केही समयअघि काकाको छोरा जन्मियो। ऊ काकाको पहिलो सन्तान थियो। भाइलाई इन्जिनियर पढाइरहेका काका आफ्नो छोरालाई मेडिकल क्षेत्रमा लाने सपना बाँड्दै थिए। त्यहाँबाट कोठामा फर्कंदा सँगै प्लस टु सकेको साथी यसै वर्ष मेडिकलमा नाम निस्किएको कुरा सुनाउँदै खुसी बाँड्न मकहाँ आएको थियो। एमएस्सी सकेका दाजुहरूले आफ्नो जीवनको मिसन अमेरिका र युरोपलाई बनाउन थालिसकेका छन्। अनलाइनमा पुराना साथीहरू भेट्छु। उनीहरू अमेरिका र अस्ट्रेलियाबाट आफ्ना कमाइका फेहरिस्त सुनाउँदै हुन्छन्। सबैसँग आफूलाई तुलना गर्छु, मेरो भविष्य पनि कतै उनीहरूकै पंक्तिमा थपिने त होइन ? फेरि आफ्नो धरातलमा उभिएर सोच्छु, देशका सक्षम जनशक्तिले सबै ध्यान आफ्ना व्यक्तिगत सुखसयलमै लगाउने हो भने यो घायल देशको उपचार कसले गर्ने ?

धेरैजसो अभिभावकको सपना आफ्ना सन्तानलाई इन्जिनियरिङ वा मेडिकल पढाउने हुन्छ, जसका लागि ठूलो धनराशि खर्च गरिन्छ। उनीहरूको उद्देश्य पछि सन्तान कमाउने भएपछि विदेश पठाउने हुन्छ जसले गर्दा देशका लागि आवश्यक सक्षम जनशक्तिको संकट त हुन्छ नै, साथै देशको बागडोर समाल्नुपर्ने नागरिकहरू केवल आफ्नो व्यक्तिगत प्रगतिमै रमाउँदा देश दिनानुदिन अधोगतितर्फ उन्मुख हुन्छ। आफ्ना सन्तानको उज्ज्वल भविष्य निर्माणका लागि यस्तो कदम एउटा जिम्मेवार अभिभावकको कदमजस्तो लागे पनि घायल देशका लागि भने यो गैरजिम्मेवारी नै हो।

कोलम्बो प्लानअन्तर्गत छात्रवृत्ति पाएर इन्जिनियरिङ र एमबीबीएस गर्ने ठूलो जमातमध्ये अतिकम मात्र स्वदेश फर्कन्छन्। देशभित्रै पनि राम्रोसँग एमएस्सी गर्ने विद्यार्थीहरू विकसित मुलुककै लागि रिसर्चमा जीवन बिताउँछन्। विदेश जाने विद्यार्थीहरूको संख्या बर्सेनि दोब्बर जस्तो बढिरहेको छ। शिक्षा मन्त्रालयका अनुसार २००८ मा मात्रै २१ हजार ३५ विद्यार्थीले विदेश अध्ययनका लागि नो अब्जेक्सन लेटर लिएका थिए। जसका लागि मात्र उनीहरूले ६४ करोड रुपैयाँ भिसा आवेदनका लागि मात्र खर्च गरेका थिए। यही गतिमा विद्यार्थीहरू बिदेसिने हो भने कसरी देशले ऐतिहासिक फड्को मार्न सक्छ ? सरकारले नै युवा विद्यार्थीहरूलाई देशभित्रै राखेर प्राविधिक एवं वैज्ञानिक शिक्षा दिने नीति सार्वजनिक गर्नुपर्छ। देश राजनैतिक रूपमा जति नै सबल भए पनि दक्ष युवा जनशक्तिको अभावमा ठूलै विकास गर्छु भन्नु दिवास्वप्न मात्र हो। देशमा रहने मध्यम खाले जनशक्तिले देशलाई समयको माग अनुसार हाँक्न नसक्दा हामी अन्यौल र अनिर्णयका बन्दी बनेका छौं।

कलेजका क्यान्टिनमा हामी देशका बारेमा आफ्ना कुराकानी केन्द्रित गर्छौं। साथीभाइका कुरा सुन्दा लाग्छ विद्यार्थीहरूमा देशका लागि केही गर्ने तीव्र इच्छा हुँदाहुँदै पनि राज्यले उनीहरूको सदुपयोग गर्न सकिरहेको छैन। साथीहरू भन्छन्- राम्रा विद्यार्थीलाई विदेश पठाएर होइन, देशभित्रै प्राविधिक क्षेत्रमा लगाएर उनीहरूबाटै नयाँ नेपालको शिलान्यास गर्नुपर्छ। देशभित्रै अझ केही राम्रा इन्जिनियरिङ कलेज खुलून् जसबाट निस्कने जनशक्तिलाई देशका ग्रामीण क्षेत्रसम्म लान सकियोस्। त्यहाँ उनीहरूलाई नमुना बस्ती बनाउन सिकाइयोस्, जलविद्युत्मा ऋण लिएर मात्र होइन, स्थानीय लघुवित्त प्रयोग गरेर लघु जलविद्युत् आयोजनाहरू निर्माण गरिऊन्।

देशमा ऐतिहासिक परिवर्तन भएको छ। राष्ट्रनिर्माणका लागि जनता इतिहासमै सबैभन्दा बढी उत्साहित छन्। उनीहरूको उत्साहको अधिकतम प्रयोग गरी राष्ट्र निर्माण गर्नुपर्छ। सधैं राजनैतिक नेतृत्वलाई दोष दिएर मात्र सच्चा राष्ट्रवादी बन्न सकिंदैन। आमनेपालीमा रहेको उत्साह सेलाउन नपाउँदै आर्थिक एवं भौतिक विकासमा केन्द्रित हुनुपर्छ। दलीय राजनीतिबाट माथि उठेर राष्ट्र विकासका लागि कुशल नेतृत्व क्षमता देखाउनु राष्ट्रिय राजनीतिको आवश्यकता हो। अब हरेक अभिभावकले आफ्ना सन्तान डाक्टर, इन्जिजियर भएको मात्र होइन, कुशल राजनेता भएको हेर्ने सपना सँगाल्न सक्नुपर्छ। शिक्षकहरूले कक्षामा छिर्दा म कम्तीमा एउटा असल नागरिक बनाउन जाँदैछु भन्ने उद्देश्य राख्नुपर्छ। हामी सबैले के बुझ्नु आवश्यक छ भने देश विकासमा खपत हुनुपर्ने ठूलो युवा जनशक्तिको क्षतिपूर्ति उनीहरूबाट प्राप्त हुने रेमिटान्सले कदापि दिन सक्दैन।

**–रमेश न्यौपाने**

• चिठीपत्र •

## होच्याउने अभिप्राय होइन

जेठ ८ गतेको साप्ताहिकमा मेरो जीवनको कथा प्रकाशित भएकोमा सम्पादकलगायत लेखकलाई हार्दिक धन्यवाद दिन चाहन्छु। लेखका राम्रा पक्षले मलाई देशका लागि थप योगदान दिन अभिप्रेरित गरेको छ।

उक्त लेखमा मलाई जुत्ता उद्योग खोल्न सहयोग गर्ने भक्तबहादुर दाइप्रति मेरो अगाध सम्मान छ। उहाँकै सहयोगले मैले प्रारम्भका कठिन दिनमा पनि ठूलो सहयोग पाएको हुँ। यद्यपि कतिपयलाई परम्परागत रूपमा जुत्ता व्यवसाय गरेका ती दाइको जातिको विषयमा कुरा उठ्दा होच्याएको रूपमा बुझेको पाएँ। वास्तवमा मेरो कथाको महत्त्वपूर्ण पात्र भक्तबहादुर दाइको प्रसङ्मा कहीँ-कतै पनि जातिवादी कुरा नउठाएको र होच्याउने आशय नरहेको स्पष्ट गर्न चाहन्छु। मेरो व्यवसायमा सहयोग गरेकै कारण उहाँ मेरो जीवनकथाको महत्त्वपूर्ण हिस्सा हुनुभएको हो। यति हुँदाहुँदै पनि विशेष जाति अथवा समुदायमा ठेस पुग्न गएकोमा क्षमाप्रार्थी छु। मेरो आशय कसैलाई अवहेलना गर्ने हुँदै होइन। अन्जानमा हुन गएको उक्त गल्तीप्रति म आफैं पनि दुःखी छु।

**रामकृष्ण प्रसाईं, प्रबन्ध निर्देशक, शिखर शु**

जेठ ८ गते साप्ताहिकमा प्रकाशित सफलताको कथामा पर्न गएको शब्दले कुनै जाति तथा समूहविशेषको भावनामा ठेस पुऱ्याउने उद्देश्य नरहेको कुरा अवगत गराउँदै त्यसबाट पर्न गएको चोटप्रति दुःख व्यक्त गर्दछु।

**सम्पादक**

• तीतो सत्य •

मनमा कसैलाई सजाउनुअघि उसको अन्तरमनमा पस्नुपर्छ।

**–उत्सव उपाध्याय**

चाहनाले मानिसलाई गन्तव्यमा पुऱ्याउँछ।

जिन्दगी बगैंचाको एउटा सुन्दर फूल हो।

मानिसमा मानवीयता र दानवीयता आधा-आधा हुन्छ।

आपत-विपतमा मानिसले ईश्वरको नाम लिन्छ।

सफलता भाग्यमा होइन परिश्रममा निहित हुन्छ।

**ऐश्वर्य श्रेष्ठ**

असल व्यक्ति कठिन परिस्थितिमा पनि ताराझैं चम्कन्छ।

म भन्ने शब्द नै अहम्को प्रतीक हो।

सबै मानिस अर्काको गल्ती र कमजोरीको खोजी गरिरहेका हुन्छन् तर आफ्नो गल्ती-कमजोरी देखाइदियो भने उसैमाथि जाइलाग्छन्।

हल्ला जे पनि चल्न सक्छ, त्यही हल्लाको पछि लागेर हिंड्दा सुन्दर जीवन जल्न सक्छ।

यो त्यस्तो संसार हो जहाँ एउटै ठाउँमा मानव हृदय र दावन हृदयको जमघट हुन्छ।

**–एमसी बाङ्देल**

*'तीतो सत्य' स्तम्भका लागि आफूले देखेका, भोगेका कटु सत्य पठाउन हार्दिक अनुरोध छ।*

*–सम्पादक*

• सहर चर्चा •




## चलचित्र निर्देशनमा महिला

थारू महिलाहरू अझै पनि घरबाहिर निस्कन गाऱ्हो मान्छन्। उनीहरूलाई हाटबजार बाहेक बाहिरी काम गर्न अनुमति छैन। सुनसरी जिल्ला झुम्का घर भएकी रेणु चौधरीले चलचित्र निर्देशनमा हात हालेर आफ्नो समुदायमा चर्चा बटुलेकी छिन्। प्रथम श्रेणीमा प्रवेशिका उत्तीर्ण गरेर काठमाडौं उक्लिएकी रेणु आर्किटेक्ट इन्जिनियर हुन्। 'आर्किटेक्ट आफैंमा कला हो, त्यसैले अर्को कलामा हात हाल्न मलाई गाऱ्हो भएन।' साप्ताहिकसँग रेणुले भनिन्, 'आफ्नो संस्कृतिलाई आमनेपालीबीच परिचित गराउन चलचित्र निर्देशनमा हात हालेकी हुँ।'

चौधरीले नेपाली र भोजपुरी भाषामा निर्माण भएको चलचित्र 'भाग्य के रेखा' निर्माण गरेकी थिइन्। उक्त चलचित्रले आशातित सफलता प्राप्त नगरे पनि उनलाई थारू भाषाको चलचित्र 'सैंया भैयल जमैया' को निर्देशनको अफर आयो। उक्त चलचित्रले लाहानमा ५१ दिन मनाएपछि भने उनी पूर्ण रूपमा चलचित्र क्षेत्रमा उत्रिइन्। चौधरी चलचित्र सम्पादक पनि हुन्। अहिले उनी थारू भाषाको टेलिचलचित्र निर्माणमा व्यस्त छिन्।

• साइबर गर्ल •

## पूनमको ग्ल्यामर



मोडलिङमा क्यारियर बनाएर जीवन-निर्वाह गर्न सकिंदैन भन्ने कुरा राम्रैसँग बुझेकी पूनम लामा चर्चा र प्रतिष्ठा कमाउन यो क्षेत्रमा आएको बताउँछिन्। बालाजु, काठमाडौंकी २० वर्षीया पूनमको विचारमा नकारात्मक दृष्टिकोणले हेरिएका कारण मोडलिङको राम्रो विकास हुन सकेको छैन। सन् २००६ मा पोखरामा भएको डिजाइन फ्लेसमा ऱ्याम्पमा क्याटवाक गरेपछि उनको मोडलिङ यात्रा प्रारम्भ भएको हो। बास्केटबलकी सौखिन पूनमलाई धेरैले उनको आँखाको प्रशंसा गर्छन्। 'सबैले मेरो आँखा सेक्सी छ भन्छन्,' ब्युटीसियन बन्ने लक्ष्य लिएकी पूनमले वर्तमानमा भने मोडलिङमै रमाउने निधो गरेकी छिन्। ऱ्याम्पमा मोडलिङमा खारिएकी पूनम समय र परिस्थिति बुझेर मात्रै मोडलिङका अरू पाटो अंगीकार गर्ने बताउँछिन्। ग्ल्यामरबिना मोडलिङ अधुरो हुन्छ भन्ने पूनमका ग्ल्यामरस तस्बिरहरू सारासंसार डटकममा हेर्न सकिन्छ।

• मुखाले •

प्रतिक्रान्तिकारीहरू माओवादीलाई शान्ति र संविधानको मोर्चाबाट भगाउने सुरमा छन्।

**पुष्पकमल दाहाल**

माओवादी घडीको सुई उल्टो घुमाउने प्रयासमा छ, हामी त्यसलाई सफल हुन दिँदैनौं।

**रामचन्द्र पौडेल**

दलीय तिक्तताले संविधान निर्माणमा असर पर्ने सम्भावना छ।

**सुवास नेम्वाङ**

संविधानसभाको मूल्य ७५ प्रतिशत घटिसकेको छ।

**दमननाथ ढुंगाना**

दण्डहीनता र अराजकतालाई कसैले संरक्षण गर्न नपाउने विषयलाई सरकारको साझा तथा न्यूनतम कार्यक्रममै उल्लेख गर्नेछौं।

**सुरेन्द्र पाण्डे**

छलकपटको राजनीतिले माओवादीको पतन हुन्छ।

**डा. प्रकाशशरण महत**

माओवादी आपराधिक तथा फासिस्टवादी सोचबाट ग्रस्त भएकैले सरकार सञ्चालनमा असफल भयो।

**झलनाथ खनाल**

प्रचण्डकै कारण मुलुकमा समस्याको डंगुर थुप्रियो।


**मातृका यादव**

माओवादी युद्ध गर्न जंगल जाँदैन, बरु जनताबाट तिरस्कृत एमाले र कांग्रेस जान सक्छन्।

**रामबहादुर थापा**

# बल्ल जीवन बुझ्न थालेको महसुस हुन्छ

**१५ वर्षको उमेरमा नेपाली चलचित्र 'मायालु' मा नायिकाका रूपमा अभिनय गर्दा करिश्मा मानन्धर जस्ती थिइन्, अहिले ४० वर्षको नजिक पुग्दा पनि उनको सौन्दर्य उस्तै छ। नेपाली चलचित्र उद्योगमा उनको स्थान एक दशकभन्दा बढी नम्बर एकमा रह्यो। ५० भन्दा बढी चलचित्रमा अभिनय गरेपछि करिश्माले आफैं दुईवटा चलचित्र निर्माण गरिन्। ती दुवै चलचित्रले आशातित सफलता प्राप्त गर्न नसकेपछि करिश्मा निराश भएर अमेरिका गइन्। उनी अमेरिका बस्न थालेको पनि छ वर्ष पुगिसकेको छ। यद्यपि लामो समय चलचित्र क्षेत्रबाट टाढा रहँदा पनि करिश्माको चर्चा सेलाएको छैन। अहिले उनी केही महिनाका लागि नेपाल आएकी छिन्।**



तस्बिर : राजीव श्रेष्ठ

**अझै पनि मानिसहरूले तपाईंलाई सम्झिरहेका छन्, किन होला ?**

मैले नेपाली चलचित्र उद्योग छाड्दा जन्मिएको बालक अहिले छ वर्षको भयो। त्यस्ता ६ वर्षे बालबालिकाले पनि मलाई चिन्दा रहेछन्। यसबाट मलाई पनि आश्चर्य लागिरहेको छ। पक्कै पनि आमा-बुबाले यो करिश्मा हो भनेर चिनाएका होलान्। यसबाट म नेपाली दर्शकमा अझै पनि नायिकाका रूपमा स्थापित छु भन्ने लागेको छ। अर्को कुरा, म नेपाल आउँदा जसरी मिडियाले स्थान दिन्छ, कलाकारहरू भेट्न आउँछन्, त्यसबाट म आफैं पनि आश्चर्यमा पर्छु।

**के कारण होला ?**

मेरो विचारमा मैले दीर्घकालीन असर पर्ने अभिनय गर्न पाएको छैन। अल्लारे, वसन्ती, ढुकढुकीजस्ता केही राम्रा चलचित्रमा काम गर्ने मौका पाएकी थिएँ, यद्यपि लामो समय सम्झनुपर्ने गरी नेपाली चलचित्रमा ठूलो योगदान दिएजस्तो लाग्दैन।

**कतै दर्शकले भविष्यमा करिश्माले नेपाली चलचित्रका लागि महत्त्वपूर्ण योगदान दिन्छे भन्ने आशा त गरिरहेका छैनन् ?**

हुन सक्छ, मैले दुईवटा चलचित्र निर्माण गर्दा कलाकारहरूले चलचित्र निर्माण गर्ने वातावरण बनेको थियो। त्यस यता कलाकारहरूले राम्रा चलचित्र निर्माण गरे। यो उद्योगका लागि राम्रो कुरा थियो। करिश्माले नेपाली चलचित्र बुझेकी हुनाले केही गर्ली भन्ने आशा हुन सक्छ।

**नेपालमा राम्रो क्यारियर, सपन्न परिवार, विनोदजस्ता असल श्रीमान् हुँदाहुँदै अमेरिका जाने निर्णय गलत थिएन ?**

जतिखेर मैले अमेरिका जाने निर्णय गरें, त्यसबेला मेरो फस्ट पोजिसन नै थियो, तर कतिन्जेल त्यसलाई धान्न सकिन्छ, यो प्रश्नले निकै सताएको थियो। एक प्रकारको अनसेक्युरिटी फिल भैरहेको थियो। चलचित्र चलेन भन्नु त बहाना मात्र हो। वास्तवमा म यो क्षेत्रबाट उम्कने दाउ खोजिरहेकी थिएँ। मलाई झ्याल खोलेर परको क्षितिज हेर्न मन लागेको थियो।

**घरमा सानी छोरी, उद्योगमा राम्रो क्यारियरलाई त्याग गर्नुको कारण अनसेक्युरिटी मात्र हो भन्ने कुरा मान्न धेरैजसो तयार छैनन् नि ?**

जसले मलाई नजिकबाट चिनेको छ, उसले म जस्तोसुकै निर्णय गर्न सक्छु भन्ने बुझेको छ। म मनमा लागेको कुरा गरेरै छाड्छु, चाहे त्यो गलत होस् वा सही। मलाई एक प्रकारको सेफ ल्यान्डिङ चाहिएको थियो। जब बाबुसाहेबले काठमाडौंमा झड्का खायो, मेरा लागि यो राम्रो बहाना भैदियो। तपाईंले आशा गरेजस्तो उत्तर मसँग छैन, कारण विनोदसँग पनि नराम्रो भएको थिएन।

**अहिले छ वर्षपछि त्यो निर्णयका बारेमा के सोच्नुहुन्छ ?**

छोरी र श्रीमान्लाई लामो समयसम्म छाड्दा त्यसले नेगेटिभ इम्प्याक्ट पनि पार्न सक्थ्यो। पारेन, त्यसैले राम्रै भयो भन्ने लाग्छ। मैले संसार बुझें। एक प्रकारको कन्फिडेन्स, चलचित्रबाहेक पनि मेरो जीवन सफल हुन सक्छ भन्ने आशा पलाएको छ।

**अमेरिका बसुन्जेल नेपाल छाडेकोमा कुनै अप्ठ्यारो वा पीडा महसुस भएन ?**

वास्तवमा आफन्त को हुन्, देश के हो, परिवारको महत्त्व के हुँदो रहेछ भन्ने कुरा मैले अमेरिका बसेरै थाहा पाएँ। हिजो म नेपालको नम्बर वान नायिका थिएँ, सुटिङ स्पटमा सबैले मेरो दु:ख बुझ्ने प्रयास गर्थे। विनोदजस्ता श्रीमान् थिए, जसले कहिल्यै कुनै कुरामा रोक-छेक गरेनन्। घरमा सघाउने मानिस थिए। के खान्छौ, के मन पर्छ, के मन पर्दैन, सधैं खोजिनिती हुन्थ्यो। परदेशमा त्यो कहाँ सम्भव थियो र ? प्रत्येक मुभमेन्टमा यहाँका एक-एक दृश्यको सम्झना हुन्थ्यो, प्रत्येक कुराले एउटा


बाँकी पृष्ठ १५ मा

Test नदिइ सोझै SLC दिन पाइने कक्षा १० मा
निःशुल्क अन्तिम भर्ना खुल्यो
Paradise Nepal नामक NGO सहयोगमा कक्षा-१० (प्राइभेट SLC) मा नि:शुल्क भर्ना खुल्यो
कस्ता विद्यार्थीहरुले सम्पर्क राख्ने त ?
जो कक्षा ८ पास गरी ९, १०, Test फेल भई विविध कारणले विद्यालय जानबाट बन्चित (१४-६० वर्ष) महिला तथा पुरुषहरुले अध्ययन निरन्तर गर्ने सुवर्ण अवसर
कक्षा समय : दिवा मात्र (११:०० - ३:०० बजे सम्ममात्र)
माध्यम : नेपाली सिट : ३० (पहिला आउनेलाई प्राथमिकता)
जि.शि.काबाट अनुमति प्राप्त
स्याण्ड्रा नमूना वैकल्पिक विद्यालय
नयाँबजार, सोह्रखुट्टे- ४३६१७१२, २१६०३९३
चितवन : ०५६-५२५११८

होटल तालिम विशेष छुटमा 2003 मा स्थापित
नेपाल सरकारबाट स्वीकृत प्राप्त, पाँचतारेको प्रशिक्षक
Worldwide valid Certificate
Japan, UK, Australia, Canada, Europen देशमा Working Visa, Student Visa मा जानेलाई
Part time & Full time job को लागि SPECIAL CLASS भैरहेछ
COOK (1, 2, 3, 6 month), WAITER (1, 2, 3 month) Barman, Bakery, Tandoori, Salesman, Receptionst, House Keeping, Diploma in Hotel Mgmt., F & B Mgmt., Coffee, Juice maker, Roomboy, Bellboy, House Wiring, Plumber etc.
३ महिने कुकमा FREE ENGLISH LANGUAGE
थप Industrial Training लाई Star Hotel मा पठाइने
आफ्नै FIVE STAR STANDARD RESTAURANT भएको
जागिरको व्यवस्था स्वदेश र विदेशमा सहयोग गरिने।
Student Visa, Work Permit, PR, DV lottery मा जानेलाई विशेष तालिम
SLC दिएकालाई 25% EXTRA छुट
र्‍याडीसन होटल ट्रेनिङ्ग सेन्टर
बागबजार, पि.के.क्याम्पसपछिको दोस्रो घर रत्नपार्क तर्फ
4247165, 2200889, 9841-891131
साहारा होटल तालिम सेन्टर
(Sahara School of Hospitality Mangement and Tourism Nepal)
नयाँ बानेश्वर, शिवदर्शन हल अगाडि, ओखरबोट मार्ग
2040782, 016200757, 98510-93629
र्‍याडीसन होटल तालिम सेन्टर
नयाँ बानेश्वर, BICC पानी ट्याङ्कीको ठीक अगाडि
4464720, 9841-891131, 98510-93629

# एचपीको बिजनेस नोटबुक

हेली प्याकर कम्पनीले निर्माण गरेको एचपी ५४१ मोडलको ल्यापटप नेपाली बजारमा भित्रिएको छ। यसअघि उत्पादन भएको ५४० को मोडलको ग्राफिक्समा सुधार गरेर यो मोडल तयार पारिएको हो। यो ल्यापटपलाई बिजनेस नोटबुकको संज्ञा दिइएको छ। बिजुलीमा जोडेको ९० मिनेटमै ल्यापटपको ब्याट्री पूर्ण रूपमा चार्ज हुने हुँदा विभिन्न ठाउँमा गएर काम गर्नेहरूलाई यो नोटबुक सजिलो हुनेछ। यसमा विण्डो भिस्टाको होम एडिसन छ भने यसको प्रोसेसर इन्टेलको कोर टु डिओ १ दशमलव ८० गिगाहर्जको छ। यसको र्‍याम २ जीबी र ५ हजार ४ सय आरपीएम भएको हार्ड डिस्कको क्षमता २ सय ५० जीबी छ। आवश्यकताअनुसार यसको र्‍याम ४ जीबीसम्म बढाउन पनि सकिन्छ। ३ वटा युएसबी पोर्ट, स्टेरियो माइक्रोफोन, हेडफोन, मोडेम र इथरनेट जडान गर्ने सुविधा रहेको यो ल्यापटपमा दुई किसिमका मेमोरी कार्ड राख्ने सुविधा छ भने यसमा डिभिडी राइडर पनि छ। १४ इन्चको यो ल्यापटपको नेपाली बजार मूल्य ४८ हजार रुपैयाँ छ।





# क्यानोनको नयाँ पावर सट

क्यानोन कम्पनीको पावरसट ई-१ मोडलको क्यामेरा नेपाली बजारमा आएको छ। १० मेगा पिक्सेलको उक्त क्यामेराले खिचेको तस्विर १३ गुणा १९ इन्चसम्मको आकारमा प्रिन्ट गर्न सकिन्छ। रेड आई हटाउनेदेखि यो क्यामेरामा १७ किसिमको सुटिङ मोड छन्। चार गुणा अप्टिकल जुम लेन्स भएको यो क्यामेरामा इमेज स्टेबिलाइजर छ, जसले क्यामेरालाई हल्लिनबाट रोक्छ। यसको एलसिडी २ दशमलव ५ इन्चको भएका कारण खिचेको तस्विरलाई स्पष्ट रूपमा हेर्न सकिन्छ। प्रयोगकर्ताले कुनै मानिसको तस्बिर खिच्नु छ भने क्यामेराले उसको अनुहारमा फोकस गर्छ र तस्बिर खिच्न संकेत गर्छ। न्युरोडको क्यामेरा अप्टिक्समा पाइने यो क्यामेराको मूल्य १३ हजार ५ सय रुपैयाँ छ।

# बाथटबमै स्क्रिन

एकपटक कल्पना गर्नुस् त, तपाईं बाथटबमा सुतेर छेउमा लेमोनेडको चुस्की लिँदै एलसीडीमा आफूले चाहेको भिज्युअल हेरिरहनुभएको छ। यस्तै किसिमको आनन्द लिनेहरूका लागि अन्तर्राष्ट्रिय बजारमा २२ इन्चको वाटर प्रुफ एलसीडी स्क्रिन आएको छ। यो स्क्रिनलाई बाथटबमा मात्र होइन साउना, स्पा वा स्वीमिङ गर्दा पनि छेवैमा राख्न सकिन्छ। वाटर प्रुफ स्क्रिन र रिमोटका कारण प्रयोगकर्ताले पानीबाट डराउनु पर्दैन। यसमा भएको लाउड स्पिकरले सामान्य कोठालाई पुग्ने आवाज दिन्छ भने यसको ट्रान्समिटरमा कनेक्टर जडान गरेपछि टेलिभिजन, भीसीडी, केबल, डीभीडी जे पनि हेर्न मिल्छ। यो मनिटरको मूल्य १ हजार ४ सय अमेरिकी डलर छ।



# आकर्षक इन्डिका भिस्टा

टाटाले नेपाली बजारमा इन्डिका कार भित्र्याएको करिब ८ वर्षपछि इन्डिका भिस्टालाई प्रस्तुत गरेको छ। इन्डिकाले नेपालमा मात्र नभएर अन्तर्राष्ट्रिय क्षेत्रमा समेत लोकप्रियता पाएका कारण यसलाई परिमार्जन गरेर नेपाली बजारमा ल्याएको हो। इन्डिकाभन्दा केही सानो देखिए पनि यो कार ३ दशमलव ८ मिटर लामो र १ दशमलव ७ मिटर चौडा छ भने यसको भित्री भाग फराकिलो छ। यो कारको स्टेरिङ र सिट चालकले आफ्नो अनुकूल होचो र अग्लो बनाउन सक्छन्। कारको ड्यासबोर्डमा ल्यापटप राख्न सकिन्छ भने यसमा डिन सिडी सिस्टमको म्युजिक सिस्टम छ, जसलाई युएसबी पोर्टबाट पनि चलाउन सकिन्छ भने त्यसलाई रिमोटमार्फत पछिल्लो भागमा रहेका व्यक्तिले पनि सञ्चालन गर्न सक्छन्। दुईरंगे सिटले युक्त यो कारको पछिल्लो भागमा एक परिवारलाई यात्रामा निस्कँदा चाहिने सामग्रीहरू राख्न सकिने २ सय ३२ लिटर क्षमताको स्थान छ। सहरभित्र १५ किलोमिटर र हाईवेमा २० किलोमिटर प्रतिलिटर माइलेज दिने यो कार सुविधाअनुसार १६ लाख ७० हजार देखि २१ लाख ९५ हजार रुपैयाँसम्ममा पाइन्छ। ५ रंगमा उपलब्ध इन्डिका भिस्टाको प्रवर्द्धन सिप्रदी टेडिङले गरिरहेको छ।




+2/SLC १ बर्षमै

SLC दिन चाहनेहरूले १बर्षमै Math/Sci नदिई SLC, SLC पास भई कम्तिमा १वर्ष ग्याप भए एकवर्षमै +2 गर्न सकिने भारतको सरकारी NIOS Delhi Board मा +2/SLC मा भर्ना खुल्यो

Hurry up! Catch a Special Offer

याद गर्नुहोस् है NIOS मा भर्ना हुँदैमा Pass हुँदैन त्यसैले

पाँच विषयमात्र दिए पुग्ने SLC मा Math/ Sci नदिए पनी हुने

Exam काठमाण्डौमा Indian Embassy मा हुने

नेपालमा TU, KU, HSEB र विश्वभरी समकक्ष मान्यता प्राप्त

सही परामर्श लिएर अध्ययन गरे मात्र पास गर्न सजिलो।

KANTIPUR INTL OPEN EDUCATION

NECA

Books, Questions, guide, CDs Provided

New Baneshwor KTM, Phone: 2044082, 2042831

BICC पानी ट्याङ्की पश्चिम



नि:शुल्क ब्युटिसियन तालिम

विदेशबाट तालिम प्राप्त ब्युटिसियनहरूबाट अत्याधुनिक मेशिनबाट Basic, Advance, Diploma, Teachers Trainings Beautician course संचालन हुँदैछ। तालिम पछि पार्लर खोल्न सक्ने।

विदेश जानेहरूको लागि Special Short Course पनि उपलब्धछ।

साथै Hair Straight र Permining Guaranteeकासाथ गरिन्छ।

Sabina Beauty Care & Training Centre

पक्नाजोल चोक (People's Campus नजिक)

९८४१५५४७५७, ४२५१६३५



प्लाष्टिक सर्जरी

प्लाष्टिक तथा कस्मेटिक सर्जरीको लागि

नेपाल प्लाष्टिक सर्जरी अस्पताल

हात्तिवन, हरिसिद्धि, ललितपुर

फोन : ५२५०६६५

Website : www.nepsanepal.com

# अब बेलायतको बाटोमा

**विदुर खतिवडा**

उनी अस्ट्रेलिया जान चाहन्थिन्, तर अस्ट्रेलिया जाने बाटो सहज नभएपछि उनले आफ्नो गन्तव्यलाई बदलेर बेलायतको बाटो रोजिन्। बेलायत जाने सबै प्रक्रिया मिलाइसकेकी उनी अब उडान भर्ने पर्खाइमा छिन्। एमबीए गर्ने र त्यहीं आकर्षक रोजगारीको खोजी गर्ने उद्देश्य राखेकी उनी अर्थात् सिर्जना ढकाल नेपालको राजनैतिक अस्थिरता विदेश जानुको मुख्य कारण बनेको तर्क पेस गर्छिन्।

सिर्जनाजस्तै हजारौं विद्यार्थी यतिखेर बेलायतलाई गन्तव्य बनाउने तरखरमा परामर्शदाता संस्थामा धाइरहेका भेट्टिन्छन्। विकसित मुलुकमा उच्च शिक्षा हासिल गर्ने अनि त्यहीं पर्याप्त पैसा कमाउने र उच्च व्यक्तित्वको छवि निर्माण गर्ने उद्देश्य राखेर विद्यार्थीहरू विदेसिने गरेका छन्। विदेसिन चाहनेहरूका लागि पछिल्लो अवधिमा बेलायत सरल बनेकाले विद्यार्थीहरूको आकर्षण बढेको देखिएको परामर्शदाताहरू बताउँछन्।

केही समयअघिसम्म अस्ट्रेलिया जान लाग्ने यो भीड एकाएक बेलायततर्फ केन्द्रित हुनुमा बेलायत सरकारले ल्याएको सरल नीति नै हो। उत्कृष्ट शैक्षिक प्रमाणपत्रका आधारमा राम्रा विद्यार्थी मात्र लिने बेलायतले पछिल्लो अवधिमा इनकम सोर्स, छ महिनाको बैंकिङ स्टेटमेन्ट, प्रोपर्टी भ्यालुएसन, प्यारेन्ट्स डकुमेन्टजस्ता कुरा आवश्यक नपर्ने नीति ल्याएपछि भीड बेलायततर्फ खिचिएको हो। अहिले कलेजले विद्यार्थीलाई स्पोन्सर गरेको अवस्थामा २८ दिनको बैंकिङ कारोबारका आधारमा भिसा दिने नीति सार्वजनिक हुनुले बेलायत नेपाली विद्यार्थीलाई आकर्षित गर्न केन्द्रित भएको स्पष्ट हुन्छ।

'अस्ट्रेलियन सरकारले भिसाका लागि कडाइ गर्नु र ठीक त्यही बेला बेलायत सरकारले भिसा सहज बनाउनुले विद्यार्थीहरू बेलायततर्फ आकर्षित भएका हुन्,' परामर्शदाता संस्था क्याम्ब्रिजका प्रमुख कार्यकारी गोपाल भण्डारीले साप्ताहिकलाई भने- 'विद्यार्थीहरूको आकर्षणमा रहेको बेलायत जाने प्रक्रिया सजिलो भएपछि यतिखेर परामर्शदाता संस्थाहरू विद्यार्थीलाई बेलायत जाने सल्लाह दिन थालेका छन्।'



मोडलिङ तस्बिर : कान्तिपुर टेलिभिजनबाट प्रसारण हुने टेलिश्रृंखला कलेजका कलाकारहरू ।

शैक्षिक (एकेडेमिक) पाठ्यक्रममा अध्ययन गर्न बेलायत राम्रो गन्तव्य हो। छोटो समयका प्रोफेसनल कोर्स गर्न अस्ट्रेलिया सही छनौट भए पनि बेलायतमा प्रोफेसनल कोर्स हुँदैन। प्लस टु अध्ययन गरेका विद्यार्थी स्नातक अध्ययनका लागि र स्नातक गरेकाहरू स्नातकोत्तर (पोस्ट ग्राजुएट) का लागि बेलायत जान्छन्। खासगरी बीबीए र एमबीएका लागि धेरै विद्यार्थीको आकर्षण बेलायत बनेको छ। एमबीए अध्ययनका लागि प्रायः कलेजले कामको अनुभव खोज्ने गरेका छन्। आईईएलटीएस गरेका विद्यार्थीको हकमा केही कलेजले कामको अनुभव पनि खोज्दैनन्।

बेलायत जान सबै कलेजले आईईएलटीएस (आयल्स) अनिवार्य मानेका छैनन्। आयल्स नगरेको हकमा विद्यार्थीले अंग्रेजी माध्यममा पढेको हो भनेर विद्यार्थीले पढेको कलेजले सिफारिश गर्नुपर्छ। आयल्स नगरेको विद्यार्थीका लागि बेलायती कलेजहरूले अंग्रेजीको विशेष कक्षा लिन्छन्। यसका लागि १ हजार देखि १ हजार ५ सय पाउन्ड अतिरिक्त खर्च लाग्छ। नेपालमा आयल्स गर्न १२ हजार रुपैयाँले पुग्ने भएकाले डेढ लाखभन्दा बढी तिरेर बेलायतमा अंग्रेजीको विशेष कक्षा लिनु मुर्खता भएको नेपाल शैक्षिक परामर्श व्यवसायी संघ (इक्यान) का उपाध्यक्ष प्रेम पाण्डे बताउँछन्। डल्फिन एजुकेसन कन्सल्टेन्सीका प्रबन्ध निर्देशक पाण्डेका अनुसार परामर्शदाता संस्थाले यस विषयमा विद्यार्थीलाई सही जानकारी दिनु आवश्यक छ।

**आवश्यक प्रक्रिया**

विद्यार्थीले उच्च शिक्षाका लागि अध्ययन गर्ने विषय छनौट गरेपछि त्यस आधारमा आफ्नो शैक्षिक प्रमाणपत्र र अन्य विवरणसहित सम्बन्धित कलेजमा आवेदन दिनुपर्छ। कलेजअनुसार विद्यार्थीले आवेदन शुल्क बुझाउनुपर्छ। प्रायः कलेजले आवेदन शुल्क लिन्छन्। विद्यार्थीले परामर्श उपलब्ध गराउने शैक्षिक संस्थाको सहयोगमा कलेज र विषय छनौट गर्न सक्छन्। त्यसपछि कलेजले विद्यार्थीको शैक्षिक प्रमाणपत्रलाई आधार मानेर 'कन्डिसनल अफर लेटर' पठाउँछ। अफर लेटर आउनेबित्तिकै विद्यार्थीले शिक्षा मन्त्रालयबाट 'नो अब्जेक्सन लेटर' बनाउनुपर्छ। नो अब्जेक्सन लेटर लिएपछि विद्यार्थीले कलेजको शैक्षिक कार्यक्रमलाई आधार बनाएर ट्युसन फि तिर्नुपर्छ। यसमा छ महिनादेखि एक वर्षसम्मको ट्युसन फि तिर्नुपर्ने हुन्छ। बेलायतका विश्वविद्यालय तथा कलेजहरूको शैक्षिक स्तरलाई रेटिङ गरेर बोर्डर एजेन्सीले मान्यता दिएका कलेजलाई रोज्नुपर्छ। ट्युसन फी पाएपछि कलेजले विद्यार्थीको शैक्षिक प्रमाणपत्रलाई आधार मानेर भिसा लेटर पठाउँछ र विद्यार्थीले त्यसबापत स्वतः ३० प्वाइन्ट प्राप्त गर्छन्। कलेजले आवेदन फर्म र अफर (भिसा) लेटरको हार्डकपी पठाएपछि विद्यार्थीले औपचारिक रूपमा भिसा प्रक्रिया सुरु गर्नुपर्छ। यो अनकन्डिसनल अफर हो। यसको पहिलो चरणस्वरूप विद्यार्थीले बेलायतमा १ वर्ष बस्दा लाग्ने खर्च बराबर २८ दिनको बैंकिङ कारोबार भएको बैंक ब्यालेन्स देखाउनुपर्छ। बैंक ब्यालेन्स २० लाख रुपैयाँदेखि ३० लाख रुपैयाँसम्म देखाए पुग्छ। मेन्टेनेन्स शीर्षकअन्तर्गतको यो खर्च तिर्न सक्ने अवस्था देखाएपछि बोर्डर एजेन्सीले १० प्वाइन्ट दिन्छ। यसरी कलेजबाट पाएको ३० प्वाइन्ट र बोर्डर एजेन्सीको १० प्वाइन्ट गरेर ४० प्वाइन्ट पुगेपछि त्यो विद्यार्थी बेलायत जानका निम्ति वैध मानिन्छ। यसपछि विद्यार्थीले ओरिजिनल डकुमेन्ट (शैक्षिक प्रमाणपत्र, पासपोर्ट, भिसा लेटर, पुलिस सर्टिफिकेट, अतिरिक्त क्रियाकलापसँग सम्बन्धित डकुमेन्ट) राखेर भीएफएसमार्फत दिल्लीस्थित बेलायती दुतावासमा आवेदन पठाउनुपर्छ। भीएफएसको नागपोखरीस्थित कार्यालयमा गएर विद्यार्थीले भिसा आवेदनका लागि १ सय ५० पाउन्ड तिर्नुपर्छ। विद्यार्थीको बायोमेट्रिक्स डाटा पनि यही लिइन्छ। बेलायतको सुरक्षा प्रणाली कडा भएकाले बायोमेट्रिक्स अनिवार्य मानिन्छ। यसरी भीएफएसमार्फत सबै डकुमेन्ट पठाएको २० दिनभित्रमा विद्यार्थीले टायर फोरअन्तर्गत बेलायत जाने भिसा प्राप्त गर्छन्।

महिलाहरूको लागि सुवर्ण अवसर
यहाँ विभिन्न किसिमको तालिमका साथै पेन्टिङ्, व्याग, फूल, पुतली बनाउन सिकाईन्छ।
१. सिलाई र कटाई २. ब्यूटिसियन ३. फेसन डिजाईन ४. बुनाई ५. प्याचवर्क ६. इम्ब्राइडरी
बिदेस जानेहरूको लागि विशेष तालिम दिइन्छ।
SLC दिएर बसेका विद्यार्थीहरुको लागि २५% छुट दिइन्छ।
त्रिवेणी तालिम केन्द्र
बागबजार, काठमाण्डौ फोन: ४२३१०३० (खुल्ने समय: विहान ७ बजेदेखि साँझ ५ बजेसम्म।)

होटेल तालिम मोडर्नमा
Switzerland & UK बाट
Cook, Waiter, Waitress, Bakery, Barman, Captain, Front Office, House keeping (Room Boy), Supervisor, Care Giver, (इजरायल) Domestic Helper तथा सम्पूर्ण Hotel Management सम्बन्धि तालिम दिइन्छ।
www.modernhoteltraining.com.np
Modern Management Modern Technology
MODERN HOTEL Training Center
महाराजगञ्ज वसुन्धरा पुल Ktm
Ph:- 4363215, 2315801

एकता, विस्तार र गुणस्तरीयता, शिक्षामा वर्षौंदेखिको हाम्रो प्रतिवद्धता ।
प्राईभेट TEST/SLC 2066 को लागि कक्षा १० मा
नयाँ भर्ना खुल्यो
कक्षा ९ वा टेष्ट एस.एल.सी. फेल भएका, कक्षा ८ वा ९ उतीर्ण गरी विविध कारणले विद्यालय जान नसकेका विद्यार्थीहरुका लागि कक्षा १० मा धमाधम भर्ना लिईदैछ।
Shift: Morning/Day Medium: Nepali/English
जिल्ला शिक्षा कार्यालय काठमाडौंबाट मान्यता प्राप्त
कालीमाटी Merit Academy Ph: 4285664
चावहिल Bright Future Ph: 4463073
कोटेश्वर Harvard Int'l Academy Ph: 4601434

# के हो टायर फोर ?

टायर फोर बेलायत सरकारको एउटा नीति हो। बेलायत सरकारको नियमावलीलाई टायर भनिन्छ। जुन नियमावलीका विभिन्न दफामध्ये टायर फोर एक हो। बेलायतले गत अप्रिलदेखि टायर फोरको नयाँ नीति ल्याएको हो। यो एउटा नयाँ स्कुलिङ सिस्टम हो। टायर फोरमा अल्पविकसित मुलुकका विद्यार्थीलाई बेलायत आएर उच्च शिक्षा हासिल गर्न पाउने सुविधा उल्लेख छ। टायर फोरअन्तर्गत विद्यार्थीले चाहेको विषयमा अध्ययन गर्न सम्बन्धित कलेजलाई स्पोन्सर राखेर त्यहाँ बस्दा लाग्ने खर्च बराबरको रकम ग्यारेन्टी गर्दा भिसा उपलब्ध गराइने व्यवस्था छ। बेलायत सरकारले टायर वान र टायर टुमा आप्रवासी र कामदार भिसाका बारेमा उल्लेख गरेको छ। टायर फोरअन्तर्गत विद्यार्थीले अध्ययन पूरा गरिसकेपछि 'पोस्ट स्टडी वर्क' शीर्षकमा काम गर्न दुई वर्ष थप बस्ने सुविधा पाउँछन्। त्यसका लागि कलेजले भिसा एक्स्टेन्ड गरिदिनुपर्छ।



**सही कलेज छनौट गर्ने**

विद्यार्थीले बेलायत जाने निर्णय गर्नुअघि त्यहाँका कलेजहरूका बारेमा यथार्थ विवरण बुझ्नु आवश्यक छ। बेलायतमा प्रशस्त विश्वविद्यालय तथा कलेज भएकाले पनि त्यहाँका सबै कलेज उत्कृष्ट मानिँदैनन्। बेलायतमा अध्ययन गरेर फर्किएका विद्यार्थी समीर उपाध्यायका अनुसार त्यहाँ एउटा सानो फ्ल्याटमा पनि कलेज सञ्चालन गरिएको पाइन्छ। कलेजका बारेमा सही जानकारी पाउन वेबसाइटमार्फत सर्च गर्न सकिन्छ। बेलायतमा रहेका कलेजहरूको अनुगमन गर्ने निकाय बोर्डर एजेन्सीले त्यहाँका कलेजलाई ए र बी दुई र्‍यांक गरेको छ। त्यसैले विद्यार्थीले बोर्डर एजेन्सीबाट मान्यता पाएका कलेजलाई मात्र रोज्नुपर्छ, नत्र फस्ने डर त्यत्तिकै हुन्छ। नेपालमा परामर्श उपलब्ध गराउने सबै शैक्षिक संस्था भरपर्दो नभएकाले विद्यार्थीले आफ्नै पहलमा कलेजको शैक्षिक स्तरका बारेमा जानकारी लिनुपर्छ।

**शैक्षिक पाठ्यक्रम**

उच्च शिक्षा हासिल गर्न बेलायत जाने अधिकांश विद्यार्थी व्यवस्थापन संकायअन्तर्गतको एमबीए, बीबीए, एसीसीए गर्न जाने गरेका छन्। आयल्स गर्नेहरूले न्यूनतम ५ प्वाइन्ट ५ ल्याए बेलायतका कलेजमा अध्ययन गर्न पाउँछन्, तर नर्सिङको हकमा भने न्यूनतम ६ प्वाइन्ट ५ ल्याउनैपर्छ। होटल म्यानेजमेन्ट तथा ट्राभल एन्ड टुरिज्ममा जान सहज हुनुले यी विषय अध्ययन गर्न जानेहरूको संख्या पनि उल्लेख्य छ। होटल म्यानेजमेन्ट तथा ट्राभल एन्ड टुरिज्ममा पेड इन्टर्नसिप भएकाले दुई वर्षको कोर्समा पहिलो वर्ष नौ महिना कलेजले पाठ्यक्रम अध्ययन गराउने अवधिभरको तलब विद्यार्थीले पाउँछन्। त्यस्तै अर्को ९ महिना प्राक्टिकल गर्दा साताको २० घण्टा कानुनी रूपमा काम गर्न पाइन्छ भने ६ महिनाको बिदा अवधिमा फूल टाइम काम गर्न पाइन्छ। मास कम्युनिकेसन एन्ड जर्नालिज्ममा पनि विद्यार्थीको आकर्षण छ। विज्ञान विषय लिएर पढेका विद्यार्थीहरू भने आईटी एजुकेसन, इन्जिनियरिङ तथा एयरस्पेस (एरोनोटिकल इन्जिनियरिङ) पाठ्यक्रम अध्ययन गर्न बेलायत जान्छन्।

**सदावहार अमेरिका**

समय-समयमा विभिन्न राष्ट्रले सरल नीति ल्याउँदा विद्यार्थीको ठूलो संख्या ती मुलुकतर्फ आकर्षित भएको पाइन्छ। अस्ट्रेलियापछि बेलायततर्फ भीड खिचिनु त्यसको एउटा उदाहरण हो। यद्यपि संयुक्त राज्य अमेरिका यस मामिलामा फरक राष्ट्र हो। नेपाली विद्यार्थीहरूको पहिलो रोजाइमा सधैं अमेरिका नै रहँदै आएको छ। 'विद्यार्थीहरूको पहिलो रोजाइ अमेरिका नै बन्ने गरेको छ।' परामर्शदाता डीएन कँडेल भन्छन्- 'पछिल्लो १० वर्षको समीक्षा गर्ने हो भने वैदेशिक अध्ययनको पहिलो गन्तव्यका लागि विद्यार्थीले पहिलो प्राथमिकतामा अमेरिकालाई नै राख्ने गरेको पाइन्छ।' राम्रो पृष्ठभूमि भएका विद्यार्थीले अमेरिकामा प्रशस्त छात्रवृत्ति पाउने सुविधाले पनि विद्यार्थीहरूले अमेरिका रोज्ने गरेको कँडेलले बताए।

**खर्च**

बेलायतमा विद्यार्थीहरूले विषयअनुसार ट्युसन फी तिर्नुपर्ने हुन्छ। सामान्यतया विषय हेरी प्रतिवर्ष ५ लाखदेखि ९ लाखसम्म ट्युसन फी तिनुपर्छ। अध्ययन अवधिभर विद्यार्थीले साताको २० घण्टा काम गर्न पाउँछन् भने भ्याकेसनमा फुलटाइम गर्न पाइन्छ। त्यसैले पहिलो वर्षको शुल्क नेपालबाटै तिरे पनि त्यसपछि विद्यार्थीले कमाएर ट्युसन फि तिर्न सक्छन्। यहाँबाट उड्ने बेलामा १ हजार पाउन्ड ट्राभल चेक बोक्नुपर्छ भने एयर टिकटका लागि १ लाख रुपैयाँ खर्च हुन्छ। लन्डनमा रहेका कलेजको हकमा शुल्क केही महँगो हुन्छ भने लन्डनबाहिरका कलेजमा कम शुल्क लाग्छ। त्यस्तै बैंकिङ कारोबार देखाउने बेला लन्डनभित्रका कलेजमा अध्ययन गर्न जाने विद्यार्थीले बढी रकम सो गर्नुपर्छ भने बाहिरका कलेजमा कम रकम सो गरे पुग्छ। लन्डनमा गएर बस्नुपर्दा लन्डनबाहिरको तुलनामा प्रतिमहिना २ सय पाउण्डभन्दा बढी खर्च हुन्छ।

**डिपेन्डेन्ट भिसा**

डिपेन्डेन्ट भिसा पति वा पत्नीले आफ्नो जीवनसाथी र बालबच्चालाई लान पाउने अवसर हो। डिपेन्डेन्टमा पति वा पत्नी एक जनाको शैक्षिक प्रमाणपत्रका आधारमा उसले आफ्नो परिवारका अन्य सदस्यलाई लान पाउने सुविधा हुन्छ। स्टुडेन्ट भिसामा जाने पति वा पत्नीले साथीका रूपमा परिवारका अन्य सदस्यलाई डिपेन्डेन्ट देखाउन पाउँछन्। डिपेन्डेन्ट भिसामा जान चाहने व्यक्तिको शैक्षिक प्रमाणपत्र आवश्यक नभएकाले दोस्रो व्यक्तिले भिसा शुल्क र बैंकिङ स्टेटमेन्ट मात्र देखाए पुग्छ। डिपेन्डेन्ट भिसाका लागि आवेदन भर्ने व्यक्तिको बायोमेट्रिक्स डाटा मात्र लिइन्छ। डिपेन्डेन्ट भिसामा जान वैध वैवाहिक सम्बन्ध आवश्यक मानिन्छ।

**गलत बाटो**

अस्ट्रेलिया जाने बाटो असहज हुनुमा डिपेन्डेन्ट भिसा मुख्य कारण बन्यो। कम अध्ययन गरेको बेरोजगार व्यक्तिलाई अस्ट्रेलिया जान चाहन्छस् भने पैसा निकाल् भनेर स्टुडेन्ट भिसामा जान लागेको व्यक्तिको साथमा डिपेन्डेन्ट बनाएर पठाउने ट्रेन्ड मौलाउन थालेकाले अस्ट्रेलियाले भिसा प्रक्रियामा कडाइ गरेको एक परामर्शदाता बताउँछन्। स्टुडेन्ट भिसामा जान चाहने विद्यार्थीको शुल्क पनि डिपेन्डेन्टमा जानेले तिरिदिने तथा परामर्शदाता संस्थाले पनि पर्याप्त कमिसन खान पाउने भएकाले डिपेन्डेन्टको खेती गाउँ-गाउँसम्म विस्तार भएको थियो। डिपेन्डेन्ट भिसाअन्तर्गत सहजै अस्ट्रेलिया जान पाइने भएकाले हाड-नाताका दाजु-बहिनी विवाह गरेर जाने क्रम पनि त्यत्तिकै थियो। पशुपतिनाथको मन्दिर परिसरमा भिसाका लागि विवाह गराइदिने पण्डितहरूको व्यापार पनि त्यत्तिकै फस्टाएको थियो। 'मन्दिर गयो, विवाह गरेको तस्विर खिच्यो र त्यसलाई प्रमाणका रूपमा पेस गर्‍यो,' एक परामर्शदाता नाम उल्लेख नगर्ने सर्तमा भन्छन्- 'दूतावासले यो खेल थाहा पाइसकेको थियो, त्यसैले भिसा प्रक्रिया कडा बन्यो।'

अस्ट्रेलिया जाने बाटो असहज हुनुको दोस्रो कारण प्रोपर्टी भ्यालुएसन पनि हो। 'गाउँघरका डाँडापाखा, खोला-बगर मात्र होइन, हुँदै नभएको स्थानको पनि प्रोपर्टी भ्यालुएसन गरियो,' ती परामर्शदाता भन्छन्- 'ताक परे अस्ट्रेलियन दुतावासकै भ्यालुएसन गर्न लागिसकेको अवस्थामा बैंकिङ कारोबारका लागि नबिल र एसबीआईलाई मात्र लिइयो। अहिले अस्ट्रेलिया दुतावासले नबिल र एसबीआईको बैंकिङ कारोबार मात्र आधिकारिक मान्छ।' त्यस्तै अत्यन्तै तल्लो स्तरको विज्ञापन पनि कडाइ गर्नुपर्ने आधार बन्यो। विद्यार्थीलाई आकर्षण गर्ने नाममा भ्रामक विज्ञापन गरिएको विषयमा दुतावास सचेत थियो। त्यसबाहेक अस्ट्रेलिया पुगेका विद्यार्थीहरूको ठिटलाग्दो बसाइ र त्यहाँको न्यूनस्तरको प्रदर्शनले पनि नेपाली विद्यार्थीप्रति अस्ट्रेलियाले कम चासो दिएको मानिन्छ।

**पैसा कमाइँदैन**

अध्ययनलाई भन्दा पैसा कमाउन विदेश जाने विद्यार्थीको संख्या धेरै छ। शैक्षिक प्रमाणपत्र पनि बन्ने पैसा पनि कमाइने भएकाले विद्यार्थीहरूको विदेश मोह बढ्दो छ। विश्वव्यापी आर्थिक संकटका कारण बेलायतमा पनि राम्रो काम पाउने सम्भावना कमै छ। एक परामर्शदाताका अनुसार नेपाली विद्यार्थीहरूले रेस्टुरेन्ट र होटलमा बाहेक अन्यत्र काम पाउँदैनन्। अस्ट्रेलिया जानेहरूको हकमा पनि यो कुरा लागू हुन्छ।

केश
Before Herbal44 Rs. 750/- → [Soap Free] After
रूपअमृत - Rs.1660/-
Anti Pimple
[Rose Sunscream Free]
आस्था हेल्थ केयर
Tel.: 4498929, 2110057
9841330144 Cell 9845062538 Chitwan

CA
Coaching Class @ Shaping Minds
Sarojina Scholarship Fund
* 100 % Scholarship from an NGO
Shaping Minds group Social welfare
Shaping Minds Group
Education Department
Putalisadak-2222605, 4233478
VISIT us once before U decide Ur STUDY PLAN

स्टार होटलमै तालिम
जापानको लागि
स्पेशल Cooking
कोर्ष साथै Language
नेपालको लागि Job Guarentee
Cook-Indian/Chinese/
Italian/Continental,
साथै Waiter/ Barman
Crystal Training
Tel: 4417438, 2403011 Mob: 9841611373
ट्रेनिङ्ग गर्ने होटल जमलमा

Learn to Speak
English
* 2 & 3 Months Packages
* 1 Month Special & Speaking Course
* Audio & Visual in American & British Tone
* Situational Conversations
Japanese/ Hebrew/ Korean/ Chinese/ French/ Spanish/ German
IELTS/ Visa / Job Interview Pre.
OASIS
Language Centre
Golkopakha, Thamel & Kalimati Chock
4359170 & 2024700

नेपाल शैक्षिक परामर्श व्यवसायी संघ (इ-क्यान) परामर्शदाता संस्थाहरूको छाता संगठन हो। १ सय ९० वटा परामर्श व्यवसायी संस्था सदस्य रहेको यो संस्थाले शैक्षिक परामर्श व्यवसायलाई व्यवस्थित गर्ने काम गर्दै आएको छ। पछिल्लो अवधिमा युके जाने ट्रेन्ड बढिरहेको परिप्रेक्ष्य र इ-क्यानका गतिविधिसँग सम्बन्धित रहेर इक्यानका उपाध्यक्ष तथा डल्फिन इन्स्टिच्युटका प्रमुख प्रेम पाण्डेसँग साप्ताहिकले गरेको कुराकानी :


तस्बिर : नवराज बाग्ले

**वैदेशिक शिक्षाका लागि गन्तव्य राष्ट्र चेन्ज हुँदै जाने लहरलाई कसरी लिनुहुन्छ ?**

यो चलिआएको प्रक्रिया हो। सामान्यतया वैदेशिक शिक्षाका लागि पाँचवटा गन्तव्य राष्ट्रहरू- अमेरिका, अष्ट्रेलिया, बेलायत, क्यानाडा र न्युजिल्याण्ड हुन्। विकसित मुलुक र सहजै रोजगारी पाइने भएकाले यी राष्ट्रमा जाने विद्यार्थीको संख्या उल्लेख्य हुन्छ तर तपाईंले जुन लहरको कुरा गर्नुभयो त्यसको सही जवाफ भने जुन राष्ट्रको भिसा प्रक्रिया सरल हुन्छ, नेपाली परामर्श व्यवसायी र विद्यार्थी त्यसकै पछाडि दौडिरहेका हुन्छन्। केही समयअघिसम्म अष्ट्रेलिया जाने प्रक्रिया सजिलो थियो भने अहिले बेलायत जान सजिलो भएकाले बेलायततर्फ भीड बढी छ। साइप्रस जान पनि सजिलो भएकाले विद्यार्थीहरू त्यता पनि गैरहेका छन्।

**भिसा प्रक्रिया सहज र गाह्रो हुने भनेको के हो ?**

यसअघि बेलायत जान ६ महिनाको बैंक स्टेटमेन्ट, इनकम सोर्स, प्रोपर्टी भ्यालुएसन, स्टुडेन्टको परिवारको आर्थिक अवस्था जस्ता कुरा हेरिन्थ्यो भनें अहिले टायर फोर अन्तर्गत २८ दिनको बैंक स्टेटमेन्ट देखाए पुग्छ। बेलायत जस्तै अरू राष्ट्रले पनि नेपाली विद्यार्थीहरूलाई लक्षित गरेर भिसा प्रक्रिया सरल बनाएका हुन्छन्। भिसा प्रक्रिया गाह्रो हुने राष्ट्रमा पैसा खर्च भएर पनि भिसा नपाउने सम्भावना त्यत्तिकै हुन्छ। त्यसकारण जता सजिलो हुन्छ, विद्यार्थी त्यतै लाग्छन्।

**वैदेशिक शिक्षाको परामर्श दिने संस्थाहरूबीच अस्वस्थ प्रतिस्पर्धा देखिन्छ, यसलाइ इ-क्यानले कसरी हेरेको छ ?**

परामर्शदाता संस्थाहरूको संख्या बढ्दै जादा प्रतिस्पर्धा पनि अस्वस्थ हुँदै गएको पाइन्छ। सरकारीस्तरबाट यो क्षेत्रलाई नियन्त्रणमा राख्ने निर्देशिका जारी नहुनु र अनुगमन गर्ने निकाय नहुनुले यो व्यवसाय नियन्त्रणभन्दा बाहिर पुगेको छ। इ-क्यानका १ सय ९० संस्थालाई भने हामी आफैले अनुगमन गरिरहेका छौं। खासगरी भ्रामक र तल्लो स्तरका विज्ञापनले प्रतिस्पर्धालाइ अस्वस्थ बनाएकाले इ-क्यानले 'कोड अफ कन्डक्ट' बनाएर त्यसअनुरूप सदस्य संस्थाहरूलाई सचेत गराउँदै आएको छ।

**सम्पूर्ण व्यवसायलाई नै नराम्रो पर्ने गरी भैरहेका गतिविधिलाई नियन्त्रण गर्न किन पहल नगर्नुभएको त ?**

अहिले सातामा ४ वटासम्म नयाँ परामर्शदाता संस्था जन्मिरहेका छन्। कसैकसैले व्यक्तिगत पहलमा पनि परामर्शको काम गरिरहेका छन्। अहिले करिब ६ सयवटा संस्थाले परामर्शको काम गर्छन्, त्यसमा करिब २ सय हामीसँग आबद्ध छन् अर्थात् अझै पनि धेरै व्यवसायी आफ्नै ढंगले अघि बढिरहेका छन्। पहिलो कुरा हामीसँग कारबाही गर्ने अधिकार छैन, दोस्रो सरकारले कर असुल्ने बाहेक अन्य कुरामा यो क्षेत्रलाई चासो नै दिएको छैन, निर्देशिकासम्म पनि जारी गरिएको छैन, तेस्रो हामीसँग आबद्ध नरहेका संस्थालाई हामीले त्यसो नगर्न आग्रह मात्र गर्न सक्छौं, हाम्रो कोड अफ कन्डक्टले उनीहरूलाइ छुदैन।

**तपाईंहरूको कोड अफ कन्डक्टमा के छ ?**

हामीले व्यवसायी संस्थाको हकमा संस्थाले पालन गर्नुपर्ने कुरासम्बन्धी पहिलो कोड अफ कन्डक्ट र विज्ञापनमा अपनाउनु पर्ने सजगताका विषयमा दोस्रो कोड अफ कन्डक्ट जारी गरेका छौं। जसअनुसार हामीसँग आबद्ध संस्थालाई ट्र्याकमा हिंडाएर यो व्यावसायलाई मर्यादित बनाउने काम इ-क्यानले गरेको छ। यदि सदस्य संस्थामध्ये कसैले कोड अफ कन्डक्टभन्दा बाहिर गएर काम गरेको छ भने इ-क्यानको विधान अनुसार कारवाही गर्छौं।

**गलत परिपाटीको नियन्त्रणका लागि समाधान के त ?**

समाधानका लागि जतिसक्दो छिटो निर्देशिका जारी हुनुपर्छ। निर्देशिका आइसकेपछि व्यवस्थित ढंगले सही काम गर्ने संस्था रहन्छन् भने गलत काम गर्नेहरू आफै बाहिरिन्छन्। यद्यपि निर्देशिका मात्र मुख्य कुरा होइन, विद्यार्थी र अभिभावक पनि त्यत्तिकै सचेत हुनुपर्छ। विद्यार्थी र अभिभावक सचेत हुनुपर्छ भनेर इ-क्यानले समय-समयमा कार्यक्रम पनि गर्दै आएको छ। इ-क्यानका सदस्य संस्थाबाट मात्र परामर्श लिने, लोभ वा प्रलोभनमा नफस्ने र वैदेशिक शिक्षाको बारेमा जतिसक्दो धेरै संस्थामा गएर बुझ्ने काम गर्नुपर्छ।

**बजारमा जन्मिएका परामर्शदाता संस्था सबैलाइ इ-क्यानले किन समेट्न नसकेको नि ?**

इ-क्यान ननप्रोफिट अर्गनाइजेसन हो। यसले कसैलाई दबाब दिएर सदस्य बनाउन सक्दैन। त्यस्तै सदस्य बनाउने भनेर जुन पायो त्यो संस्थालाई सदस्यता दिन पनि मिल्दैन। क्राइटेरिया पुर्‍याएर आएका संस्थालाई हामीले सदस्यता दिएका छौं।



## शालिग्राम भण्डारी

**द नेक्स्ट**

**अहिले अध्ययनका लागि बेलायत जाने विद्यार्थीहरूको चाप कति छ ?**

बेलायतले टायर फोर नीति ल्याएपछि बेलायत जाने विद्यार्थीको चाप निकै बढेको छ। भिसा प्रोसेसिङसमेत सहज भएकाले त्यतातिर विद्यार्थीहरू आकर्षित भएका हुन्।

**पढ्नका लागि बेलायत कति सहज छ ?**

पढ्ने विद्यार्थीका लागि एकदमै सहज छ। त्यहाँ धेरै राम्रा-राम्रा कलेज-युनिभर्सिटीहरू छन्, तर स्टुडेन्स भिसाको प्रयोग गरी कमाउने मनसयले त्यहाँ जानु उपयुक्त हुँदैन।

**विशेष गरी कुन विषय अध्ययनका लागि विद्यार्थी बेलायत जान सकिन्छ ?**

विषय थुप्रै छन्। विशेष गरी हस्पिटालिटी, बिजनेस एकाउन्टिङ, आईटी, म्यानेजमेन्ट, बिजनेस टुरिज्म अध्ययनका लागि नेपाली विद्यार्थीहरू बेलायत जाने गरेका छन्।

**तपाईंको कन्सल्टेन्सीले बेलायत अध्ययनको तयारी गरिरहेका विद्यार्थीलाई कसरी सहयोग गरिरहेको छ ?**

हामी क्वालिफाइड विद्यार्थीलाई मात्र सहयोग गर्छौं। हामी झूटो आश्वासन दिएर आवश्यक शैक्षिक स्तर नै नपुगेका विद्यार्थीका लागि प्रयास गर्दैनौं। मैले सुनेको छु, कतिपय कन्सल्टेन्सीले आईएल्स नगरेका विद्यार्थीका लागिसमेत प्रयास गरिरहेका छन्। हामी त्यसो गर्दैनौं।

## अशोक कार्की

**नोबेल इन्स्टिच्युट**

**पछिल्लो समय नेपाली विद्यार्थीहरू बेलायततर्फ आकर्षित भैरहेका छन्, किन ?**



हो, भिसा प्रोसेसिङ र प्वाइन्ट बेस सिस्टमका कारण विद्यार्थीहरूका लागि बेलायत आकर्षक गन्तव्य बनेको छ।

**सबै विद्यार्थीले बेलायत अध्ययनको अवसर पाइरहेका छन् त ?**

सबैले पाएका छैनन्। त्यहाँ पुग्ने प्रक्रिया खुकुलो हुँदा पनि

बाँकी पृष्ठ १० मा

GO USA & GERMANY
"Experience World as Au pair"
Requirements:
• Age: 18-26 Years
• Minimum SLC Passed
• Females Only
Benefits:
• Free Study Opportunity
• Free logding and Fooding
• Make new Friends
Save more than $800 per month
For Details, please contact:
Intraworld Choices Pvt. Ltd.
Kalanki, Kathmandu, Nepal.
Phone: 01- 4273835, 2405032
E-mail: aupairg@gmail.com
50% Discount on Language Classes

कक्षा ९ वा TEST/S.L.C. फेल हुनुभयो ?
सिधै कक्षा १० मा भर्ना भई S.L.C. पास गर्नुहोस्।
प्राइभेट SLC मा भर्ना खुल्यो
➢ कक्षा ८ पास गरी पढाइ छाड्नेहरूको लागि समेत
सम्पर्क:
SEA PUBLIC ACADEMY
Galkopakha, Thamel
Ph :- 4351046, 9851093445
जि.शि.का.बाट अनुमति प्राप्त, प्राइभेट जगतमा चिर परिचित नाम

उद्घोषण तालिम
RJ/ VJ/ MC
एस.एल.सी तथा १०+२ परीक्षा दिएर बसेका विद्यार्थीहरूको लागि विशेष छुटसहित उद्घोषण तालिम।
रेडियोकर्मीहरूद्वारा सञ्चालित उद्घोषण तालिम केन्द्र
नयाँ कक्षा धमाधम संचालन भइरहेको छ।
सम्पर्क BIKALPA, THE OPTION
बागबजार, काठमाडौं (श्रेष्ठ टेलरिङको दाहिनेपट्टि)
फोन नं. ०१-४२९०१६८
रु. ७०००/- छुट सहित
विकल्प एफ.एम. TIME मा कार्यक्रम चलाउने १००% ग्यारेण्टी

पृष्ठ ९ बाट जारी

कतिपय विद्यार्थीका कागजात रिजेक्ट भएका छन्।

**के कारणले त्यस्तो भएको होला ?**

कतिपय त्यहीको कलेजबाट यस्तो समस्या आएको हो भने कतिपयले चाहिं मापदण्डअनुरूपको कागजात पेस नगरेकाले त्यसो भएको हो।

**नेपाली विद्यार्थीका लागि बेलायत कति सहज छ ?**

पढ्नैका लागि गएका विद्यार्थीलाई बेलायत राम्रो छ। पढ्नका लागि खर्च त्यति धेरै लाग्दैन, तर बसोबास एकदमै महगो छ। त्यसैले स्टुडेन्ट भिसा प्रयोग गरेर कमाउन जानेहरूका लागि बेलायत सहज छैन।

## राजकुमार गर्तौला

डाइनामिक युनिभर्स



**तुलनात्मक रूपमा अहिले अस्ट्रेलिया र बेलायत जाने विद्यार्थीको संख्यामा कति अन्तर छ ?**

धेरै अन्तर छ। पछिल्ला दुई महिनाको तथ्यांक हेर्ने हो भने बेलायत जाने विद्यार्थीको संख्या ९ सयभन्दा बढी छ। अस्ट्रेलिया जाने विद्यार्थीको संख्या बेलायततर्फ डाइभर्ट भएको छ। यही अवधिमा २ सय विद्यार्थी मात्र अस्ट्रेलिया गएका छन्।

**किन यस्तो भएको हो ?**

अस्ट्रेलियाले विद्यार्थीको कागजातमा कडाइ गर्न थालेको बेला बेलायतले टायर फोर नीति ल्यायो। यसबाट अब्रोड स्टडीका लागि तयारी गरिरहेका विद्यार्थीहरूलाई राम्रो अवसर मिल्यो। बेलायत जाने बाटो सहज भएपछि अस्ट्रेलिया छाडेर विद्यार्थीहरू बेलायततर्फ आकर्षित भएका हुन्।

**बेलायत जाने प्रक्रिया कस्तो छ ?**

बेलायतले प्वाइन्ट बेस सिस्टम ल्याएको छ, जसअन्तर्गत अध्ययनका लागि बेलायत जान ४० प्वाइन्ट आवश्यक हुन्छ। कलेज एवं युनिभर्सिटीले दिएको भिसाबापत ३० प्वाइन्ट र विद्यार्थीको बैंक एकाउन्टबापत १० प्वाइन्ट प्राप्त गरी बेलायत जान सकिन्छ।

**बेलायतको यो नीतिले नेपाली विद्यार्थीमा कस्तो प्रभाव पारेको छ ?**

पछिल्लो समय बेलायतले अवलम्बन गरेको नीति प्रशंसायोग्य छ। अध्ययनका लागि विदेश जाने विद्यार्थीहरूका लागि बेलायतले सहज बाटो दिएको छ।

## अञ्जु क्षेत्री

सीसीएमपीएल



**बेलायत अध्ययनका लागि कस्ता विद्यार्थीले प्रयास गरिरहेका छन् ?**

हाम्रो कन्सल्टेन्सीका आधारमा भन्ने हो भने ब्याचलर एवं मास्टर्स डिग्रीका लागि विद्यार्थीहरू बेलायतको तयारी गरिरहेका छन्।

**बेलायत जानेहरूको चाप कस्तो छ ?**

एकदमै बढेको छ। यो सकारात्मक पक्ष हो। मैले सुनेकी छु, 'नो अब्जेक्सन लेटर' लिन पनि पालो पर्खेर बस्नुपर्ने भएको छ।

**बेलायत जाने तयारी गरिरहेका विद्यार्थीका लागि तपाईंहरूले कस्तो सहयोग गरिरहनुभएको छ ?**


'जे पनि भैहाल्छ' भनेर हामी काम गर्दैनौं। काम गरेपछि त्यसको नतिजा पनि राम्रो आउनुपर्छ भन्ने हाम्रो मान्यता हो। भिसा पाउनु मात्र ठूलो कुरा होइन। त्यहाँ उसले कसरी पढाइ पूरा गर्ने, के-कस्ता आधारहरू तयार गरेर जाने जस्ता कुराको टुंगो लागेपछि मात्र हामी सहयोग गर्छौं।

**के नेपाली विद्यार्थीले त्यहाँ सहज वातावरण पाउन सक्छन् ?**

इन्टरनेसनल स्टुडेन्टका लागि कुनै पनि मुलुक सजिलो छैन। कानुनी रूपमा प्रति हप्ता २० घण्टा काम गरेर त्यसकै कमाइबाट पढ्न, बस्न गाह्रो हुन्छ। जो पढ्न चाहन्छ र त्यहीअनुसार आधारहरू तय गरेको छ भने त्यस्ता विद्यार्थीका लागि सहज हुन्छ। त्यहाँ पढ्ने विद्यार्थीहरूसँग मैले फिड ब्याक लिएकी छु। उनीहरूका अनुसार विद्यार्थी जीवन धेरै गाह्रो छ।

## प्रकाश दाहाल

कोरोना इन्टरनेसनल



**अध्ययनका लागि बेलायत जाने विद्यार्थीहरू बढ्दैछन् नि ?**

यो राम्रो कुरा हो। अस्ट्रेलिया जान कठिनाइ भैरहेका बेला बेलायतले टायर फोर नीति ल्यायो, जसले विद्यार्थीलाई बेलायतमा अध्ययनको बाटो सहज बनाएको छ।

**तर महगो ठाउँ भएकाले विद्यार्थी जीवन कष्टकर हुन्छ भनिन्छ नि ?**

लन्डनभित्रै बस्न मासिक ८ सय पाउन्ड खर्च हुन्छ। तुलनात्मक रूपमा यो महगो हो, तर त्यस अनुपातमा ट्युसन फी त्यति महगो छैन। विद्यार्थीले बेलायत जानुअघि नै एक वर्षको ट्युन फि र बस्ने खर्च जम्मा गर्नुपर्ने हुन्छ। त्यस्तै त्यहाँ वैधानिक रूपमा साताको २० घण्टा काम गर्न पाइन्छ। त्यसैगरी सन् २०१२ को ओलम्पिकको तयारीमा जुटेको बेलायतलाई थुप्रै म्यानपावरको आवश्यकता छ, जहाँ रोजगारी पाइन सक्छ।

**त्यसो भए विद्यार्थीका लागि बेलायत सहज छ ?**

राम्रो आधार बनाएर गएका विद्यार्थीका लागि असहज छैन।

**बेलायत जाने विद्यार्थीका लागि तपाईंको कन्सल्टेन्सीले कसरी सहयोग गरिरहेको छ ?**

विद्यार्थी आफैंले पनि बेलायतमा अध्ययनका लागि प्रयास गर्न सक्छन्, तर त्यसो गर्दा धेरै जोखिम हुन सक्छ। कलेज वा युनिभर्सिटी छनौटदेखि फी दिनेसम्मको प्रक्रिया निकै गाह्रो हुन्छ। त्यस्तो अप्ठ्यारो भए इ-क्यानको सदस्य कन्सल्टेन्सीमार्फत प्रोसेसिङ गर्दा राम्रो हुन्छ।

## उमेश पाण्डे

मोटिभ एजुकेसन कन्सल्टेन्सी



**पछिल्लो समय बेलायतले किन विद्यार्थी आकर्षित गर्ने नीति अवलम्बन गरेको होला ?**

हाल बेलायतले अवलम्बन गरेको नीतिले सकभर पढ्ने विद्यार्थीहरूलाई आकर्षित गरिरहेको छ। पढ्ने खालको विद्यार्थी आओस् भनेर नै उसले टायर फोर नीति ल्याएको हो। यसले त्यहाँका राम्रा एवं स्तरीय कलेज, युनिभर्सिटीहरूलाई बढावा दिएको छ भने स्तरहीन कलेज, युनिभर्सिटीलाई निरुत्साहित गरेको छ। यो स्वागतयोग्य नीति हो।

**बेलायत जानेको चाप बढ्दै जाँदा नक्कली कागजातको प्रयोग हुन सक्ने सम्भावना कति छ ?**

परामर्श दिने एवं बेलायत अध्ययनका लागि सहयोग गरिदिने कन्सल्टेन्सीले विद्यार्थीमाझ भ्रमको खेती गर्नु हुँदैन। कन्सल्टेन्सीले नैतिकतामा रहेर आफ्नो भूमिका निर्वाह गर्नुपर्छ। त्यस्तै, जो विद्यार्थी पढ्न जाने हो ऊ स्वयंले पनि गलत बाटो अपनाउनुभएन।

**विद्यार्थी स्वयंले गलत तरिका अपनाउन सक्छन् नि ?**

दूरदृष्टि राखेर पढ्न जानेले मात्र आफ्नो क्यारियर निर्माण गर्न सक्छन्। यसका लागि विद्यार्थीले अर्काको कुरा सुनेर बहकिनु राम्रो होइन। प्रथमतः आफूमा दक्षता छ-छैन भनेर स्वयंले आत्ममूल्यांकन गर्नुपर्छ।

**अदक्ष विद्यार्थीहरू पनि बेलायतको तयारीमा जुटेका छन् ?**

बेलायत अध्ययनका लागि प्वाइन्ट बेस सिस्टम छ। उसले आईलटीएस मागेको छैन। यस्तो अवस्थामा आईलटीएस नै नगरेको एवं अंग्रेजी भाषामा दक्ष नभएका विद्यार्थीहरू पनि बेलायतको तयारीमा जुटेका छन्, तर उनीहरूले यो बुझ्नु आवश्यक छ कि बेलायतमा अंग्रेजी भाषामा दक्ष नभै हुँदैन। अंग्रेजी नजानी गएकाले त्यहाँ गएर अंग्रेजी कोर्स गर्नुपर्छ जुन तुलनात्मक रूपमा धेरै महगो हुन्छ।

## एस के श्रेष्ठ

प्रोफेसनल एजुकेशन कन्सल्टेन्सि



**अस्ट्रेलिया र बेलायतबीचको अध्ययनमा कति फरक छ ?**

खासै भिन्नता छैन। दुवैमा राम्रा एवं उत्कृष्ट कलेज युनिभर्सिटीहरु छन्। नराम्रा पनि त्यतिकै छन्। यद्यपी ग्लोबल मार्केटमा हेर्ने हो भने बेलायतको शैक्षिक प्रणाली अलि राम्रो हो।

**नेपाली विद्यार्थीको रोजाइमा कस्ता कलेज, युनिभर्सिटी पर्ने गरेका छन् ?**

अधिकांश विद्यार्थी कलेजमा भर्ना हुने गरेका छन्। कलेजमा भोकेशनल एवं प्रोफेसनल प्रोग्राम हुन्छ। युनिभर्सिटीको चाहि एकाडेमिक प्रोग्राम हो। तुलनात्मक रुपमा भोकेशनल भन्दा एकाडेमिक प्रोग्राम राम्रो हो। भोकेशनल प्रोग्रामहरु त्यहीको आवश्यक्तालाई हेरेर तयार गरिएको हुने हुदाँ एकाडेमिक प्रोग्राम जतिको त्यो राम्रो होइन।

**पछिल्लो समय बेलायत जाने विद्यार्थीको चाप बढ्दै गएको छ, यसलाई कसरी मूल्यांकन गर्नुहुन्छ ?**

यो सकारात्मक कुरा हो। यसले अब्रोड स्टडीको तयारी गरिरहेका विद्यार्थीका लागि राम्रो अवसर दिएको छ।

**उनीहरुलाई के सल्लाह दिनुहुन्छ ?**

अरुको वहकाउमा लागेर होइन, आफ्नो चाहाना, क्षमता र योग्यतालाई मूल्यांकन गरेर अध्ययनको लागि निर्णय गर्नु राम्रो हो।

## गोपाल भण्डारी

क्याम्ब्रिज इन्स्टिच्युट

**अध्ययन गर्न जाने नेपालीका लागि बेलायत कस्तो गन्तव्य हो ?**

यो अमेरिकापछि विश्वकै दोस्रो उत्कृष्ट गन्तव्य हो। त्यसैगरी पढ्न जाने विद्यार्थीले वैधानिक रूपमै रोजगारी गर्न सक्ने व्यवस्था छ। पछिल्लो नीतिअनुसार दुई वर्ष पढिसकेपछि थप दुई वर्ष त्यही बसेर काम गर्न पाइने व्यवस्थासमेत छ।

**अहिले त बेलायत जान निकै सहज भएको छ नि ?**

अध्ययन गर्ने विद्यार्थीका लागि उसले खुकुलो नीति अवलम्बन गरेको छ। यो नीतिअनुसार



अध्ययनमा अब्बल विद्यार्थीहरूले बेलायतका उत्कृष्टकलेज/युनिभर्सिटीबाट आफ्नो अध्ययन पूरा गर्न सक्नेछन्।

**कस्ता विद्यार्थीले बेलायत अध्ययनका लागि तयारी गर्न सक्छन् ?**

प्वाइन्ट बेस सिस्टमअन्तर्गत ४० प्वाइन्ट हासिल गरेपछि त्यहाँ जान सकिन्छ। शैक्षिक दस्तावेजलाई आधार बनाएर त्यहाँको कलेज/युनिभर्सिटीले विद्यार्थीलाई पठाएको अफर लेटरमार्फत ३० प्वाइन्ट र त्यहाँ पढ्न र बस्नका लागि चाहिने रकम बराबरको विद्यार्थीको नाममा रहेको बैंक एकाउन्टमार्फत १० प्वाइन्ट पाइन्छ। यो मापदण्ड पूरा भएपछि अध्ययनका लागि बेलायत जान सकिन्छ।

**बेलायत जान आइएलटीएस अनिवार्य छैन भन्छन् नि ?**

आइएलटीएस अनिवार्य त छैन, तर त्यहाँ अंग्रेजी भाषा नजानी हुँदैन। अंग्रेजी भाषामा दक्ष विद्यार्थीलाई आइएलटीएस आवश्यक हुँदैन, तर अंग्रेजी नजानी बेलायत जानेले त्यहाँ गएर अंग्रेजी भाषासम्बन्धी कोर्स पूरा गर्नुपर्छ।

# किन असहज अस्ट्रेलिया ?

**शिव मुखिया**

अध्ययनका लागि अस्ट्रेलिया जाने तयारीमा जुटेका प्रद्युम्नको सपना त्यतिबेला चकनाचुर भयो जब अस्ट्रेलियन हाई कमिसनले उनको कागजात झूटो भएको ठहर गरी रिजेक्ट गरिदिए। आफ्नै दिदी कार्यरत कन्सल्टेन्सीमार्फत अस्ट्रेलिया अध्ययनको तयारी गरिरहेका प्रद्युम्नले पेस गरेको सम्पूर्ण कागजात सही भएकोमा ढुक्क थिए, तर अन्तिम समयमा इनकम स्टेटमेन्टमाथि प्रश्न उठाएर हाई कमिस्नरले उनको कागजात रिजेक्ट गरिदिए।

पछि थाहा भयो, प्रद्युम्नको इन्कम स्टेटमेन्ट महानगरपालिकामा दर्ता भएको रहेनछ। कागजात बनाउने जिम्मा लिएकी एक युवतीले इनकम स्टेटमेन्टको फर्म दर्ता नगरी पेस गरेकाले यस्तो नियति भोग्नुपरेको पीडितको गुनासो छ। '२०-३० हजार रुपैयाँ कमाउने लोभमा फसेर ती युवतीले फर्म दर्ता नै नगरी हामीलाई झुक्याइन्,' नाम बताउन नचाहने पीडितकी दिदीले सुनाइन्- 'जसले गर्दा भाइको कागजात रिजेक्ट भएर आयो।' यो घटना भएको तीन महिना बितेको छैन। आफ्नै दिदी कार्यरत कन्सल्टेन्सीमा अस्थायी एजेन्टका रूपमा काम गर्न आएकी ती युवतीले अस्ट्रेलिया अध्ययनका लागि जुटेका युवालाई मात्र डुबाइनन्, कन्सल्टेन्सीलाई समेत थाङनामा सुताइन्।

अध्ययनका लागि अस्ट्रेलिया जाने तयारीमा जुटेका विद्यार्थीको कागजात नक्कली भएको यो एक मात्र घटना होइन। यस्ता थुप्रै घटना छन्, जसले पछिल्लो समय विद्यार्थीका लागि अस्ट्रेलिया अध्ययनको बाटो असहज बन्दै गएको छ। खासगरी अस्ट्रेलियन हाई कमिसनले नेपाली विद्यार्थीले पेस गर्ने कागजातमाथि कडा नजर राख्न थालेपछि यस्तो अवस्था आएको हो।

विगत तीन वर्षदेखि सर्वाधिक विद्यार्थीको गन्तव्य बन्दै आएको अस्ट्रेलिया अध्ययनको बाटो पछिल्लो समय साँघुरिँदै गएको छ। विद्यार्थीको कागजातमाथि कडा निगरानी राख्नेदेखि सीमित बैंकबाट मात्र आर्थिक दस्तावेज बनाउन पाइने नीतिले अस्ट्रेलिया अध्ययनको बाटो साँघुरिएको हो। अहिले नबिल र एसबीआई बैंकले मात्र आर्थिक दस्तावेज बनाउने आधिकारिक मान्यता पाएका छन्, जसले गर्दा बैंक नभएका क्षेत्रका विद्यार्थीका लागि चाहेर पनि अस्ट्रेलिया अध्ययन गर्ने मेलो टुटेको छ। यसअघि नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको स्तर प्राप्त १७ वटा बैंकले अस्ट्रेलिया जान चाहने विद्यार्थीका लागि आर्थिक दस्तावेज बनाउँदै आएका थिए।

पढ्न चाहने विद्यार्थीको पति वा पत्नीले समेत डिपेन्डेट भिसामा अस्ट्रेलिया जान पाउने भएपछि नेपाली विद्यार्थीका लागि अस्ट्रेलिया पहिलो रोजाइ बन्दै आएको थियो। अस्ट्रेलिया जानेको संख्या वृद्धिसँगै नक्कली कागजातको प्रयोग बढ्न थालेपछि केही महिनायता अस्ट्रेलिया जान चाहने विद्यार्थीहरूमाथि कडाइ गर्न थालिएको हो। त्यसैगरी डिपेन्डेट भिसाको दुरुपयोग गरी नक्कली विवाह गरेर अस्ट्रेलिया जाने क्रम बढेपछि अस्ट्रेलियन अधिकारीहरू नेपाली विद्यार्थीप्रति आशंकित बनेका हुन्। विद्यार्थीले पेस गर्ने धन, सम्बन्ध र योग्यताका झूटा दस्तावेजलाई रोक्न कडाइ गर्न थालिएको हो।

अस्ट्रेलिया अध्ययन गर्न चाहने विद्यार्थीका लागि दुई बैंकबाट मात्र आर्थिक दस्तावेज पाउने एवं पेस गरिएको कागजातमा कडा निगरानी राख्न थालेपछि अस्ट्रेलिया जाने विद्यार्थीको संख्या निकै पातलिएको छ। शिक्षा मन्त्रालयका अनुसार जेठको अन्त्यसम्ममा बेलायत जान नो अब्जेक्सन लेटर बनाउनेको संख्या १ हजार ५ सय नाघे पनि अस्ट्रेलियाका लागि करिब २ सय ५० ले मात्र त्यस्तो पत्र लिएका थिए।



**म २८ वर्षीया अविवाहित महिला हुँ। विगत नौ वर्षदेखि एक ३८ वर्षीय विवाहित पुरुषसँगको प्रेममा परेकी छु। उहाँको १५ वर्षको छोरा छ। व्यवसायी भएकाले उहाँलाई नपुग केही छैन, तर मेरो आर्थिक अवस्था कमजोर भएकाले उहाँले मेरो सबै आवश्यकता पूरा गरिरहनुभएको छ। विगत छ वर्षदेखि म र मेरो परिवार उहाँले खरिद गरिदिनुभएको दुईतले घरमा बसिरहेका छौं। घर उहाँकै नाममा छ। मेरो परिवारमा उहाँलाई मेरो श्रीमान् भनेर चिनिन्छ। हाम्रो सम्बन्ध पनि श्रीमान्–श्रीमतीकै रूपमा चलिरहेको छ। आजका मितिसम्म म उहाँकै भरमा बसिरहेकी छु। जब उहाँकी श्रीमतीले हाम्रो सम्बन्धका बारेमा थाहा पाइन्, उनले विष सेवन गर्न खोजिछन्। त्यसपछि उहाँ आफ्नी श्रीमतीलाई छाड्न नसक्ने बताउनुहुन्छ। त्यो घटनापछि उहाँ मेरो घरपरिवारमा त्यति देखा परिरहनुभएको छैन। मसँग भेट भैरहे पनि पहिलेजस्तो हामी सँगै देखा पर्दैनौं। मैले जीवनमा प्रेमको पहिलो अनुभव तिमीबाट पाएँ भन्दै यो प्रेमलाई पनि छाड्न नसक्ने कुरा उहाँ गर्नुहुन्छ। मैले सन्तानको कुरा गर्दा दुई–तीन वर्षपछि पाउने भन्नुहुन्छ। उहाँको नाममा मेरा लागि जिउने आधार प्रेम मात्र भयो, अरू कुनै ठोस आधार छैन। सुरुमा आकर्षण भएर पछि माया बसेको पत्तै भएन। अञ्जानमा बसेको प्रेममा निर्णय लिन मलाई तपाईंको सुझावको आवश्यकता परेको छ। समाजबाट अपरिचित भएर बसेको यो सम्बन्ध मेरा लागि कति उपयुक्त होला ? यस प्रकारको सम्बन्धले मेरो जिउने बाटो बन्छ ? यसमा मेरो भविष्य कत्तिको सुनिश्चित छ ?**

**–नाम खुलाउन नचाहने**

मानिसले जीवनमा धेरै चुनौतीहरूको सामना गर्नुपर्ने हुन्छ। तपाईंको सम्बन्धमा पनि केही प्रेम त होला, तर बाध्यता बढी छ। विशेष गरी यो सम्बन्ध कायम राख्न तपाईं बाध्य हुनुहुन्छ। म तपाईंका तीन प्रश्नको जवाफ दिन्छु, जसमा मेरा सल्लाह पनि छन्। पहिलो कुरा त उनले गल्ती गरे। घरमा वैधानिक श्रीमती र बच्चा भएर पनि उनले तपाईंलाई अवैधानिक श्रीमतीको दर्जा दिए। हो, उनले तपाईंका सबै आवश्यकता पूरा गरिरहेका छन्, तर कहिलेसम्म गर्लान् ? यो कुराले तपाईंलाई सताउँदो होला। नौ वर्षदेखिको यो सम्बन्ध बुढेसकालसम्म रहला ? अथवा तपाईंको यौवन रहेसम्म मात्र उनी तपाईंप्रति आकर्षित हुन सक्छन्। त्यसैले मेरो सल्लाह छ, तपाई स्वावलम्बी बन्नुहोस्। तपाईं पक्कै पनि पढेलेखेकी हुनुहुन्छ। यो पत्र तपाईंले नै लेखेको हो भने तपाईंको अक्षर र शैलीले तपाईं शिक्षित हुनुहुन्छ भन्ने दर्सिन्छ। तपाईं कुनै काम गरेर वा जागिर खाएर आफ्नो बाँच्ने आधार तयार पार्नुहोस्। निरन्तर आर्थिक आर्जन हुने काममा लाग्नुहोस्। त्यसपछि यदि भविष्यमा उनले धोका दिए भने पनि तपाईं निर्धक्क जिउन सक्नुहुन्छ र भविष्य अभावमा बित्दैन।

## ● लभगुरु ●

पाठकहरूको प्रेम जिज्ञासा एवं समस्या समाधान गर्ने उद्देश्यले हामीले यो स्तम्भ सुरु गरेका हौं। आफ्ना प्रेमसम्बन्धी विभिन्न समस्या हामीलाई लेखिपठाउनुहोस्। ती समस्याको समाधान विभिन्न विशेषज्ञको राय–सल्लाहअनुरूप नायिका रेखा थापाले खोज्ने प्रयास गर्नुहुनेछ। यो स्तम्भका लागि कुनै शुल्क लाग्नेछैन। आफ्नो समस्या साप्ताहिकको ठेगानामा पठाउनुहोला।

## ● फिल्मी खबर ●

### वीरताको चिनो

• निर्देशक शंकर घिमिरेद्वारा निर्देशित चलचित्र 'विष' सार्वजनिक हुने क्रममा रहेको बेला घिमिरेकै निर्देशनमा अर्को चलचित्र 'वीरताको चिनो'को निर्माण हुने भएको छ। हालै शुभ मुहूर्त गरी निर्माण प्रारम्भ गरिएको उक्त चलचित्रमा विराज भट्ट, सुमन सिंह, कल्याण घिमिरे, ऋचा घिमिरे, रञ्जना शर्मा, रेजिना उप्रेती, सोभिता सिम्खडा, हेमन्त बुढाथोकी, रामकृष्ण बजगाईं, विष्णु सापकोटा, ध्रुव दत्त आदि कलाकारले अभिनय गर्दैछन्। श्याम सुवेदी र श्याम कार्कीले निर्माण गरेको उक्त चलचित्रमा सुरेश अधिकारीको संगीत, गोविन्द राईको नृत्य, रत्न ढकाल मुन्नाको छायांकन तथा सानु कुमारको द्वन्द्व रहनेछ।

### सफ्ट इमेजको सेवा थप

• चलचित्र निर्माणको क्रम बढ्न थालेपछि छायांकनपछिका प्राविधिक कार्य गर्ने नयाँ कम्पनीहरूको सञ्चालनमा आउन थालेका छन्। यसैक्रममा विगतमा प्राइम ब्रोडकास्टिङका वरिष्ठ प्राविधिक सुशील श्रेष्ठले काठमाडौंको बिजुलीबजारमा चलचित्रका सम्पूर्ण प्राविधिक कार्य एकै स्थानमा गराउने परिकल्पनामा 'सफ्ट इमेज'को सञ्चालन थालेका छन्। पहिले साधारण रेकर्डिङ स्टुडियोका रूपमा सञ्चालित उक्त चलचित्र प्राविधिक संस्थामा सेवा थपिएपछि हाल गीत रेकर्डिङलगायत सम्पादन, ब्याकग्राउन्ड संगीत, डविङ, फाइभ प्वाइन्ट वान सराउन्ड साउन्ड मिक्सिङ, पोस्टर तथा प्रचार सामग्री डिजाइनजस्ता सेवा थपिएका छन्।

### रेखाको अर्को चलचित्र

• नायिका रेखा थापाले काठमाडौंमा तीन वर्ष पुरानो चलचित्र 'हिम्मत' सफलतापूर्वक प्रदर्शन गरिसकिन्। उनको अर्को चलचित्र 'हिफाजत'को प्राविधिक कार्य सकिन लागेको छ। यसबीच रेखाले यही जेठ महिनाको पहिलो सातादेखि अर्को चलचित्रको छायांकन आरम्भ गरेकी छिन्। मुख्य सहायक निर्देशक भएर विगत एक दशकदेखि नेपाली



चलचित्रहरूमा कार्यरत शब्बिर श्रेष्ठ उनको नयाँ चलचित्र 'कसले चोऱ्यो मेरो मन'का निर्देशक हुन्। चलचित्रमा नायिका रेखासँग आर्यन सिग्देलको जोडी रहनेछ।


### अब निगरानी

• चलचित्र 'जय शिव शंकर'ले व्यावसायिक सफलता पाएपछि निर्माता सुशील पोखरेल उक्त चलचित्रका निर्देशक राजेन्द्र उप्रेतीलाई फेरि एकपटक दोहोऱ्याउँदै छन्। यही जेठ महिनाको तेस्रो साता पोखरेलको निर्माणमा छायांकन आरम्भ गरिने भनिएको चलचित्र 'निगरानी'मा उनले उप्रेतीलाई निर्देशक लिएका छन्। उप्रेती वर्ष ०६५का सर्वाधिक सफल चलचित्र निर्देशन गर्ने निर्देशक हुन्। 'जय शिव शंकर'का अतिरिक्त उनले निर्देशन गरेका दुई चलचित्र 'सिलसिला' र 'गिरफ्तार' वर्षकै सर्वाधिक सफल चलचित्र मानिएका छन्। पोखरेलको 'निगरानी'मा विराज भट्ट, अरुणिमा लम्साल, मुकेश ढकाल तथा जेनिषा केसीको मुख्य भूमिका रहनेछ भने यसका संगीतकार वसन्त सापकोटा र लेखक विकास आचार्य हुन्।




## जानकी होइन जिया

चलचित्र क्षेत्रमा प्रवेश गरेपछि आफ्नो नाम परिवर्तन गर्ने ट्रेन्ड नयाँ होइन । नेपाली चलचित्रमा धेरैले आफ्नो नाम परिवर्तन गरिसकेका छन् । पछिल्लो समयमा झापा, चारपानेकी जानकी केसीले चलचित्र क्षेत्र प्रवेशलगत्तै आफ्नो नाम परिवर्तन गरेकी छिन् । उनी अहिले जिया केसीको नामले चलचित्रमा अभिनय गर्न थालेकी छिन् । निर्देशक दीपक श्रेष्ठले उनका आकर्षक तस्बिर देखेपछि चलचित्र 'हो यही हो माया' मा नायिकाका रूपमा अनुबन्ध गरे । चलचित्रमा नायिकाको भूमिका पक्का भएपछि उनले वसन्त श्रेष्ठसँग नृत्य प्रशिक्षण लिन थालेकी छिन् । पछिल्लो समयमा नृत्य प्रशिक्षणमै व्यस्त जियाले आफूलाई पर्फेक्ट नायिकाका रूपमा रजतपटमा उतार्ने योजना बनाएकी छिन् । निर्देशक श्रेष्ठले नै नाम परिवर्तन गरिदिएपछि उत्साहित बनेकी जियाले आफ्नो योजना सुनाउँदै भनिन्– 'नेपाली चलचित्रमै आफ्नो क्यारियर बनाउँछु ।' स्मरण रहोस्, यसअघि झापाकै यमुना उप्रेतीको नाम परिवर्तन गरेर निर्देशक श्रेष्ठले युना राखिदिएका थिए ।



## हिरोइनभन्दा त मोडल ठीक



चलचित्र हेरेर हलबाट निस्किएपछि प्रायः दर्शकको कुराकानीको विषय हुन्छ भर्खरै हेरेको चलचित्र । हलबाट निस्कँदा-निस्कँदै टिप्पणी गरिहाल्छन्- यो चलचित्रमा यो राम्रो, यो नराम्रो । चलचित्र 'मिसन पैसा' हेरेर हलबाट निस्किएका दर्शकले चलचित्रको विषयमा त्यति धेरै टिप्पणी गरेनन् । धेरैको बीचमा स्थान पायो अभिनेत्रीको प्रसंगले ।

सामाखुसीबाट आएकी गृहिणीले टिप्पणी गरिन्- हिरोइनभन्दा त मोडल ठीक । प्रायः नेपाली चलचित्र हेर्ने ती दर्शकले मिसन पैसाकी अभिनेत्री निशा अधिकारी र आयुषा बस्नेतको प्रशस्त प्रशंसा गरिन् । 'चलेका हिरोइनले भद्दा अभिनय गर्थे तर नयाँ केटीहरूले राम्रो गरेका छन्'- उनले भनिन् ।

उनकै प्रसंगमा सहमति जनाए अर्का दर्शक राजेश गुरुङले । उनलाई निखिलको स्टन्ट साह्रै मन परेछ । मोडलले साँच्चै राम्रो काम गरेकाले दर्शकले प्रशंसा गरेका हुन् वा अरू हिरोइनले गतिलो अभिनय नगरेकाले भन्ने विषयमा भने दर्शकले मत जाहेर गरेनन् । जे होस् निशा र आयुषालाई मान्नैपर्छ दर्शकले राम्रै मूल्याङ्कन गरे ।




## डेब्यु कसले गर्ने ?

उमेर : २० पूरा भै २५ नकाटेको, वर्ण : गहुँगोरो, उचाइ : ६ फिट । यो मानिस हराएको सूचना भने पटक्कै होइन । बरु मानिस पाएको सूचनाजस्तो चाहिं मान्न सक्नुहुन्छ । शाहरुख खान, आमिर खान, सैफअली खान, सलमान खान जस्ता खानहरुको खानी नै छ बलिउडमा । विडम्बना, बलिउडबाट प्रभावित कलिउडमा भने एउटा पनि खान थरका नायकको 'डेब्यु' भएको छैन, तर उल्लेखित कदकाठीका एक युवक कलिउडमा फेला परेका छन् । उनको नाम हो, हसन खान । हसन झट्ट हेर्दा कलिउडका निखिल र विराजभन्दा कम देखिँदैनन् । सधैंजसो नयाँ नायकको खोजीमा रहने निर्माता निर्देशकहरूका लागि हसन एउटा गतिलो खोजी हुन सक्छन् । पहिलो त बलिउडमा छाएको खान थर भएका, अर्को लायकका हसनलाई बरु कसले 'डेब्यु' गर्ने हो ? पर्खाइको विषय बन्न सक्छ ।



## निरुताको खोजी

अहिले नायिका निरुता सिंहको खोजी गर्न थालिएको छ । कुनै बेला अधिकांश नेपाली चलचित्रमा निरुतालाई मुख्य भूमिकामा प्रस्तुत गरिन्थ्यो । यतिबेला एक दर्जनभन्दा बढी चलचित्रको छायांकन भैरहेको छ, तर कुनै पनि चलचित्रमा निरुता छैनन् । अधिकांशको अनुमान निरुता बलिउड प्रवेश गरिन् भन्ने छ । एकथरीको अनुमान भने केही पृथक् छ । उनीहरूका अनुसार उनी अहिले आफ्नै जन्मथलो सिक्किममा छिन् । अर्कातिर निरुतालाई नेपाली चलचित्र क्षेत्रमा ल्याउने निर्देशक तुलसी घिमिरे पनि निरुताको स्थितिबाट अनभिज्ञ छन् । पछिल्लो पटक घिमिरेकै चलचित्र 'देश' मा अभिनय गरेकी निरुतालाई त्यसपछि थुप्रै चलचित्रबाट प्रस्ताव आएका थिए, तर उनले नायिकालाई दिइने पारिश्रमिकप्रति असन्तुष्टि व्यक्त गर्दै आएकी थिइन् । 'कम पारिश्रमिकमा काम गर्नुभन्दा नगर्नु नै जाती' भन्ने निरुता चलचित्र क्षेत्रबाटै पलायन भएको निष्कर्ष पनि निकाल्न थालिएको छ ।






## प्रेरणा मन पर्‍यो

हिन्दी सिरियल 'कसौटी जिन्दगीकी' मा अभिनय गरेर नेपाली गृहिणीको मनमा बास गरेकी अभिनेत्री श्वेता तिवारी (प्रेरणा) ले हलमा गएर चलचित्र हेर्ने दर्शकलाई पनि सन्तुष्ट बनाएकी छिन् । भोजपुरी र नेपाली दुई भाषामा बनेको त्रिनेत्र काठमाडौंमा प्रदर्शन भैरहेको छ । 'चलचित्र कस्तो लाग्यो ?' आमनिर्माताले हलबाट निस्किएका दर्शकसँग सोध्छन् त्रिनेत्र युनिटले पनि त्यही गर्‍यो । हलबाट निस्किएका दर्शकको आवाज थियो- प्रेरणाको अभिनय मन पर्‍यो । आखिर के छ प्रेरणामा जुन गुण नेपालका अरू नायिकामा भेटिंदैन ? यस विषयमा भने दर्शकले खासै टिप्पणी गरेनन् ।

नेपाली दर्शकले मन पराएको कुरा त्रिनेत्र युनिटले उनको कानमा पुर्‍याइसकेको छ । सहायक निर्देशक सानु शाक्यले दिएको जानकारी अनुसार गत शुक्रबार नै प्रेरणालाई फोनमार्फत् दर्शकले मन पराएको जानकारी दिएका थिए र त्यो सुनेर श्वेता निकै उत्साहित भएकी थिइन् । अरू चलचित्रमा पनि नेपाली दर्शकले श्वेतालाई देख्न पाउलान् ? सहायक निर्देशक सानु यस विषयमा कुरा भैरहेको बताउँछन् ।





● चलचित्र ●



## क्यारेङ ग्याङ-२

भिडियो प्रविधिमा निर्माण गरिएको चलचित्र 'क्यारेङ ग्याङ' लाई दर्शकले रुचाएपछि यसका निर्माताले सिक्वेल चलचित्रका रूपमा 'क्यारेङ ग्याङ-२' तयार पारेका छन् । यो चलचित्रको सार्वजनिक प्रदर्शन आज शुक्रबारदेखि राजधानीबाहिरका केही स्थानबाट गरिँदैछ । यो चलचित्रको निर्देशन उदय सुब्बाले गरेका हुन् । यसअघिको पहिलो भागको निर्देशन पनि सुब्बाले नै गरेका थिए । मार्सल आर्ट र एक्सनका दृश्यहरूको बाहुल्यता रहेको यो चलचित्रमा नौ वर्षीय एक बालकलाकारलाई मुख्य पात्रका रुपमा प्रस्तुत गरिएको छ । बालकलाकार अज्जु लामाले चलचित्रका अर्का नायक निखिल उप्रेतीसरह स्टन्ट र द्वन्द्व दृश्यमा अभिनय गरेका छन् । यही विषय नै चलचित्रको मुख्य आकर्षक पक्षका रूपमा रहेको छ । चलचित्रमा उनी खलनायकका रूपमा प्रस्तुत भएका छन् । चलचित्रमा झरना थापा, अरुणिमा लम्साल, सुमन लामा, रामचन्द्र अधिकारी आदि कलाकारले पनि अभिनय गरेका छन् ।

## द ह्याङओभर



हलिउडमा आज शुक्रबार प्रदर्शन हुने चलचित्र 'द ह्याङओभर' कमेडी चलचित्र हो । यो चलचित्र चार जना जूड्याहाको कथामा आधारित छ । १ घण्टा ३९ मिनेट लामो यो चलचित्रको निर्माण वार्नर ब्रदर्सले गरेको हो । वार्नरले नै यसलाई विश्वव्यापी रूपमा प्रदर्शन गर्न लागेको हो । अमेरिकाका लस एन्जलस तथा लास भेगासमा छायांकन गरिएको यो चलचित्रमा एउटा ब्याचलर पार्टीको प्रसंग समेटिएको छ । अविवाहित पुरुषहरूले आयोजना गर्ने एउटा ब्याचलर पार्टीमा भएको रमाइलो घटनाक्रमले चलचित्रलाई हास्यप्रधान बनाएको छ । दुई दिनपछिको विवाहको तयारी गर्ने क्रममा चलचित्रका मुख्य नायक आफ्ना तीन जना साथीसँग लस भेगास जान्छन् । लस भेगासमा आयोजित ब्याचलर पार्टीमा सहभागि हुन उनीहरू त्यहाँ पुगेका हुन्छन् ।

उनीहरूले पार्टीमा यति रमाइलो गर्छन्, जुन उनीहरूको जीवनकै अविस्मरणीय घटना बन्न पुग्छ । पार्टीपछि सुतेका उनीहरू बिहान उठ्दा कुनै पनि कुरा सम्झन नसक्ने अवस्थामा हुन्छन् । विवाह गर्ने दुलाहा पनि गायब हुन्छन् । वैवाहिक समारोहका लागि चार घण्टा बाँकी रहँदासमेत दुलाहा फेला नपरेपछि उनीहरू निराश हुन्छन् । चलचित्रको क्लाइमेक्स ती दुलाहा फेला पर्छन् कि पर्दैनन् भन्ने कुरामा केन्द्रित छ । ब्राड्लि कूपर, एड हेल्म्स, ज्याक गालिफिनाकिस, हेदर ग्राहम, जस्टिन बार्था आदि कलाकारले मुख्य भूमिका निर्वाह गरेको यो चलचित्रको निर्देशन टोड फिलिप्सले गरेका हुन् ।

## कमिने

बलिउडमा आज शुक्रबार सार्वजनिक हुने चलचित्र 'कमिने' मा चकलेटी नायक शाहिद कपुर भिन्न स्वरूपमा देखिँदैछन् । सिक्स प्याक शरीर बनाउने होडमा शाहिद पनि सहभागी भएका छन् । संगीतकार विशाल भारद्वजद्वारा निर्देशन गरिएको यो चलचित्रका लागि शाहिदले करिब एक वर्षसम्म कठोर शारीरिक व्यायाम गरेको बताइन्छ । चलचित्रमा उनी दोहोरो भूमिकामा छन् । कमिनेमा उनले जुम्ल्याहा दाजु-भाइको भूमिका निर्वाह गरेका छन् । यो चलचित्रमा शाहिदका अतिरिक्त प्रियंका चोपडा तथा अमोल गुप्तेले मुख्य भूमिका निर्वाह गरेका छन् । युटिभी मोसन पिक्चर्सले निर्माण गरेको यो चलचित्र एक्सनप्रधान छ ।

प्रारम्भदेखि अन्त्यसम्म नै एक्सनका आकर्षक दृश्य समावेश गरिएको यो चलचित्रले दर्शकलाई आकर्षित गर्ने कुरामा निर्देशक भारद्वाज ढुक्क छन् । निर्देशक भारद्वजले नै यो चलचित्रमा संगीत दिएका छन् । बलिउडमा यसअघि पनि एउटै नायकलाई दोहोरो भूमिकामा प्रस्तुत गरेर थुप्रै चलचित्र निर्माण भैसकेका छन् । 'कमिने' मा दुई भिन्न चरित्र तथा स्वभावका दाजु-भाइको कथालाई समेटिएको छ । कर्णप्रिय गीत-संगीतका कारण चलचित्रले संगीत पारखीको मन जित्न सक्छ । बलिउडमा आजै शुक्रबार 'मारुती मेरा दोस्त', 'मुसा' तथा 'टिम-द फोर्स' पनि सार्वजनिक हुँदैछन् ।





# तपाईंलाई गोरी मन पर्छन् कि काली ?

## केवल एक प्रश्न

घरमा श्रीमती गोरी भएकीले काली नै मन पर्छन्। कालीलाई दिलवाली पनि भन्छन्, तर त्यसको अनुभव छैन, यदि साँच्चै नै दिलवाली हुन्छन् भने काली नै रोज्नुपर्ला।

**शिवहरि पौडेल**
**हास्यकलाकार**

काली युवती मन पर्छन्, किन भन्ने ? हाहाहा.... कालीहरू आकर्षक हुन्छन्।

**आर्यन सिग्देल**
**नायक**

काली नै रोज्नुपर्ला। गोरो भएर पनि भित्री मन कालो हुने थुप्रै देखेको छु। त्यसको सट्टा काली भएर पनि मन गोरो होस्। कालो र गोरोको मिश्रण भए अझ बेस ....।

**दीपेशकिशोर भट्टराई**
**गायक**

काली, किनभने गोरीमा दाग लागेको प्रस्ट देखिन्छ। कालीमा देखिँदैन। कालीहरू हिस्सी पनि परेका हुन्छन् नि, होइन ?

**कल्याण घिमिरे**
**नायक**

मलाई त गोरी युवती मन पर्छन्। किनभने कालीलाई गोरी हुन मेकअप गरेर ढाक्नुपर्छ। गोरी त त्यसै पनि खुलेका हुन्छन्, उनीहरूमा एक प्रकारको आकर्षण हुन्छ।

**सत्यराज आचार्य**
**गायक**

हङकङ भित्रिएको पाँच वर्ष पुग्दासमेत साथीभाइमै सीमित ललितपुर, लगनखेलकी रेणु थापा डान्स आइडलको उपाधिसँगै चर्चामा आइन्। जितसँगै ५१ हजार रुपैयाँ र ट्रफी हात पारेकी थापा हङकङमा हुने कार्यक्रमहरूको आकर्षण बनेकी छन्। यसअघि हङकङमै आयोजित दुई नृत्य प्रतियोगितामध्ये उनी एउटामा पहिलो र अर्कोमा दोस्रो भएकी थिइन्। फास्टबिटमा नृत्य गर्न मन पराउने रेणु स्टेज नृत्यका लागि नेपाली गीत नै छरितो लाग्ने बताउँछिन्। मोडलिङमा समेत रुचि रहेको बताउने रेणुले राजु लामा तथा सोम थापाको म्युजिक भिडियोमा समेत अभिनय गरेकी छन्। प्रथम हङकङ डान्स आइडलसँग साप्ताहिक प्रतिनिधि निर्मल श्रेष्ठको जम्काभेट :



## जम्का भेट

**एकाएक चर्चामा आउनुभयो नि ?**
उपाधि त पहिले पनि जितेकी थिएँ, तर यतिको चर्चा भने पाइनँ। सायद नगद पुरस्कार धेरै भएकाले होला। छोटो समयमा धेरैलाई चिनें। एकैपटक भेट भएकाले नामै याद नहुँदो रहेछ। अनुहार देखे मात्र चिन्छु।

**नगद पुरस्कार केमा खर्च गर्नुभयो ?**
अहिलेसम्म गरेकी छैन्। साथीभाइले ट्रिट दिनुपर्छ भनेका छन्, थोरै त्यसमै खर्च गर्छु, बाँकीमा आफैंले पैसा थपेर एउटा मुभी क्यामेरा किन्ने सोचमा छु।

**कहिलेदेखि नृत्य गर्न थाल्नुभयो ?**
स्कुल पढ्दाताकादेखि नै हो। म्याडमहरूले राम्रो नाच्छे भन्दै कार्यक्रमहरूमा भाग लिन हौस्याउनुहुन्थ्यो। स्टेज कार्यत्रमहरूमा बढी सहभागी हुन थालेकी भने हङकङ आएपछि नै हो।

**नृत्यबाहेक तपाईंको रुचि ?**
गीत गाउन मन पराउँछु। मोडलिङमा पनि रुचि छ, साथीभाइसँग घुम्न र गफ्फिन मन पराउँछु। यसबाहेक फुर्सदको समय इन्टरनेटमा आफ्ना भिडियो र तस्बिरहरू अपलोड गर्न अनि कमेन्ट पढ्न रमाइलो लाग्छ।

**बढी कस्ता कमेन्ट आउँछन् ?**
थरीथरीका हुन्छन्। नृत्य गरेको भिडियो हेरेर कतिपयले कार्यक्रममा सहभागिताका लागि प्रस्ताव राख्छन्। प्रेमप्रस्ताव राख्ने पनि थुप्रै भेटिनुहुन्छ।

**थुप्रै प्रस्तावमध्ये एउटा त सदर भयो होला नि, होइन ?**
भएको पनि हुनसक्छ, कतिपय कमेन्ट मन छुने खालका हुन्छन्।

**अबको योजना के छ ?**
नेपालमा हुने कुनै राम्रो नृत्य प्रतियोगितामा सहभागी हुने विचारमा छु। डान्स आइडलका आयोजकहरूको पनि यस्तै योजना छ।

# बल्ल जीवन बुझ्न थालेको महसुस हुन्छ

पृष्ठ ५ बाट जारी

झड्का दिन्थ्यो। हिजोको जीवन सपनामा बाँचेकी रहेछु, अहिले बल्ल यथार्थसँग जम्काभेट हुन थाल्यो। बल्ल जीवन बुझ्न थालेको महसुस हुन थालेको छ। मैले कलेजको मुखै देख्न पाइनँ। ख्याल-ठट्टामै चलचित्र कलाकार भएँ। यो परिप्रेक्ष्यमा अमेरिका मेरा लागि ठूलो युनिभर्सिटी भैदियो, जहाँ मैले जीवनका धेरै पाटालाई नजिकबाट बुझ्ने अवसर पाएँ।

**अब जीवनमा के कुरा भैदिए हुन्थ्यो भन्ने लाग्छ ?**

छोरी कविता, विनोद, यो चलचित्र उद्योग, मलाई माया गर्ने मिडियाका मानिस सबैलाई जुरुक्क बोकेर कुनै यस्तो आइल्यान्डमा पुऱ्याऔं, जहाँ सबै नीति-नियम राम्रोसँग मानियोस्। राम्रा चलचित्रमा अभिनय गर्न पाइयोस्।

**नेपालमा होइन ?**

यहाँको राजनैतिक बेथिति, नियम-कानुन ठाडो गरी मिचिने चलन, फोहोर, प्रदूषणले दिक्क लाग्छ। घर (गोदावरी) बाट सहर जान चार पटक सोच्नुपर्छ। के गर्ने, यस्तै ठाउँमा मलाई मन पर्ने, मलाई माया गर्ने मानिस बस्छन्। यथार्थ के हो भने यसलाई कतै लान सकिँदैन।

**यसको अर्थ अब नेपाल नफर्कने ?**

मैले भनिहाले नि, यहीं ठाउँमा मलाई मन पर्ने, मलाई माया गर्ने मानिस बस्छन्। यी सबैको महत्त्व मैले बुझिसकेकी छु। यिनीहरूबाट टाढा रहन सकिँदैन। तैपनि म मुद्दी मानिस हुँ, यसै भन्न सक्तिनँ। जहाँसम्म अहिलेको कुरा छ, उताको व्यवहार मिलाएर म सधैंभरिका लागि नेपाल फर्कन्छु।

**चलचित्रमा सक्रिय हुने कि अरू नै काम गर्ने ?**

मभित्रको कलाकार सधैंभरि जागिरहन्छ। यो करिश्माभित्रको कलाकार थोरै भए पनि पर्दामा देखिऊँ भन्छ। जीवनभर यसले छाड्छ जस्तो लाग्दैन। विनोद पनि उस्तै छ, सुटिङमा अरूका लागि खाना पकाउन पायो भने, अलिकति अभिनय गर्न पायो भने यसैमा रमाउँछ।

**कहिलेदेखि प्रारम्भ गर्नुहुन्छ, चलचित्र ?**

अहिले अनुकूल वातावरण छैन। फेरि हामी कलाकार मात्र रहेछौं, चलचित्रको व्यापारी हुन सक्दैनौं। त्यसैले चलचित्र बनाउने हिम्मत पनि छैन। कसलाई पैसा डुबाउने मन हुन्छ र ? अहिले हामी सल्लाह गर्दैछौं।

**अमेरिका बसेर दुई-चार चलचित्र बनाउने पैसा कमाउनुभयो होला नि ?**

नट एट अल। तपाईं पत्याउनुहुन्न, कसैले पनि पत्याउँदैनन्, तर मैले एक पैसा पनि बचाएको छैन। म पहिलेदेखि नै महँगो लाउनुपर्ने, मीठो खानुपर्ने बानी भएकी युवती हुँ। कतिपय नेपाली मजत्तिकै कमाएर राम्रो पैसा बचाउँछन्, मलाई भने महिनाभरिको खर्च पुग्दैनथ्यो। कहिलेकाहीं म सोच्छु, किन म अरूभन्दा फरक भएकी हुँला। सायद मलाई आम्दानी म्यानेजमेन्ट गर्न आउँदैन। म बेला-बेलामा नेपाल आइरहन्छु। त्यसमा ठूलो खर्च हुन्छ। म अमेरिकामा पनि हेल्थक्लब जान्छु। महँगो पहिरनकी सौखिन हुँ। पैसा बचाउन सकिनँ भनेर कुनै चिन्ता छैन, सबैभन्दा ठूलो कुरा मैले जीवनमा धेरै कुरा सिकें, यो महत्त्वपूर्ण कुरा हो।

**अझै पनि उत्तिकै राम्री हुनुहुन्छ ?**

(हाँसो) नेपाल आएपछि म एक किलो मोटाएँ। मैले अझै आफूलाई मेन्टेन गर्न सकेकी छैन। मेरो विचारमा म अझै थुप्रै वर्ष आफूलाई मेन्टेन गर्न सक्छु। सौन्दर्य भन्ने कुरा आफूले मेन्टेन गर्ने हो। खानपिन तथा जीवनशैलीमा ध्यान दिने हो भने सबै उमेरभन्दा कम देखिन्छन्।

**छोरी पनि तपाईंसमान देखिन थालिछन्, कस्तो लाग्छ ?**

उनी मभन्दा पनि अग्ली छिन्। उनी १५ वर्ष पुग्न लागिन्। म पहिलो चलचित्रमा जस्ती थिएँ, उनी त्यस्तै छिन्। म उनीसँग कार्टुन हेर्छु, गेम खेल्छु। उनको कपडा म लगाउँछु, मेरो उनी लगाउँछिन्। हाम्रा धेरैजसो सौख मिल्छन्। हामी आमा-छोरी कम र साथी बढी हौं। जीवनमा यस्तो मोड पनि आउँदो रहेछ भनेर खुसी लाग्छ।


**तपाईंले आफ्नी आमालाई पनि आफ्नै घरछेउमा घर बनाइदिनुभएको छ, भोलि कविताबाट पनि त्यस्तै आशा राख्नुहुन्छ ?**

आमालाई मैले घर बनाइदिएकी होइन। त्यो उहाँको आफ्नै कमाइ हो, तर आमालाई नजिकै राख्दा केही हेरविचार हुन्छ भन्ने सोच हो। यद्यपि सबै आ-आफ्नो जिन्दगीमा व्यस्त भइँदो रहेछ। चाहेजस्तो हेरचाह गर्न सकेकी छैन। भोलि कविताले मलाई हेरचाह गरून् भन्ने आशा राख्नु गलत हो। आज विनोदका आमा-बुबा बेलायतमा हुनुहुन्छ, उनी यहाँ छन्। त्यसैले सोचेको जस्तो हुँदैन।

**उमेर ढल्कँदै गएपछि के गर्छु भन्ने सोच्नुहुन्छ ?**

मेरी आमा भजन-कीर्तन गरेर दिन बिताउनुहुन्छ। मैले पनि आफैंमा बिजी हुने कुनै उपाय निकाल्नुपर्ला।

–अश्विनी कोइराला



# चलचित्रकर्मी कवि बनेपछि



काठमाडौं– नायिका गौरी मल्ल कविता पनि लेख्छिन् भन्ने कुरा उनका प्रशंसकहरूलाई जानकारी छैन। नायिका मल्ल कविता मात्र लेख्दिनन्, आफूले रचना गरेका कविताहरू आकर्षक ढंगले वाचन पनि गर्छिन्। गत शनिबार राजधानीमा आयोजित एक कार्यक्रममा मल्लले आफ्नो भावपूर्ण कविता वाचन गरेर साहित्यकर्मीहरूलाई आश्चर्यमा पारिन्। कार्यक्रममा सहभागी एक मात्र कवयित्री नायिका गौरी मल्लले कार्यक्रम प्रारम्भ हुनुभन्दा दुई घण्टाअघि मात्र रचना गरेको कविता नवरस तथा मुक्तकले दर्शकलाई लट्ठ बनाएको थियो।

राजधानीमा भेला भएका साहित्यकर्मी तथा चलचित्रक्षेत्रका स्रष्टाहरू यसपटक समाजका दर्पण चलचित्रलाई नै कवितामा प्रस्तुत गरिरहेका थिए। चलचित्रलाई साहित्यस्रष्टासम्म पुऱ्याउने उद्देश्यले नेपाल चलचित्र कलाकार समाजद्वारा आयोजित चलचित्र कवितायात्रा शीर्षकको कार्यक्रममा यो अवसर मिलेको हो। नेपाली चलचित्रलाई पनि बौद्धिक उचाइमा पुऱ्याउन कार्यक्रम गरिएको संघका अध्यक्ष रमेश बुढाथोकीले बताए। चलचित्रक्षेत्रमा बौद्धिक स्रष्टाको आगमन गराउन थालिएको अभियानको पहिलो प्रस्तुतिअनुरूप उक्त कवितावाचन कार्यक्रममा साहित्य तथा चलचित्रक्षेत्रका स्रष्टाले चलचित्रलाई विभिन्न विन्दुबाट कवितामा ढालेका थिए। कार्यक्रममा चलचित्र लेखक नयनराज पाण्डेले 'रेखा थापा र भोलिको सिनेमा' शीर्षकमा कविता वाचन गरी कार्यक्रमको थालनी गरेका थिए। उनले आफ्नो दोस्रो कविता 'राजेश हमाल र हाम्रा नायक' शीर्षकको थियो। कार्यक्रममा युवाकवि तथा गीतकार नवराज लम्सालले 'लस एन्जल्स सिन्थिया र नेपाली चलचित्र' शीर्षकको कवितामा नेपाली चलचित्रलाई हलिउडसँग तुलना गरेका थिए। टेलिश्रृंखलाका निर्देशक लय संग्रौलाले ठट्यौलो पारामा प्रस्तुत गरेको कविता 'चित्रभित्रको मान्छे' सुनाएका थिए। यही कार्यक्रममा सहभागी हुन पोखराबाट आएका कवि प्रकट पंगेनी शिवको कविताले दर्शकलाई प्रेममय बनाएको थियो।

## ● साताको स्वर ●



### विपना घिताल

**'के दिऊँ...' लोकप्रिय भएकै हो त ?**
श्रोताहरूले अत्यन्त रुचाउनुभएको छ। रेडियो र टेलिभिजनबाट पनि बजिरहेकाले लोकप्रिय भएकै हुनुपर्छ।

**कुन शैलीमा आधारित छ ?**
यो फ्युजन शैलीको पप गीत हो। फास्ट बिटमा तयार पारिएकाले नृत्य पनि गर्न मिल्छ।

**श्रोताले गीतको कुन पक्ष मन पराएका छन् ?**
संगीतकार राजनराज शिवाकोटीको संगीत। गायनबाट पनि प्रशंसा पाइरहेकी छु।

**म्युजिक भिडियोको चर्चा त चुलिँदै छ नि ?**
यो गीतलाई म्युजिक भिडियोले पनि थप लोकप्रिय बनाएको छ।

**भिडियो कस्तो बनेको छ ?**
गीतको शब्द अनुसारकै भिडियो बनेको छ। गायन जत्तिकै भिडियोबाट पनि म सन्तुष्ट छु।

### कान्छा गायकको विमोचन

नौ वर्षीय बालक कुनाल श्रेष्ठ मलेगुले गाएका गीतहरूको नयाँ संग्रह 'शुभारम्भ' को विमोचन हास्य कलाकार मदनकृष्ण श्रेष्ठले गरेका छन्। गत आइतबार राजधानीमा आयोजित समारोहमा कान्छा गायक कुनालले तीनवटा गीत गाएर सुनाएका थिए। कार्यक्रममा उनलाई गायक रामकृष्ण ढकालले पनि साथ दिएका थिए। विमोचन समारोहकै क्रममा कान्तिपुर टेलिभिजनको 'कल कान्तिपुर' कार्यक्रममार्फत् विमोचित संग्रहको 'आमा' शीर्षकको गीतको म्युजिक भिडियो पनि सार्वजनिक गरिएको थियो।

### हेमन्तको मन्दिर

गायक हेमन्त श्रेष्ठले आफ्नो पाँचौं एकल गीति संग्रह 'मन्दिर' को लोकार्पण गत बुधबार गरेका छन्। कमलादीस्थित गणेशस्थानमा पूजाआजा गर्दै उनले 'मन्दिर' लोकार्पण गरेको घोषणा गरेका हुन्। संग्रहमा आधुनिक शैलीका गीत समावेश छन्।

### प्रकृतिको भिडियो सार्वजनिक

दार्जीलिङकी नेपाली गाकिया प्रकृति गिरीले गाएका आधुनिक गीतहरूको संग्रह 'सम्मिश्रण' को एउटा गीतको म्युजिक भिडियो यसै साता सार्वजनिक भएको छ। कान्तिपुर टेलिभिजनमार्फत् सार्वजनिक गरिएको 'जीवन यस्तो कहानी हो' गीतको भिडियो प्रसन्न पौडेलले निर्देशन गरेका हुन्। टीका चाम्लिङको रचनाको उक्त गीतका संगीतकार आनन्द राई हुन्।

### हेटौंडामा कन्सर्ट

गत शनिबार हेटौंडामा आयोजित एउटा सांगीतिक कार्यक्रममा राजधानीबाट गएका कलाकारहरूले गीत-संगीत एवं नृत्य प्रदर्शन गरे। सांस्कृतिक जागरण मञ्चले स्थानीय पल्पसा सिनेमा हलमा आयोजना गरेको कार्यक्रममा डिजराज पौडेल, हिमाल सागर, तिलकबम मल्ल, कला राई, निरु खड्का आदि गायक-गायिकाले गीत-संगीत प्रस्तुत गरेका थिए। गोपाल नेपाल फिस्टेको हास्य प्रस्तुतिले आकर्षक बनेको उक्त कार्यक्रमको सञ्चालन दिनेश डिसीले गरेका थिए।

### वर्ड्सको विमोचन

गीतकार उत्तम भौकाजीले करिब पाँच वर्षअघि तयार पारेको गीतिसंग्रह 'स्पर्श' मा आधुनिक गीत समावेश थियो। यसपटक उनले रचना गरेका शब्दहरू 'वर्ड्स' गीतिसंग्रहमार्फत सार्वजनिक भएका छन्। अघिल्लो साता राजधानीमा आयोजित एक सांगीतिक समारोहमा 'वर्ड्स' को विमोचन गरिएको छ। समारोहमा यही संग्रहमा स्वर प्रदान गर्ने सिने गुरुङ, सत्यराज आचार्य आदि गायक-गायिकाले विमोचित संग्रहका गीतहरू गाएका थिए। समारोहमा भूषण दाहालद्वारा निर्देशित 'भन तिम्रो मनमा' गीतको म्युजिक भिडियो पनि सार्वजनिक गरिएको थियो। संग्रहका गीतमा सत्यराज, स्वरूपराज आचार्य, सुगम पोखेल, दीपक बज्राचार्य, नलिना चित्रकार, सिने गुरुङ, धर्मेन्द्र सेवान, सनुप पौड्ेल तथा श्रेया सोताङले गाएका छन्।

### दोहोरी ताराको उपाधि ठकुरीलाई

गत शनिबार राजधानीमा सम्पन्न तीनदिने सांगीतिक प्रतिस्पर्धामा नवलपरासीकी गायिका तोलाचन्द ठकुरीले 'दोहोरी तारा' को उपाधि जितेकी छिन्। राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपालले आयोजना गरेको प्रतिस्पर्धामा गायिका ठकुरीले दोहोरी ताराको उपाधिसँगै ५५ हजार ५ सय ५५ रुपैयाँ हात पारिन्। उद्योग वाणिज्य महासंघले विभिन्न समय तथा स्थानमा आयोजित महोत्सवमा पहिलो र दोस्रो भएका कलाकारले प्रतियोगितामा सहभागिता जनाएका थिए। त्यसै गरी प्रतियोगितामा भैरहवा उद्योग वाणिज्य संघका प्रचण्ड जीसीले दोस्रो स्थान हासिल गर्दै ३३ हजार रुपैयाँ प्राप्त गरे। सुर्खेत उद्योग वाणिज्य संघकी लिता विकले उत्कृष्ट प्रस्तुतिको पुरस्कार जितिन्। शनिबार सम्पन्न प्रतियोगितामा बमबहादुर कार्की, नारायण रायमाझी, बद्री पंगेनीजस्ता चर्चित लोकदोहोरी गायक-गायिकाले पनि गीत-संगीत प्रस्तुत गरेका थिए।

## ● म्युजिक अपडेट ●

## साप्ताहिक लाइभ

भोलि शनिबार कुपण्डोल, ललितपुरमा नयाँ संगीत विद्यालय षडज कला केन्द्रको उद्घाटन समारोहमा सांगीतिक कार्यक्रम प्रस्तुत हुनेछ। संगीतकार आनन्द राईका अनुसार भोलिको कार्यक्रममा शास्त्रीय संगीत प्रस्तुत गरिनेछ। प्रत्येक महिनाको तेस्रो साता केन्द्रमा एक-एक वटा सांगीतिक कार्यक्रम आयोजना गरिने बताइएको छ। होमनाथ उपाध्याय तबला वादन प्रशिक्षकका रूपमा सहभागी उक्त केन्द्रकी प्रिन्सिपल गायिका संगीता राना हुन्।

## ● अफबिट ●



**प्रशंसकलाई अटो :** गायक निमा रुम्बा प्रशंसकहरुसँग

### 'उनीलाई' विमोचित

गायक रामकृष्ण श्रेष्ठले गाएका आधुनिक तथा पप गीतहरूको नयाँ संग्रह 'उनीलाई' को गत शुक्रबार राजधानीमा आयोजित एक समारोहमा विमोचन भएको छ। टाइम्स म्युजिकले आयोजना गरेको समारोहमा संगीत तथा मोडलिङमा आधारित पत्रिका 'सारेगम' को पनि विमोचन गरिएको थियो।

### सुर समर्पण

राजधानीका तारे होटलमा सांगीतिक कार्यक्रमको आयोजनाले गति लिएको छ। गत शनिबार साँझ लाजिम्पाटस्थित होटल साँग्रिलामा आयोजित एक सांगीतिक समारोहमा लोकप्रिय गायक-गायिकाले आधुनिक शैलीका गीत-संगीत प्रस्तुत गरे। साँझ ६ बजे प्रारम्भ भएको सांगीतिक कार्यक्रम 'सुर समर्पण' मा गायिका कुन्ति मोक्तान, गायक सत्यराज आचार्य तथा स्वरूपराज आचार्य आदिले करिब दुई घण्टासम्म लोकप्रिय गीत गाएर दर्शकहरूको मन जितेका थिए।

### डाफाको शास्त्रीय गायन

म्युजिक नेपालले सञ्चालन गरेको संगीत प्रशिक्षण केन्द्र नेपाल म्युजिक सेन्टरमा पनि नियमित रूपले सांगीतिक कार्यक्रम भैरहेको छ। सेन्टरले विगत छ महिनाअघिदेखि आयोजना गर्दै आएको 'शास्त्रीय सुधा' शीर्षक कार्यक्रमको छैटौं प्रस्तुति गत शुक्रबार सम्पन्न भयो। उक्त कार्यक्रममा शास्त्रीय सांगीतिक समूह 'डाफा ग्रुप' ले गीत-संगीत प्रस्तुत गर्दैछ। कार्यक्रममा समूहका रबिनलाल श्रेष्ठले तबला, प्रभुराज ढकालले गायन तथा सुरेशराज बज्राचार्यले सरोद वादन प्रस्तुत गरेका थिए।

### पेरिसमा सुरसुधा

चर्चित नेपाली सांगीतिक समूह सुरसुधा यतिबेला फ्रान्सको राजधानी पेरिसमा छ। क्याप्को नेपालको प्रवर्द्धन तथा मेइसन डु कल्चरलको आयोजनामा सुरसुधाले पेरिसमा एउटा भव्य सांगीतिक कार्यक्रम प्रस्तुत गरेको छ। सुरसुधाले अघिल्लो साता दुई दिनसम्म कन्सर्ट प्रस्तुत गरेको थियो। कार्यक्रममा जर्मनी तथा बेलायत, लक्जेम्बर्गबाट आएका दर्शकको सहभागिता रह्यो।

## ● नजिकबाट ●

## तारा लिम्बू



| | | |
|---|---|---|
| जन्ममिति | : | अक्टुबर १२ |
| जन्मस्थान | : | राजघाट, मोरङ |
| घरमा बोलाउने नाम | : | नानु |
| नामको अर्थ | : | आकाशमा चम्कने |
| परिचय | : | गायिका |
| शिक्षा | : | संगीतमा स्नातक |
| पहिलो संग्रह | : | न्यू वे |
| पहिलो गीत | : | घरै हाम्रो पूर्वाञ्चल |
| सांगीतिक गुरु | : | कुशेश्वर राई |
| पहिलो बाजा | : | गिटार |
| मनपर्ने गीत | : | मुटु जलिरहेछ |
| मन पर्ने बानी | : | सबैसँग राम्रो व्यवहार गर्छु |
| मन नपर्ने बानी | : | मनको कुरा चाँडै भन्न नसक्ने |
| नजिकका साथी | : | सबै साथी राम्रा लाग्छन् |
| मनपर्ने समय | : | बिहानीको समय |
| मनपर्ने रंग | : | सेतो र आकाशे |
| मनपर्ने गायक | : | कर्णदास |
| रिस उठेको बेला | : | नबोली बस्छु |
| मनपर्ने ठाउँ | : | इलाम |
| मन पर्ने सवारी साधन | : | बाइक |
| गायिका नभएको भए | : | लेखिका बन्थें |
| पहिलो प्रेम | : | भएपछि भन्छु |
| फुर्सदमा | : | गीत सुन्ने, नयाँ सिर्जना गर्ने |
| अन्य प्रतिभा | : | गीत लेख्छु |
| गोप्य कुरा | : | खास छैन। |

## ● ब्यान्ड ●



## भग्नावशेष

**भोकल– अभि, बेस– राकेश, ड्रम– किरण, किबोर्ड– सविन, गिटार– सञ्जय**

इटहरीका स्थानीय युवाहरूले वि.सं. २०६० मा स्थापना गरेको भग्नावशेष ब्यान्ड अहिले रहरमा मात्र सीमित छैन। ब्यान्डका सदस्यहरू यसलाई व्यावसायिक रूपमा अघि बढाउने सोचमा छन्। उनीहरू हाइभोल्टेज र हल्ला-खल्लामा गुन्जिने मेटल संगीतलाई मेलोडिक मेटलका रूपमा मौलिकता दिने अभ्यासमा छन्। ब्यान्डका गिटारिस्ट सञ्जय भन्छन्– 'अहिले हामी सिरियसली लागिरहेका छौं। मेलोडिक मेटलमार्फत समाजलाई नयाँ स्वाद दिन चाहन्छौं।'

सुरुमा हेभी मेटल ब्यान्डका रूपमा स्थापना भएको यो ब्यान्डले हाल कि-बोर्ड समावेश गरेर मेलोडिक मेटलको प्रयास गरिरहेको छ। सञ्जयले भने– 'पहिलेको बेसिस्ट पढ्न गएपछि अलिकति चेन्ज आएको हो।' भग्नावशेषले पूर्वका विभिन्न कलेज तथा विभिन्न स्टेजमा मेटल प्रस्तुत गरिसकेका छन्। २० भन्दा बढी स्टेज कार्यक्रम प्रस्तुत गरिसकेको भग्नावशेषले पूर्वाञ्चल गौरव शीर्षकको ब्यान्ड कम्पिटिसनमा बेस्ट गिटारिस्ट र उत्कृष्ठ पाँचौं स्थानको पुरस्कार पनि जितिसकेको छ। मेटल संगीतलाई विस्तार गर्ने र पारिवारिक बनाउने उद्देश्यमा लागिपरेको यो ब्यान्ड अहिले मेलोडियस मेटलको तयारीमा छ। क्याम्पसको व्यस्त समयमा पनि संगीतको अभ्यास गरिरहेका उनीहरू मेटललाई स्थानीयकरण गर्ने अभियानमा छन्।

● पहिलो विश्व ●

## प्लेब्वाई बिक्रीमा



सन् १९५३ देखि विश्वव्यापी रूपमा युवाहरूलाई यौन मनोरञ्जन दिँदै आएको प्ले ब्वाई म्यागजिनको स्वामित्व बिक्री हुने क्रममा छ। ह्युग हेफनरले स्थापना गरेको यो कम्पनी अझै पनि विश्वको लोकप्रिय प्रकाशनमध्ये एक मानिन्छ। यसका संस्थापक ८३ वर्ष पुगेका र कम्पनीको अधिकांश शेयर उनकै नाममा रहेका कारण उनको देहवासनसँगै यो कम्पनी पनि विलुप्त हुने अनुमान गरिँदै आएको छ। मिडियाको क्षेत्रमा साम्राज्य फैलाउँदै आएका सर रिचर्ड ब्रान्डसनलाई कम्पनी बिक्री गर्न सकेको खण्डमा यसको प्रकाशन र इन्टरनेटमार्फत हुने कारोबारले स्थायित्व पाउने अनुमान त्यहाँका कर्मचारीहरूले गरेका छन्। अमेरिकामा सर्वाधिक बिक्री हुने म्यागजिन प्लेब्वाइको बजार मूल्य १० करोडदेखि १२ करोड अमेरिकी डलर छ, तर होफनर यसको मूल्य ३० करोड चाहिरहेका छन्। म्यागजिनका कारण होफनर आफ्नो जीवन पनि आलिसान ढंगले बिताइरहेका छन् र उनी बाँकी जीवन पनि यसै गरी बिताउन चाहन्छन्।




## संवेदना भएकै राम्रो

जुन युवतीमा तीव्र संवेदना हुन्छ उनीहरू यौनसम्पर्कबाट बढी आनन्दित हुन्छन्– 'सेक्सुअल मेडिसिन जर्नल' मा किङ्ग कलेज लन्डनका अनुसन्धानकर्ताले प्रकाशित गरेको प्रतिवेदनमा बताइएको छ। तीव्र रूपमा संवेदना हुने युवतीले यस्तो गुण नहुने युवतीको तुलनामा आफूलाई बढी आनन्दित महसुस गर्छन्। कलेजका प्रोफेसर टिम स्पेक्टरको समूहले २ हजारभन्दा बढी जुम्ल्याहा युवतीमा गरेको सर्वेक्षणबाट उक्त नतिजा निस्किएको जर्नलमा उल्लेख छ। एकैपटक जन्मिएका जुम्ल्याहाहरूको संवेदना एकै किसिमको हुन्छ भन्ने मान्यता छ, तर उनीहरूको यौन आकांक्षा भने फरक हुनसक्छ। मानिसक रूपमा तीव्र संवेदना हुने युवतीले यौनकार्यमा आफूलाई पनि चरमोत्कर्षमा पुऱ्याउने गरेको पाए। सर्वेक्षणमा सहभागी भएका यस्ता युवतीहरूले पुरुषको चाहनाअनुसार आफूलाई पनि परिणत गर्ने हुनाले उनीहरू सफल हुने गरेको पाइयो। विश्वमा प्रत्येक तीन महिलामध्ये एकले चरमोत्कर्ष नपाउने बताउँदै आएकोमा यो सर्वेक्षणले महिलाको संवेदनाअनुसार उनीहरूले यौन आनन्द उठाउने ठहर गरिएको छ।



● सानो पर्दा ●

### सलाम कलिउड

नेपाल वान च्यानलले नेपाली चलिचत्रमा आधारित नयाँ कार्यक्रम 'सलाम कलिउड' को प्रसारण प्रारम्भ गरेको छ। चलचित्र नायिका सुष्मा कार्कीले सञ्चालन गर्ने यो कार्यक्रममा चलचित्रसम्बन्धी गतिविधिहरू समेटिन्छ। निकेश खड्काले निर्माण गरेको यो कार्यक्रम प्रत्येक आइतबार साँझ ६ बजे प्रसारण हुन्छ।

### ऋषिको नयाँ श्रृंखला

विभिन्न टेलिश्रृंखलाको निर्देशन गरेर सफलता हासिल गरेका सानो पर्दाका चर्चित निर्देशक ऋषि लामिछानेको निर्देशनमा तयार भएको नयाँ टेलिश्रृंखला 'पर्खाल' नेपाल टेलिभिजनबाट प्रसारण हुने भएको छ। आगामी मंगलबार राति ८:५० बजेदेखि यो श्रृंखलाको प्रसारण प्रारम्भ हुनेछ। पारिवारिक कथामा आधारित यो श्रृंखलामा देशभक्त खनाल, सरोज केसी, राधा श्रेष्ठ, राधा लम्साल भावु आदि कलाकारले मुख्य भूमिका निर्वाह गरेका छन्।

### विमलको 'देश'


ठूलो पर्दाका चलचित्रमा काम गरिसकेका कलाकार विमल पौडेलले आफ्नै निर्देशनमा एउटा टेलिश्रृंखला निर्माण गरेका छन्। 'देश' शीर्षक राखिएको उक्त टेलिश्रृंखला आगामी जेठ महिनादेखि नेपाल टेलिभिजनबाट प्रसारण हुने भएको छ। यो श्रृंखलामा गणेश उप्रेती, सीमा ढकाल, सरोज केसी आदि कलाकारले मुख्य भूमिका निर्वाह गरेका छन्।

### एकसाथको ५० भाग

सगरमाथा टेलिभिजनबाट प्रसारण भैरहेको मनोरञ्जनात्मक कार्यक्रम 'मनोरञ्जन एकसाथ' ले प्रसारणको ५० औं श्रृंखला पूरा गरिसकेको छ। खासगरि नेपाली चलचित्रका गतिविधिहरूमा आधारित यो कार्यक्रममा चलचित्र, संगीत तथा मोडलिङ क्षेत्रका गतिविधिहरू पनि समेटिन्छ। कार्यक्रममा समावेश गरिएको एउटा स्तम्भमा कुनै एक कलाकारका बारेमा दर्शकहरूको प्रतिक्रिया जस्ताको तस्तै प्रसारण गर्न थालिएपछि यो कार्यक्रममा दर्शक सहभागिता पनि ह्वात्तै बढेको छ।


### खोजि प्रतिभाको

नेपाल टेलिभिजनबाट प्रसारण हुने रियालिटी सो 'खोजी प्रतिभाको' मा भुवन के.सी. पनि निर्णायकका रुपमा सहभागी भएका छन्। पर्फेक्ट एक्टिभ सोलुसनले निर्माण गर्न लागेको यो कार्यक्रम आगामी साउन महिनादेखि टेलिभिजनबाट प्रसारण हुनेछ। कार्यक्रमका निर्देशक दिनेश डिसीका अनुसार राष्ट्रिय स्तरका प्रतिभाको खोजी गरिने यो कार्यक्रममा चलचित्र



नायक, नायिका, बालकलाकार, हास्यकलाकार, चरित्र अभिनेता, गायक-गायिका, महिला तथा पुरुष मोडल, नृत्य कलाकार, गीतकार तथा कथाकारको खोजी गरिनेछ। प्रतियोगिताका लागि धरान, नारायणघाट, बुटवल, पोखरा तथा काठमाडौंमा अडिसन गरिनेछ। अडिसनबाट छनौट भएका ५ सय जना प्रतिभालाई काठमाडौं ल्याएर विधागत प्रतिस्पर्धा गराइनेछ। ५२ भाग लामो यो कार्यक्रमबाट विजयी हुने प्रतिभालाई चलचित्रमा अभिनय गराउने, म्युजिक भिडियो निर्माण गर्ने तथा एल्बम निकाल्ने अवसर प्रदान गरिनेछ।


# सचित्र



**कस्तो लाग्यो त ?** अमेरिकी राष्ट्रपति बाराक ओबामालाई नेपाली पहिरन लगाइदिएर डिजाइनरले नयाँ रूप दिए। तस्विर साभार : माईसंसार डटकम



**कस्को ठूलो :** पाखुरा प्रतिस्पर्धा गर्दै नायक निखिल उप्रेती तथा रमित ढुंगाना।



**न्युड एक्जिबिसन :** पूर्व मिस नेपाल सुगारिका के.सी. राजधानीमा चलिरहेको न्युड प्रदर्शनी नियाल्दै।



**मित्रताको सलक्कना :** नायिका तथा मोडल निशा अधिकारी हाल अमेरिकामा रहेकी साथी मोडल प्रियंका कार्कीसँग रमाउँदै।



**मिस पिंक नेपाल :** पहिलो मिस पिंक नेपाल भूमिका श्रेष्ठ फोटोग्राफर कवीन्द्रमान शाक्यसँगको फोटोसेसनमा।





# समरमा स्पोर्ट्स स्टाइल

गर्मी बढ्दो छ र गर्मीसँगै बढ्दो छ ग्ल्यामर। मौसमकै बहानामा किन नहोस् ग्ल्यामरस देखिने मामिलामा पछि नपर्ने आजको युवापुस्ता विशेषतः टिनएज यौवनाहरूको साथी बनेको देखिन्छ स्पोर्टी फेसन। पुरुष वर्गमा पनि स्पोर्ट्स फेसन नचलेको होइन तर यौवनाहरूबीच यसको क्रेज बढी पाइन्छ। सामान्य रूपमा स्पोर्ट्सलाई हाफ पाइन्टका रूपमा बुझ्दा फरक पर्दैन। यसलाई लम्बाइका आधारमा पूरा खुट्टा नछोपिने, घुँडाभन्दा माथिल्लो भाग मात्र छोपिने, ट्राउजरको छोटो भर्सनका रूपमा पनि लिइन्छ। फेसनकै व्याकरणमा भने लम्बाइका आधारमा कम्मरदेखि घुँडासम्म आउने अर्थात् नी-लेन्थ बटम वेयर, कम्मरदेखि तलतिर ७ देखि १२ इन्चसम्मको डिजाइन, जसभित्र नी-हाई, मिड थाई वा मिड लेन्थ डिजाइन आदि पर्छन्, यी सबैलाई स्पोर्ट्स शैलीका रूपमा चिनिन्छ। बढ्दै गएको गर्मीसँगै यो मौसमको हट फेसन स्टेटमेन्टका रूपमा विकसित देखिन्छ। स्कर्टको विकल्पका रूपमा पनि स्पोर्टी पहिरनको प्रचलन बढ्दो छ।

'फेसनेबल छ, त्यति ओपन छैन र कम्फर्टेबल पनि' मिस मंगोल उपाधि विजेता सृष्टि राजकर्णिकारको विचार हो यो। मिस मंगोलकै फर्स्ट रनरअप आश्मा गुरुङलाई पनि स्पोर्ट्स फेसन मनपर्छ। क्याजुयल मुडमा कुल र कम्फर्टेबल महसुस हुन्छ, आश्मा बताउँछिन्। डिजाइनका सम्बन्धमा सृष्टि र आश्मा दुवैलाई पकेट भएका स्पोर्ट्सप्रति नै रुचि छ। सृष्टि प्रायः स्यान्डल र स्लिपरसित स्पोर्ट्स वेयर लगाउन मन पराउँछिन् भने आश्मालाई क्यानभास र कन्भर्स जुत्तासित स्पोर्ट्स लगाउँदा कम्फर्ट महसुस हुन्छ।

स्पोर्ट्सको शैली र डिजाइनमा उपलब्ध विविधताका कारण बोल्ड एवं स्टाइलिस देखिन रुचाउनेहरू हुन् वा ग्ल्यामरस एवं सेक्सी देखिन चाहनेहरू, सिम्पल लुकको चाहना राख्नेदेखि टमब्वाय स्टाइलप्रति झुकाव राख्नेहरूबीच स्पोर्ट्स फेसन, क्रेजकै रूपमा अघि बढेको छ। भनिन्छ, यदि कुनै कुरा राम्रो र सुन्दर छ भने त्यसलाई प्रदर्शन गर्नुमा कुनै खराबी छैन। सुन्दर, आकर्षक एवं राम्रोसँग टोनिङ, वाक्सिङ गरिएका सुकोमल खुट्टा प्रदर्शन गर्नुका साथै मौसम अनुकूल सहजता, सुविधा र शीतलता अनुभव गर्न स्पोर्ट्स फेसन एकतिर दुई शिकार नै हुन्छ। स्पोर्ट्सको शैलीमा विधिवता पाइए पनि मूलतः हट पाइन्ट, बरमुडा, नी-लेन्थ डेनिम, कार्गो, नी-लेन्थ स्टाइल, बक्सी, रेट्रो स्टाइल आदिको चलन बढी पाइन्छ। यी बाहेक रोल्ड अप बटन, टाइ-वेस्ट डिजाइन पनि चलनचल्तीमा छन्। स्पोर्ट्स फेसनको लोकप्रियतासँगै यसमा विविधता देख्न पाइन्छ। पकेट नभएका, पकेट र लेपल भएका, बेल्ट लुप भएका, मल्टिपल पकेट, फ्रन्ट एन्ड ब्याक पकेट, फ्रन्ट फ्लीप पकेट भएका पहिरन यौवनाहरूमाझ लोकप्रिय छ।

मूलतः क्यामिसोल, फिजन्ट टप, ट्युनिक, स्मोक टप, ट्याङ्क टप, फिटिङ एवं लुज टि-सर्टहरू, जम्पर टप आदिसित स्पोर्ट्सको जोडी बढी मन पराइन्छ। फुटवेयरका सम्बन्धमा भने स्पोर्ट्ससित वाकिङ बुट, एङ्कल स्ट्राइप भएका स्यान्डलको जोडाले व्यक्तित्वलाई सेक्सी लुक प्रदान गर्छ। डेनिम स्पोर्ट्ससित भने ट्रेन्डी प्लेटफर्म हिल्स एवं चंकी हिल भएका स्यान्डलको कम्बिनेसन उपयुक्त हुन्छ। सर्ट स्पोर्ट्ससित ब्यालेट फ्ल्याट्स, फ्लीप-फ्लप, स्लाइड्स, फ्ल्याट थोङ, फ्ल्याट स्यान्डलको प्रयोग सुहाउँदो हुन्छ। स्पोर्टी, टम ब्वाय वा क्याजुयल लुकका लागि भने स्पोर्ट्सका साथमा क्यानभास स्निकर, कन्भर्स सुज आदि उचित हुन्छ। यसबाहेक वेज, पम्पस् जस्ता फुटवेयरसित पनि स्पोर्टी फेसन अँगाल्न सकिन्छ।

मूलतः वेस्ट लाइन, हिप लाइन र खुट्टाको माथिल्लो भागलाई हाइलाइट गर्ने स्पोर्ट्स वेयर थुप्रै कलर सेड्समा पाइए पनि डार्क रेड, ब्लु, येलो, ग्रिन, मजेन्टा, पिंक जस्ता नियोन कलर सेड्सका साथै ब्ल्याक, खाकी, अफ ह्वाइट, चारकोल, ब्राउन, ग्रेजस्ता रंगहरूमा उपलब्ध छन्। यिनका अतिरिक्त लियोपार्ड, कम्ब्याट, फ्लावरी, पोल्का डटेड, जिराफ, डिजिटल, सन ब्लकजस्ता प्रिन्ट र प्याटर्नमा पनि स्पोर्टी पहिरन उपलब्ध छ।

– रोजिन शाक्य



# रेस्टुराँदेखि पर्यटन व्यवसायसम्म

भोजपुरको दाबा गाउँमा जन्मिएका सुन्दरले सरकारी जागिरे बुबासँगै तेऱ्हथुम जिल्लाको सदरमुकाम म्याङलुङस्थित सिद्धवाहिनी मा.वि.बाट स्कुले जीवन पूरा गरे। घरको स्थितिका कारण आत्मनिर्भर बन्न उनी अध्ययन र जागिर खाने उद्देश्य बोकेर राजधानी हिंडे।

राति १२ बजेसम्म रेस्टुराँमा काम गर्नु र बिहान ४ बजे उठ्नु उनको दिनचर्या थियो। त्यस्तै हेल्थ साइन्स विषय पनि गाऱ्हो भएकाले उनले पढ्न सास्ती झेल्नुपऱ्यो। यतिसम्म कि उनले कोठासमेत लिएका थिएनन्। टेबल जोडेर रेस्टुराँमा सुत्थे। यस्ता दुःखद र सामान्य दिनचर्याबाट पनि उनमा कहिल्यै विचलन आएन।

मौलाउदै गएको व्यवसायमा एकाएक मन्दी आउँदा जोकोही पनि निराश हुन्छन्। यो निराशा उनमा पनि नआएको होइन, तर धैर्यता ठूलो कुरा हो भन्ने बुझेका सुन्दरले आँट गरेर आफनो व्यवसायलाई अगाडि बढाए।

ती दिन सम्झँदै सुन्दरले भने- 'अब त्यस्तो दिन कहिल्यै नआओस्।' त्यस्तो अवस्थामा समेत उनले होटलको लगानी बढाउन छाडेनन्। अहिले दुई वर्षयता पर्यटन व्यवसायमा सुधार आएको देखेर सुन्दरले सन्तोषको सास फेरेका छन्।

झन्डै ३५ वर्षको आफ्नो संघर्षमय जीवनमा उनले प्रगतिको फड्को मारे, तर अझै पनि सन्तुष्टि प्राप्त भएको छैन। त्यही भएर त उनी भन्छन् भौतिक साधनले मात्र सन्तुष्टि प्राप्त गर्न सकिँदैन।

**शिव शर्मा**

एउटा निम्न मध्यमवर्गीय परिवारमा हुर्किएका थिए– सुन्दरकुमार श्रेष्ठ। बुबाको सरकारी जागिर र खेतीपातीमा निर्भर थियो उनको१२ जनाको परिवार। सात दाजुभाइमध्ये माहिला सुन्दरले सानैदेखि डाक्टर बन्ने आकांक्षा पालेका थिए, तर उनको त्यो इच्छा पूरा गर्ने क्षमता भने परिवारसँग थिएन।

बुबाआमाको चाहना पनि छोरा डाक्टर बनोस् र गरिब-दुःखीहरूको सेवा गरोस् भन्ने नै थियो, तर उनको डाक्टर बन्ने सपना अर्कैतिर मोडियो। उनी डाक्टर त बनेनन्, तर पर्यटनका डाक्टर भने बन्न पुगे।

भोजपुरको दाबा गाउँमा जन्मिएका सुन्दरले सरकारी जागिरे बुबासँगै तेऱ्हथुम जिल्लाको सदरमुकाम म्याङलुङस्थित सिद्धवाहिनी मा.वि.बाट स्कुले जीवन पूरा गरे। घरको स्थितिका कारण आत्मनिर्भर बन्न उनी अध्ययन र जागिर खाने उद्देश्य बोकेर राजधानी हिंडे। ठूलो परिवार भएकाले घरबाट खर्च गरेर पढाउनु हुन्न भन्ने उनलाई लाग्यो। हो पनि सबै छोरालाई खर्च गरेर सहरमा पढाउने क्षमता उनको परिवारसँग थिएन। त्यही भएर उनी गाउँघर छाडेर सहर पसे। काठमाडौं आउँदा उनी जम्मा १६ वर्षका थिए। बिरानो सहरमा उनका आफ्ना भन्ने कोही थिएनन्। कामका लागि यत्रतत्र भौंतारिए। सुरुमा कसैले पत्याएनन्, तर पनि उनले काम खोज्न छाडेनन्। अन्ततः उनले ठमेलको एउटा रेस्टुराँमा काम पाए। उनलाई त्यो काम पाउँदा संसार नै पाएको महसुस भयो। उनमा काम पाए भने सबैलाई रिझाउन सक्छु भन्ने आत्मविश्वास थियो। रेस्टुराँमा काम गर्दागर्दै पाँच महिनापछि एसएलसीको रिजल्ट आयो र सुन्दर दोस्रो श्रेणीमा उत्तीर्ण भए। उच्च शिक्षाका लागि उनले हेल्थ असिस्टेन्टमा नाम निकाले र अध्ययनलाई अघि बढाए।

काम गर्दै त्यसमाथि गाऱ्हो विषय पढ्नु सजिलो काम थिएन। रेस्टुराँमा काम गर्दागर्दै उनको प्रमोसन भयो। उनलाई रेस्टुराँको सबै व्यवस्थापन हेर्ने जिम्मा दिइयो। ७० को त्यो दशकमा पर्यटकको आगमन राम्रै थियो। राति १२ बजेसम्म रेस्टुराँमा काम गर्नु र बिहान ४ बजे उठ्नु उनको दिनचर्या थियो। त्यस्तै हेल्थ साइन्स विषय पनि गाऱ्हो भएकाले उनले पढ्न सास्ती झेल्नुपऱ्यो। यतिसम्म कि उनले कोठासमेत लिएका थिएनन्। टेबल जोडेर रेस्टुराँमा सुत्थे। यस्ता दुःखद र सामान्य दिनचर्याबाट पनि उनमा कहिल्यै विचलन आएन।

कलेज पढाइको अन्तितिर उनलाई रेस्टुराँमा पार्टनर बन्ने अफर आयो, तर त्यसका लागि उनीसँग रकम थिएन। उनले आफन्तहरूसँग सापटी लिएर रेस्टुराँमा ५ हजार रुपैयाँ लगानी गरे। आठ जनाको पार्टरनसिपमा नयाँ रेस्टुराँमा उनको काम सुरु भयो। उनको पार्टनरसिपमा खुलेको रेस्टुराँ ठमेलमा लोकप्रिय भयो। उनको रेस्टुराँमा ५ रुपैयाँमा ब्रेकफास्ट सेट पाइन्थ्यो। रेस्टुराँ चल्नुको अर्को कारण थियो, उनले पाहुनासँग गर्ने व्यवहार र डिल गर्ने फरक शैली। उनको नम्रताले गर्दा पनि रेस्टुराँमा पर्यटकको ओइरो लाग्थ्यो। काम गर्दागर्दै उनले हेल्थअसिटेन्टको पढाइ सके। पढाइ एकातिर पेसा अर्कातिर देखेर कतिले त उनलाई रेस्टुराँको काम छोड्न पनि दबाब दिए, तर साहसी र आँटिला सुन्दरले कसैको कुरा सुनेनन्। यही व्यवसायलाई पेसा बनाउने इच्छा जागृत भयो। रेस्टुराँमा काम गर्दा विदेश जाने अफर पनि धेरै आए, तर उनले आफ्नै देशमा केही गर्छु भनेर विदेशको मोह त्यागे। उनका सबै दाजुभाइ जापान, अमेरिका, बेलायत पुगे तर उनी भने आफ्नै देशमा रमाए। रेस्टुराँ व्यवसायलाई विस्तार गर्ने उद्देश्यले उनी आफ्नो रेस्टुराँको शाखा खोल्न २०३९ सालतिर पोखरा पुगे।

**पोखराले बनायो पर्यटन व्यवसायी**

पोखरा आएपछि आफ्नो अनुभवलाई सदुपयोग गर्दै पर्यटकीय क्षेत्र लेकसाइडमा साथीहरूसँग मिलेर एउटा होटल चलाए। होटल खोलेपछि पोखरा बस्ने क्रम सुरु भयो। त्यतिबेला बग्रेल्ती आउने गोरा पर्यटक र राम्रो कमाइ देखेपछि उनलाई पर्यटन क्षेत्रले नै आकर्षित गऱ्यो। पर्यटकहरूको तीव्र आगमन देखेर उनी निकै हौसिए।

उनको होटल व्यवसाय फस्टायो। पाहुनाहरू पनि राम्रो आतिथ्य सत्कारकै कारण उनकै होटलमा आउने क्रम बढ्यो। व्यवसाय फस्टाउँदै गएपछि साना रेस्टुराँ र लज थप्ने क्रम पनि बढ्यो। साझेदारीमा गरेको व्यवसाय कोही काठमाडौं र कोही पोखरा छरिएर बसेको उनलाई निको लागेन। व्यवसायमा स्थापित हुन र भिन्न पहिचान बनाउन उनी साझेदारीबाट अलग्गिए। त्यसपछि चुनौती र जिम्मेवारी थपियो। उनले एक्लैले कान्तिपुर लज भाडामा लिएर चलाउन थाले। सुरुमा कान्तिपुर लज चलाउँदा उनले निकै समस्या झेल्नुपऱ्यो। त्यतिबेला होटलका लागि चाहिने तरकारीदेखि लिएर आवश्यक सामानहरू पोखरामा पाउन मुस्किलै हुन्थ्यो। सबै कुरा काठमाडौंबाट बसमा ल्याउनुपर्थ्यो।

२०४२ सालमा धरानकी सुभा श्रेष्ठसँग विवाह गरेपछि उनको दिनचर्या फेरियो। उज्यालो र फरासिली श्रीमतीले उनको व्यवसायलाई अझ माथि उठाउने काम गरिन्। आमा र श्रीमतीले जग्गा किन्न हौसाए। भाडामा लिएर होटल चलाइरहेका सुन्दरलाई पनि कुरा ठीकै लाग्यो। श्रीमतीको गहना र यताउती सापटी लिएर उनले २०४५ सालमा दुई लाखमा डेढ रोपनी जग्गा लिए। नेपाल औद्योगिक विकास निगमबाट १० लाख त्रिृण लिएर ०५० सालमा होटलका तीनवटा भवन निर्माण गरे। भवन थपेपछि कारोबार पनि बढ्यो। निगमले बिजनेस राम्रो देखेर लोन थपिदियो। उनले जग्गा र होटलको कोठा थपे। अहिले उनको होटलमा ५० वटा कोठा छन्। डेढ रोपनीमा साढे पाँच रोपनी जग्गा थपिएको छ। उतिबेला ४ करोड लगानी गरेको होटलको भौतिक सम्पत्तिको मूल्य नै २० करोड पुगेको छ। हेर्दा आकर्षक देखिने ५ वटा भवनले युक्त उनको होटल थ्री स्टार सरह हो। यहाँ आउने स्वदेशी तथा विदेशीहरू उनको सुविधासम्पन्न होटलमा दिन कटाउन मन पराउँछन्। उनले ५० जनालाई रोजगारी दिएका छन्। भोजपुरको सामान्य परिवारबाट संघर्ष गर्दै यहाँ आएका सुन्दर अहिले मानिएका पर्यटन व्यवसायी बनेका छन्। अहिले उनीसँग नाम, इज्जत, सम्पत्ति सबथोक छ। उनका गाडी मात्र १२ वटा छन्।

सुविधासम्पन्न तारे होटल होटल कान्तिपुरका सञ्चालक सुन्दर पोखरा पर्यटन परिषद् तथा क्षेत्रीय होटल संघका निवर्तमान अध्यक्ष पनि हुन्। उतिबेला रेस्टुराँमा काम गर्दा गाऱ्हो भयो भनेर कामबाट हात धोएको भए सायद आज उनी यो अवस्थासम्म आउने थिएनन्। आत्मविश्वास मूल कुरा हो, आफ्नो संघर्षका दिन सुनाउँदै उनले भने- 'हरेक असफलताको पछाडि सफलता लुकेको हुन्छ।' मैले सुखमा नमातिनु र दुःखमा नआतिनु भन्ने सिद्धान्तलाई अँगाले।'

**निराशाका दिन**

मौलाउदै गएको व्यवसायमा एकाएक मन्दी आउँदा जोकोही पनि निराश हुन्छन्। यो निराशा उनमा पनि नआएको होइन, तर धैर्यता ठूलो कुरा हो भन्ने बुझेका सुन्दरले आँट गरेर आफनो व्यवसायलाई अघि बढाए।

द्वन्द्वकालमा आएको पर्यटकीय मन्दीले उनलाई हतोत्साहित बनाउने काम पनि गऱ्यो। राजनैतिक द्वन्द्वले गर्दा व्यवसायमा ऱ्हास आएपछि उनलाई दुर्दिनले फेरि सतायो। त्यो बेला बैंकको किस्ता, स्टाफलाई तलब र बिजुलीको पैसा समयमा दिन सकेनन्। उनलाई लाग्यो, मैले कसैको आत्मा रुवाएको छैन। त्यसैले मैले कुनै पनि हालतमा डगमगाउनु हुँदैन। यही आत्मविश्वासले गर्दा पनि उनी आफ्नो व्यवसाय धानेर बसे।

उनको कारोबार धराशायी अवस्थामा पुग्यो। पर्यटनमा आएको मन्दीले उपभोग्य सामानको समयमा भुक्तानी गर्ने सामर्थ्य पनि उनमा भएन। करोडौंको लगानी डुब्ने चिन्ताले उनलाई पोलिरह्यो। त्यो डावाँडोल अवस्थामा होटल नै बेचेर विदेश पलायन हुने सोच पनि नआएको होइन, तर पनि उनमा आत्मविश्वास थियो।

देशको स्थितिमा सुधार हुन्छ र व्यवसाय पहिलेको अवस्थामा आउँछ भन्ने आशामा उनले घाटा सहेर पनि आफ्नो व्यवसाय सञ्चालन गरे। त्यति बेला धेरै होटल व्यवसायीहरू यहाँबाट विस्थापित भैरहेका थिए।

आफ्नो व्यवसाय धान्न उनले अर्को वैकल्पिक उपायको खोजी पनि गरे। उनले व्यवसायमा राहत प्रदान गरोस् भनेर हिमालयन डिस्टिलरीको एजेन्सी पनि लिए। यो व्यवसायले उनलाई केही राहत दिन थाल्यो, तर उनलाई पर्यटन व्यवसाय सधैं यस्तै रहने हो कि भन्ने चिन्ता पनि थियो। तेस्रो मुलुकका पर्यटकहरूमा निर्भर रहेको होटल व्यवसायलाई द्वन्द्वले टाट पल्टने अवस्थासम्म ल्याइपुऱ्यायो।

ती दिन सम्झँदै सुन्दरले भने- 'अब त्यस्तो दिन कहिल्यै नआओस्।' त्यस्तो अवस्थामा समेत उनले होटलको लगानी बढाउन छाडेनन्। अहिले दुई वर्षयता पर्यटन व्यवसायमा सुधार आएको देखेर सुन्दरले सन्तोषको सास फेरेका छन्।

## सफलताको सूत्र

- आफ्नो पेसामा लगनशील, इमान्दार तथा निर्णय गर्न सक्ने क्षमताका साथै कार्यान्वयन पक्ष निरीक्षण एवं अनुगमन गर्ने।
- समय र परिस्थिति बुझेर योजनालाई कार्यरूप दिने।
- असफलता एवं समस्यालाई चुनौती सम्झी हरेस नखाई अघि बढ्ने।
- सधैं अरूको भलो चिताउने वा हित हुने काम गर्ने, जसले आत्मविश्वास बढाउँछ।
- गल्ती महसुस गरी त्यसलाई शिक्षाका रूपमा लिने।
- नजानेका विषयवस्तुलाई जिज्ञासाका रूपमा लिने बानीको विकास गर्ने।
- बोली-व्यवहारमा सभ्य एवं शिष्ट शब्दहरूको प्रयोग गर्ने।
- माया-मोह, करुणा भाव, सहयोगी तथा मद्दत गर्ने बानीको विकास गर्ने, जसले गर्दा आफूले पनि समस्यामा सहयोग पाइन्छ।
- काममा पूर्ण विश्वास हुनुपर्छ र त्यसलाई नियमपूर्वक अभ्यास गर्नुपर्छ।
- नराम्रो कुरा भन्नैपर्ने भए हाँसेर व्यक्त गरे मीठो हुन सक्छ।
- आफूसँग भएको क्षमताले नै अवसर सृजना गर्छ। जीवनको प्रत्येक क्षण कर्तव्यले छाड्दैन।
- मेहनतले मात्र भाग्यको ढोका खोल्छ।
- स्थिर रहने र दृढ आत्मविश्वासका साथ अघि बढ्ने।

## समाजसेवा पनि

**झन्डै ३५ वर्षको आफ्नो संघर्षमय जीवनमा उनले प्रगतिको फड्को मारे, तर अझै पनि सन्तुष्टि प्राप्त भएको छैन। त्यही भएर त उनी भन्छन्– भौतिक साधनले मात्र सन्तुष्टि प्राप्त गर्न सकिँदैन।**

**आत्मसुन्तुष्टिका लागि मानवसेवा नै गर्नुपर्छ भन्ने उनको मान्यता छ। सुन्दर भन्छन्– खान नपाएकालाई खाना, लाउन नपाएकालाई लाउन तथा काम नपाएकालाई काम दिन सकियो भने मात्र मानिसको जीवन सार्थक हुन्छ। अरूको दुःखमा सहभागी हुन सकियो भने मात्र आत्मसन्तुष्टि मिल्ने मान्यता उनको छ।**

**उनले जापानी ओसियो काई फाउन्डेसन स्थापना गरी आर्थिक क्षमता कम भएका २५ जना बालबालिकाको पठन–पाठनको व्यवस्था मिलाएका छन्। उनकै पहलमा पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा खानेपानी उपलब्ध गराइएको छ। सातामा एक–दुई पटक पानी आउने धारामा अहिले चौबीसै घण्टा पानी आउँछ। सुन्दर विभिन्न संघ–संस्थामा आबद्ध भएर सामाजिक क्षेत्रमा पनि त्यत्तिकै सहभागी हुँदै आएका छन्। गरिब–दुःखीहरूको माया लाग्छ भन्ने सुन्दरले कुराकानीका क्रममा भने– 'मेरो अन्तिम लक्ष्य समाजसेवा नै हो।'**

**चुरोट–रक्सी केही सेवन नगर्ने सुन्दर मिलनसार र स्पष्ट वक्ताका रूपमा चिनिन्छिन्। झट्ट रिसाउने बानीलाई उनी आफ्नो सबैभन्दा ठूलो कमजोरी मान्छन्। पर्यटनको विकासमा आफ्नो समय खर्च गर्दै आएका सुन्दरले पर्यटन व्यवसाय अत्यन्त 'सेन्सेटिभ' भएको बताए। हतास मनस्थिति लिएर यो व्यवसाय टिक्न सम्भव छैन, उनले भने– 'राष्ट्रिय नीति दरो भयो भने पर्यटन व्यवसाय माथि उठ्न सक्छ।'**

## • तालुमा आलु •



प्रकाश ओझा

पाहुना : के छ छोरा हालखबर ?

बालक : स... बिस्तारै बोल्नुस्, ड्याडी घरमा हुनुहुन्छ ।

०००

एउटा अधबैंसे व्यक्ति श्रीमतीसँग रोमियो जुलियट नाटक हेर्नगयो । नाटक हेर्दाहेर्दै लोग्ने हाँस्न थाल्यो ।

'किन हाँसेको ?' श्रीमतीले सोधी ।

'मैले यदि उफ्रेर त्यो जुलियटमाथि गएर गडबड गरें भने दर्शकले के गर्छन् होला भनेर कल्पना गर्दै हाँसेको...'- लोग्नेले भन्यो ।

श्रीमती एकछिन चुप लागी अनि हाँस्न थाली ।

'अनि तिमीचाहिँ किन हाँसेको नि ?'- लोग्नेले सोध्यो ।

'मचाहिँ यो सोचेर हाँसेको कि तिमीले गडबड गरेर फर्कंदा दर्शकले वान्स मोर, वान्स मोर भने भने तिम्रो के हाल होला ।'

०००

युद्धको समयमा धेरै नौजवान सेनामा भर्ती भए । लाइनमा बसेको एउटा डरपोक सिपाहीले अफिसरसँग सोध्यो- 'सा'ब मलाई बन्दुकका बारेमा ज्ञान छैन, मलाई त यो पनि थाहा छैन कि बन्दुकको नाल दुस्मनतिर हुन्छ कि आफूतिर ?'

'नेभर माइन्ड' अफिसर बोल्यो- 'नाल जता फर्काए पनि बन्दुक चलायौ भने तिमीले देशकै भलो गर्छौ ।

०००

फर्स्ट क्लास अफिसमा काम गर्ने तीनजना युवतीको लन्चटाइममा गफ हुँदै थियो ।

एउटी : हिंजो मैले बोसको टेबलको ड्रयरमा कन्डमको प्याकेट भेटें।

दोस्री : मैले पनि देखें अनि पिनले घोचेर प्वालैप्वाल बनाइदिएँ ।

तेस्री युवती बेहोस भई ।

०००

एउटा पार्टीमा एक भलाद्मीले धेरै रक्सी पिएर एउटी महिलालाई घुमीघुमी हेर्न थाले ।

'किन यसरी हेर्दै हुनुहुन्छ ?'- महिलाको धैर्यताको सीमा नाघ्यो ।

'बहिनी' रक्स्याहा बोल्यो- 'तपाईं साह्रै कुरूप हुनुहुन्छ ।'

'यसमा मेरो के गल्ती छ र मलाई भगवान्ले नै यस्तो बनाइदिए, यसमा म के गर्न सक्छु र ?' महिलाले आहत हुँदै भनी ।

'तपाईं यहाँ नआएर आफ्नै घरमा पनि त बस्न सक्नुहुन्थ्यो ?'

०००

दुईजना सिपाही जंगल गए । अचानक एउटा सिंह निस्क्यो । एउटा सिकारी बाठो थियो, ऊ रूखमाथि चढ्यो । अर्को रूख चढ्न जान्दैनथ्यो । कुद्न थाल्यो । कुदेर एउटा गुफाभित्र पस्यो । सिंह एकछिन ओडार बाहिर बस्यो र फर्कियो । सिंह केही पर पुगेपछि सिकारी निस्कियो र सिंहको पछिपछि कुद्यो । सिंह फेरि फर्कियो र सिकारीलाई खेदाउन थाल्यो । सिकारी फेरि भाग्यो र गुफाभित्र पस्यो । सिंह एकछिन गुफा बाहिर बस्यो... फर्क्यो, सिकारी फेरि गुफा बाहिर निस्कियो र सिंहको पछिपछि कुद्यो । सिंह फेरि फर्क्यो, सिकारी कुदेर गुफाभित्र पस्यो । यो क्रम धेरैपटक भएपछि रूखमाथि चढेको सिकारी जसले यो दृश्य हेरिरहेको थियो माथिबाट करायो ।

'किन घरीघरी गुफाबाट निस्किरहेको ? आधा घन्टा जति गुफाभित्रै बसिराख, सिंह धेरै पर पुग्छ अनि निस्कनुपर्छ ।'

'मिल्दैन, गुफाभित्र दुईवटा अरू सिंह छन् ।'

०००

### मेरो कुरो

चलचित्र उद्योगमा सानदार, दामी कपडा ती अभिनेत्रीका लागि बनाइन्छ, जो खासमा विना कपडा राम्रा देखिन्छिन् ।

०००

काठमाडौंबाट १ करोड लिएर घर फर्कने सबैभन्दा सजिलो तरिका.. ३ करोड लिएर काठमाडौं जानुहोस् ।

## • लघुकथा •

# मान्छे



अस्पतालमा एउटा कुकुर गम्भीर अवस्थामा ल्याइयो, जिउभरि रगताम्य घाउ नै घाउ । सिटी हस्पिटलको इमर्जेन्सी वार्डमा वरिष्ठ चिकित्सकहरूद्वारा उपचार हुन थाल्यो । एकैछिनपछि घटना छानविन गर्ने प्रहरी अधिकारीहरू पनि आए । 'के भएछ हँ त्यसलाई ?' एक दर्शक कुकुरले सोध्यो । अर्को कुकुरले अबुझ र अस्पष्ट रेडिमेड उत्तर दियो- 'त्यहाँ पर क्याम्पसतिर कोसँग हो टोकाटोक भएको रे ।' अनुसन्धान र सोधपुछ चल्यो, तथापि घाइतेको होस नखुलेसम्म सत्यतथ्य थाहा हुन नसक्ने कुरामा विश्वस्त थिए कुकुर अधिकारीहरू । घाइते सामान्य भएपछि कुकुर प्रहरी अधिकारीले सोधे- 'घटना कसरी भयो ?' प्रतिउत्तरमा घाइते कुकुरले बिस्तारै भन्यो- 'बाटामा हिँड्दै थिएँ, मान्छेले एक्कासि झम्टेर दोहोरो भिडन्त भई यस्तो भयो, मलाई समूह मिलेर टोक्दै थिए, पछि के भयो होस छैन ।' बडो रिसाएको पारामा प्रहरी अधिकारीले भने- 'तिमीमा कहाँबाट आयो यो मान्छेको मति ? आफूलाई टोक्नेलाई पनि टोक्नैपर्छ ?' विचरा निमुखो घाइते कुकुरले भन्यो- 'देख्नु भाछैन हजुर आजकल मान्छेहरू कति हिंस्रक र जंगली छन् ।'

**– श्यामसुन्दर 'पल्लव'**

## • कविता •

# तीन मुक्तक



१
तिम्रो याद आँखाबाट कहिलेकाहीँ बग्छ अचेल
गाउँबेसीको भाकाबाट कहिलेकाहीँ बग्छ अचेल
कहिलेसम्म, कहाँसम्म टोलाउने हो तिम्रो यादमा,
सिमाना र नाकाबाट कहिलेकाहीँ बग्छ अचेल ।

२
तिम्रो सिउँदो मेरो जीवन सँगै हिँड्ने बाटो हुन्छ
नबुझेमा कुरो फेरि मनभित्रै फाटो हुन्छ
त्यसैले त एक-अर्कालाई बुझ्नै राम्रो भन्छु
नत्र फेरि मनै बन्द हुने माया लाटो हुन्छ ।

३
जति रोक्न खोज्छु आँसु त्यति झर्छ आँखाबाट
उनको तस्बिर मुटुभित्रभित्रै सर्छ आँखाबाट
मात लाग्छ विष पिउँछु कस्तो दैव पनि
सुन्छु मेरो याद मर्छ उनको आँखाबाट ।

**–उदयपुरे ठूलोकान्छा**

# कति डुलूँ म

यो सहरको गल्ली-गल्ली कति डुलूँ म
सम्झिएर तिमीलाई फेरि कति भुलूँ म
हुर्किएको म घुम्दा-घुम्दै पाखा-पखेरीमा
के भो आज यौवनको दिलको मझेरीमा
कल्पनाको छालमा मैले कति हुलूँ म
सम्झिएर तिमीलाई फेरि कति भुलूँ म
खस्यौ होला आँसु कति तिम्रो सिरानीमा
बाँच्यौ हामी जीवन पनि कस्तो विरानीमा
भन्ने जति त भनिसकें कति खुलूँ म
सम्झिएर तिमीलाई फेरि कति भुलूँ म ।

**–रेसमकुमार सुनुवार**



# टल्किनुमा मजा

अँध्यारो रातको प्रहर ढल्किनुमा मजा
शीतको थोपा किरणले टल्किनुमा मजा
माधुर्य मायाका थोपा-थोपा धड्कनमा
चोरी दाउको प्रेममा पल्किनुमा मजा
शून्यतामा जन्जीर बगरको रुवाइमा
काँडेतारका नेलहरू सल्किनुमा मजा
व्याप्तता छाउँदा मधुहोस जीवनहरू
बिहानीको रूपरेखा झल्किनुमा मजा
आहुती सधैं मायामा मुनामदनहरू
परेलीबाट अश्रुधारा छल्किनुमा मजा ।

**–एकलव्य राज**



## ● सन्देश ●



मेरा प्यारा मित्रहरू, कहाँ हराइरहनुभएको छ ? आजभोलि सम्पर्कमा नआउनुभएको पनि वर्षौं भैसकेकाले साह्रै चित्त दुखेको छ।

**डिल्लीराम**

चलचित्र निर्माता-निर्देशकहरू, चेतना जगाउने कथा समेटी घर-परिवारका सदस्यहरूले चलचित्र बसेर हेर्न सक्ने खालका चलचित्र बनाइदिनुहुन अनुरोध छ।

**जीवन लामा**

सानु म तिमीलाई चाहेर पनि बिर्सन सक्दिनँ। मलाई बुझ्ने प्रयास गर।

**विदुर**

शान्ति, जब हाम्रो आँखा जुध्यो त्यस दिनदेखि जहिले पनि तिम्रो सम्झनाले सताइरहन्छ। मात्र तिमीलाई खोजिरहन्छ यो मन अनि यी आँखाले। तिम्रा सबै कुरा थाहा पाएँ एक भाइमार्फत। यदि चाहन्छ्यौ भने भेट्ने प्रयास गर।

**कृष्ण 'अञ्जान'**

किन आजभोलि तपाईंको व्यवहारमा फरक देख्छु ? के गल्त गरें र मैले आज तपाईं मदेखि टाढिने प्रयत्न गर्दै हुनुहुन्छ ? ट्रेकिङ जाने बेलामा एकपटक खबरसम्म पनि गर्नुभएन। बिर्सिनुभयो फेब्रुअरी ३ मा गरेका वाचाहरू ? यु आर माइ हार्ट सो डन्ट ट्राइ टु लिभ मी डिअर।

**सुशीला**

केउरेनीबाट गल्छीसम्म सँगै जाऊँ है भन्दै जन्ती गएर आउने, आफ्नो घर काठमाडौं बताउने बीबाट नाम आउनेसँग मित्रताको हात अघि बढाउन चाहन्छु।

**सँगै आउने मित्र**

कोही अपराध गरेर त कोही नगरी जेलजीवन बिताइरहका छन्, यस्तो बेलामा आफन्तको मायाको खाँचो हुन्छ तर यहाँ उल्टो तिरस्कार गरिन्छ। त्यही भएर कैदीहरू समाजमा घुल्न सक्दैनन् अनि फेरि विवश भएर अपराधमा लाग्छन्। यसलाई मायाले मात्र रोक्न सक्छ, सबैलाई माया गर्नुहोस्, अपराधमुक्त समाज बनाउन सहयोग गर्नुहोस्।

**बाबु खिउँजु**

बी., म तिमीलाई भित्री हृदयदेखि नै माया गर्छु। तिमीले गरेको व्यवहारले मलाई मोहित पारेको छ। इमेल गर ल।

**ए 'एम'**

बहिनी विमला तिमी किन यसरी निष्ठुरी भैरहेकी छ्यौ। तिमी त बुटवलबाट फर्किएर काठमाडौं आइसकिछ्यौ। दुई-तीन महिना बित्दा पनि तिम्रो कुनै खबर छैन। धेरै ठाउँमा खोजिसक्यौं, घरमा आमा साह्रै पीर गरिरहनुभएको छ। एक पटक फोन गर्नु ल।

**दुर्गा माझी**

## कुपन सन्देश

**सन्देशका लागि कुनै शुल्क लाग्दैन तर कुपन अनिवार्य छ।**

पाउने :

पठाउने :

सन्देश :

## साप्ताहिक साथीका लागि फर्म

**साप्ताहिक साथीका लागि कुनै शुल्क लाग्दैन तर कुपन अनिवार्य छ।**

नाम : ..............................................

उमेर : .................................. उचाइ : ..................................

पेसा : .................................. शिक्षा : ..................................

स्वभाव :.................................. वैवाहिक स्थिति : ..................................

अभिरुचि : ..................................वर्ण : ..................................

इमेल : ..............................................

ठेगाना : ..............................................

तपाईं कस्तो साथीको खोजीमा हुनुहुन्छ ?

..............................................

..............................................

आफूले उल्लेख गर्न चाहेको थप विवरण छुट्टै पानामा पठाउन सकिनेछ।

## ● जीवनको गोरेटोमा ●

# एक पलको हाँसो

सायद म प्राकृतिक नियमबाट टाढा हुन सकिनँ र मनको कुनै कुनामा उनलाई सुटुक्क राख्न पुगेको छु। नचाहँदा-नचाहँदै पनि यो मुटुले उनलाई आफ्नो मान्छेको साइनो गाँस्न थालेछ। हरेक रात सपनीमा उनीसँग रमाउन थालेछु। सोचेको थिएँ यो जीवन राम्रो छ। पहिले जिन्दगीमा केही गर्छु र आफ्नो मनमा अरूप्रति माया जगाउँछु तर म आफूलाई उनको एकोहोरो प्रेममा चुर्लुम्म डुबाउन पुगेछु। उनको आँखामा जति माया देखेको थिएँ सायद सबै मेरा भ्रम थिए। उनले सबै सपना मेरै लागि देखेजस्तो लाग्थ्यो तर होइन रहेछ। उनको सपना त मेरो जिन्दगीको बर्बादीको बाटो रहेछ, तर म भने उनलाई नै आफ्नो जिन्दगीको लक्ष्य र उद्देश्य मानेर उनका सबै साकार पार्न थालें। उनीप्रति हजारौं मैले देखेको सपनाको साटो उनले मलाई केवल घात दिने बानी बसालिन्। म बाँचुन्जेल आजीवन निको नहुने घाउ मुटुमा रोपी छाडिन्।

तिमीसँग करिब एक वर्ष बिताएँ र जिन्दगीको सबै खुसी अझ भन्नुपर्दा पूण जिन्दगी नै त्यही एक वर्षमा बिताएँ जस्तो लाग्यो, तर पनि ती रमाइला पल अझसम्म भुल्न सकेको छैन। आजकाल त ती तिमीसँग बिताएको पल साथी बनी एकान्तमा साथ दिइरहन्छ।

मेरो के दाष थियो र आज एक खुल्ला किताबसरि मेरो जिन्दगी बनाइदियौ। आजकाल त हरेकको मुखमा म आवारा र पागलप्रेमीका रूपमा चिनिन थालेको छु। मेरो चोखो प्रेमको



साटोमा आज तिमीबाट यही पागल र आवाराको उपनाम उपहार भएको छ। सायद यो मेरो दोष थियो होला। मैले अरू केही कुरा नसोची मात्र तिमीलाई मन पराएको थिएँ। तिम्रो इच्छा, चाहना र तिम्रो जिन्दगीको भोगाइ पनि बुझेको थिइनँ। जब तिमीलाई देखें त्यस बेलादेखि खालि तिमीलाई कसरी आफ्नो बनाउने भन्ने भावना मनमा रह्यो, तर तिम्रो इच्छा र चाहना भने अर्कै थियो। तिमीले आफ्नो कुरा केवल एकपटक मलाई भनिदिएको भए म सहज रुपमा तिमीलाई भुलिदिने थिएँ तर तिमीले त मलाई मुखले एउटा भन्दै अर्कै कुरा यो दुनियाँलाइ सुनाउँदै गयौ।

कुनै पनि प्रेमीले आफ्नो प्रेमिकाको कुरा अरूसामु भएको सहन सक्दैन भने म कसरी सहूँ ? भन त। केवल एकपटक म तिमीलाई हैन अरूलाई माया गर्छु, केवल मुखले मात्र हो भनेको भए शुभकामना दिएर पठाउँथें, तर तिमीले त मलाई एउटा धारमा राखी दुईवटा खुकुरी चलाइ गयौ।

तर पनि म खुसी छु, किनकि तिमीले आज जिन्दगीको अनुपम खुसी पाएकी छौ र साथै तिमीलाई शुभकामना पनि दिन चाहन्छु कि तिमी घाम बिहानी भएर आशा जीवित प्राणीलाई दिनको आगमनको आभास दिँदै सबैलाई उज्यालो छर्नेछौ। सधैं खुसी छाउनु तिमी, मलाई दुःख दिइ गए पनि। मेरो विचार र कर्म कहिल्यै नमूल म टाढा भए पनि।

**– ए.पी.**

## ● साथी ●



५ फिट ३ इन्च अग्ला दीपेन्द्र राई कक्षा १० मा अध्ययनरत छन्। चञ्चल स्वभावका दीपेन्द्र हाँसो, ठट्टा गर्न मन पराउँछन्। रातो वर्णका यी युवक भ्रमण तथा समाजसेवामा पनि त्यत्तिकै रुचि राख्छन्। परम्परागत समाजलाई बदल्न चाहने क्रान्तिकारी विचार भएको सहयोगी मित्रको खोजीमा रहेका दीपेन्द्रलाई साथी बनाउन चाहनेहरूले चौधोडा गाविस पोखे वडा नम्बर-८ मा पत्राचार गर्न सक्नुहुन्छ।



हाङजोक लिम्बू 'झकास' १८ वर्षका भए। प्लस टु अध्ययनरत हाङजोकको उचाइ ५ फिट ५ इन्च छ। नम्र तथा हँसिलो स्वभावका हाङजोक गोरो वर्णका छन्। साथीभाइसँग सहजै घुलमिल हुने लिम्बू कहिल्यै नरिसाउने, साथीको दुःख आफ्नो दुःखसरह सम्झने साथीसँग मित्रता गाँस्न चाहन्छन्। आफूलाई बुझ्ने साथीको खोजीमा रहेका हाङजोकसँग मित्रता गास्न चाहनेहरूले limbu.lifestrick@yahoo.com मा पत्राचार गर्न सक्नुहुनेछ।

# पर्यटनका लागि आकर्षक मुस्ताङ

हिमाल पारिको जिल्ला मुस्ताङ प्रशासनिक दृष्टिबाट मात्र अलग पहिचान भएको जिल्ला नभई छुट्टै भौगोलिक एवं सांस्कृतिक पहिचानयुक्त भाषिक प्रदेश पनि हो। इतिहासको पाना पल्टाउँदा सन् १८९७ मा जापानका बौद्ध यात्री इकाइ कावागुची तिब्बततिर जाँदा मुस्ताङ र डोल्पाको भ्रमण गरेको वर्णन पाइन्छ। यो जिल्लाका प्रमुख बासिन्दा थकाली हुन्। उत्तरी र दक्षिणी भागमा विभाजित यो जिल्लामा रहेका मुक्तिनाथ धाम हिन्दुहरूका प्रमुख तीर्थस्थल पशुपतिनाथ, बद्रीनाथ र केदारनाथ जस्तै प्रसिद्ध तीर्थमध्ये एक मानिन्छ। मुक्तिक्षेत्रलाई नेपालभित्रका बराहक्षेत्र, रुरूक्षेत्र र भारतको कुरुक्षेत्रसँगै हिन्दूहरूका पवित्र चार क्षेत्रमध्ये एक मानिन्छ। चिटिक्क पारेर सिंगारिएका होटल र लज, बाटाहरू र थकाली खानाले गर्दा नै यो क्षेत्रमा पर्यटकहरूको ओइरो लाग्छ।

मुक्तिनाथ र कागवेनीभन्दा माथिको क्षेत्रलाई सरकारले निषेधित क्षेत्र घोषणा गरेको छ। त्यस क्षेत्रमा जानुपर्‍यो भने



पर्यटकहरूले सरकारसँग अनुमति लिनु आवश्यक छ। धौलागिरि पर्वतले गर्दा पनि यो क्षेत्र निकै आकर्षण छ। मुस्ताङ पुग्न पोखरासम्मको बस यात्रा र त्यहाँबाट हवाई साधन प्रयोग गरी सदरमुकाम जोमसोम पुग्न सकिन्छ।

पोखरा नै मुस्ताङका लागि खाद्यान्न निर्यात गर्ने प्रमुख सहर हो। त्यहाँबाट घोडा, खच्चरबाट खाद्यान्नहरू ढुवानी गरी मुस्ताङ लानुपर्ने भएकाले मुस्ताङ केही महंगो छ। मुस्ताङसम्म मालसामान ढुवानी गर्ने घोडा, खच्चरलाई धौलागिरि ट्रान्सपोर्टको उपनाम दिइएको छ। मुस्ताङको प्रमुख पर्यटकीय स्थलहरूमा मुक्तिनाथ र मुस्ताङे राजा जिग्मे परबल बिष्ट बस्ने ठाउँ लोमान्थाङ हो। जहाँ पाहुनाहरूको सुविधाका लागि आवश्यक सबै सुविधा उपलब्ध छ।

करिब १५ हजार जनसंख्या भएको र समुद्री सतहदेखि न्यूनतम १ हजार ३ सय ७२ मिटर र अधिकतम ८ हजार १ सय ६७ मिटरसम्मको उचाइमा रहेको यो जिल्ला कम वर्षा, अति हावा चल्ने, हिउँदमा हिउँ पर्ने, मनोरम हिमाली श्रृंखलाहरू भएको जिल्ला हो। कालीगण्डकी उपत्यकाका गाउँ-वस्तीहरू, लोमान्थाङ, आसपासका प्राकृतिक भू-बनौट लोभलाग्दा छन्।

यस क्षेत्रका सबै ठाउँमा पर्यटकको आगमन निरन्तर भैरहने हुँदा होटल, रेस्टुराँ तथा लजहरूको राम्रो व्यवस्था छ।

**–भोला**

# प्रेमविवाह राम्रो हुन्छ कि परम्परागत विवाह ?

साँचो र निश्चल प्रेम गर्नेहरूका लागि त यो प्रेम एवं परम्परागत विवाह भन्ने कुरा केही पनि होइन। यहाँ जसले आफ्नो शारीरिक स्वार्थ पूरा गर्न देखावटी प्रेम गर्छन् अनि बाध्य भएर विवाहसम्म पुग्छन्। तिनीहरूका निम्ति दुवै विवाह घातक बन्छ।

**एपी सुधा** (२४)

सम्पादकज्यू पनि कस्ता-कस्ता प्रश्न सोध्नुहुन्छ ? यो शताब्दीमा पनि परम्परागत विवाह हुन्छ ? राम्रो त प्रेमविवाह नि। प्रेम गरेपछि केटी लिएर पनि हिंड्न पाइने भो।

**प्रकाश रिजाल**

प्रेमविवाह नै राम्रो, किनभने प्रेमविवाह गर्दा सबै कुरा थाहा हुन्छ तर अहिलेसम्म मेरो कोही प्रेमिका छैनन्।

**विरु नगो** (१९)

खै सम्पादकज्यू, आफ्नी प्रेमिका भर्खरै मरिन्। यतिबेला म शोकमा छु, परम्परागत विवाह गर्ने भनेको पहिल्यै आफ्नो मूल्य तोक्छन्।

**मीनु हिताङ, स्याङ्जा**

परम्परागत विवाह, प्रेमविवाहमा पहिले नै सबै भैसकेको हुन्छ, परम्परागत विवाहमा नयाँ अनुभव लिन पाइन्छ।

**भरत आले** (२२), **प्रवासी**

मलाई त परम्परागत विवाह नै राम्रो लाग्छ। आफूसँग प्रेम गरिहने फुर्सद पनि छैन।

**पेम्बा शेर्पा**, (१६), **ओखलढुंगा**

परम्परागत विवाह गर्‍यो भने आफूले सय पटक बोलाउँदा एक पटक पनि बोल्ने होइन। प्रेमविवाह गर्‍यो भने आफूले एक जवाफ दिंदा उसले हजारौं जवाफ दिन्छे। बरु विवाह नै किन गर्नुपर्ने हो ?

**कमला जिसी** (२६)

मैले त प्रेमविवाह गरेको हो त्यसैले प्रेमविवाह नै राम्रो। सुहागरात मनाउन सजिलो हुन्छ।

**छवि निराश** (२४)

न प्रेमविवाह, न त परम्परागत विवाह, विवाह त गर्नै हुँदैन।

## ● अब हाम्रो पालो ●

यो स्तम्भमा हामीले राखेका प्रश्नको ३० शब्दमा नबढाई उत्तर पठाउनुपर्नेछ। प्रत्येक उत्तरका साथमा आफ्नो पूरा नाम, ठेगाना र उमेर लेख्न नबिर्सिनुहोला। प्रश्न नम्बर एक सधैं आगामी प्रश्नका रूपमा रहनेछ। एउटा पानामा एउटा उत्तर मात्र स्वीकार गरिनेछ।

१. सबैभन्दा ठूलो धर्म के हो ?
२. प्रेमी-प्रेमिकाविहीन जीवन कस्तो हुन्छ ?
३. नसालु आँखाले मोहित हुनुहुन्छ कि तपाईंलाई मुस्कानले भुतुक्कै बनाउँछ ?
४. काली युवती र गोरी युवतीमध्ये को बढी राम्रा हुन्छन् ? किन ?
५. पैसा पाउनु ठूलो कुरा हो कि प्रेम पाउनु ? किन ?
६. तपाईंले जिन्दगीमा कोबाट कस्तो धोका पाउनुभएको छ ?
७. हामी नेपाली किन र के कारणले पिछडिएका छौं ?
८. मानिसहरूलाई अर्काका श्रीमान्/श्रीमती किन राम्रा लाग्छन् ?
९. पुरुषहरू महिलाको चरित्र र चालचलनको कुरा किन बढी गर्छन् ?
१०. पढेर जानिन्छ कि परेर ?



**महेशराम सुनुवार** (१६)

प्रेम गर्नेहरूका लागि प्रेमविवाह राम्रो हुन्छ। ग्रामीण भेकका युवायुवतीका लागि परम्परागत विवह राम्रो हुन्छ। सबैभन्दा राम्रोचाहिं प्रेम+परम्परागत विवाह। यो विवाहमा केटाकेटीको मञ्जुरीका साथै उनीहरूका परिवार र समुदायको पनि मञ्जुरी हुन्छ।

**श्याम चौधरी**

परम्परागत नै ठीक, विवाहपश्चात प्रेम गर्नु राम्रो।

**हडिन्द्र कार्की, धनकुटा**

अहिलेको २१ औं शताब्दीमा लभ नगर्ने कोही नै छैनन्। सम्पादकज्यू, परम्परागत विवाह लोप हुन लाग्यो त्यसकारण प्रेमविवाह नै राम्रो।

**नारायण कुवर, गुल्मी**

परम्परागत विवाह नै मनपर्छ। किनभने प्रेम गर्ने त फुर्सद नै छैन।

**लक्ष्मी गुरुङ** (१५)

मलाई विवाह नै राम्रो लाग्दैन, विवाहलाई त गलाको पासो भन्छन्...।

**विनोद खतिवडा, इनरुवा**

परम्परागत विवाह, किनभने प्रेमविवाह धेरै कम सफल हुन्छ।

**नारायणदत्त अवस्थी**

## ● यौन जिज्ञासा र समाधान ●



डा. राजेन्द्र भद्रा

**प्रश्न : म २० वर्षीय अविवाहित युवक हुँ। म नीला चलचित्रहरू हेर्छु। त्यस्ता चलचित्रमा विभिन्न प्रकारका क्रियाकलाप देखाइन्छ। त्यस्ता यौन क्रियाकलापमध्ये केही क्रियाकलापले मेरो मनमा उत्सुकता र जिज्ञासा जन्माएको छ। आशा छ, मेरो जिज्ञासा मेटिनेछ।**

**१. पुरुषले स्त्रीको गुद्धद्वारमा समेत सकी-नसकी लिङ्ग प्रवेश गराई किन यौनसम्पर्क गर्छन् ?**

**२. पुरुषले चरमसुख प्राप्त गर्दा उसको लिङ्गबाट वीर्य स्खलन भएको देखाइन्छ, तर स्त्रीको स्खलन देखाएको पाइँदैन, किन ?**

**३. पुरुषको लिङ्गबाट वीर्य स्खलन हुँदा स्त्रीको अनुहार वा छातीमा पोखाएको देखाइन्छ, किन ?**

**४. चलचित्रमा काम गर्ने स्त्री र पुरुष पात्रका गुप्ताङ्गमा कतै-कतै रौं देख्न पाइँदैन, सफा गरिएको पाइन्छ, किन ?**

– आर. एम.

**उत्तर : यौन चलचित्र के हुन् ?**

यौन उत्तेजनाका लागि मानवशरीरको अङ्ग वा यौन क्रियाकलापलाई छापा, मूर्ति, चित्र, तस्बिर वा चलचित्रका रूपमा प्रस्तुत वा प्रयोग गरिने कुरालाई अश्लील साहित्य वा चित्रण भनिन्छ। यौन चलचित्र पनि यसको एक पक्ष हो। अंग्रेजीमा नीलो फिल्म शब्द र चिनियाँमा पहेंलो फिल्म शब्दको प्रयोग यस्ता यौनजन्य वा अश्लील चलचित्र जनाउन प्रयोग हुने गरेको पाइन्छ, तर यसलाई कलात्मक ढङ्गले प्रस्तुत गरिएको भए त्यसलाई काम साहित्य भनिन्छ। के अश्लील र के श्लील वा कलात्मक भन्ने कुरामा भने संसारभरि नै विवाद छ। सजिलो भाषामा बुझ्नुपर्दा खुला रूपमा यौन क्रियाकलाप चित्रण गरिएका चलचित्र नै यौन चलचित्र हुन्, सायद यो शब्द नै तटस्थ र उपयुक्त छ।

अहिले प्रविधिको विकास तीव्र गतिमा भैरहेको छ र यस सँगसँगै यौनसम्बन्धी कुरामा पनि यसको व्यापक प्रयोग भैरहेको पाइन्छ। यसको व्यापकताले यौन चलचित्रलाई पनि व्यक्तिगत पहुँचमा पुर्‍याइदिएको छ।


**किन मानिसले यस्ता चलचित्र हेर्छन् ?**

मानव यौनिकताको विभिन्न वृत्तमध्ये ऐन्द्रिकता एउटा महत्त्वपूर्ण पक्ष हो। विभिन्न इन्द्रियबाट यौन सन्देश प्राप्त गर्ने अनि त्यसैअनुरूप आनन्द प्राप्त गर्ने कुरालाई यसमा समेटिएको हुन्छ। स्पर्श वा यौनसम्पर्कबाट आनन्द पाउने कुरा मात्र होइन, दृष्टिको माध्यमबाट यौन आनन्द पाउने कुरा यसमा पर्छ, जुन स्वाभाविक कुरा हो। सामान्यतया मानिस यौन उत्तेजक दृश्य हेर्न लालायित हुन्छ। यो कुरा अर्कै हो कि प्रत्यक्ष रूपमा त्यस किसिमको चाहनालाई समाजमा विद्यमान मूल्य-मान्यताका कारणले व्यक्त गर्नु कतिपय परिप्रेक्ष्यमा अशोभनीय वा असभ्य मानिन्छ।

यस्ता यौन उत्तेजक दृश्यहरू प्रत्यक्ष हेर्नु असजिलो, उपलब्ध हुन गाह्रो मात्र होइन, खर्चिलो पनि हुन्छ। प्रविधिको प्रयोगले यी बाधाहरूलाई हटाइदिएको छ र धेरैका लागि यौन चलचित्र वा तस्बिर हेर्ने कार्य यौनआनन्द प्राप्त गर्ने एक महत्त्वपूर्ण पक्ष हो। व्यक्तिको यौनचाहना पूरा गर्न सक्ने क्षमता नै यसको व्यापकताको कारक हो, त्यो पनि कुनै यौनरोग वा एचआईभी नलागी अनि धेरैजसो परिस्थितिमा अर्को कुनै व्यक्तिले थाहा नपाउने गरी।

**किन त्यस्ता दृश्य देखाइन्छन् ?**

मानिसको यौनसम्बन्धी चाहना र त्यस विषयमा केही नौलो गर्ने इच्छा हुने हुँदा यसलाई ध्यानमा राखेर यसमा त्यस किसिमका चित्र वा कार्यहरू प्रस्तुत गरिन्छ। मानिस एकनासेपनबाट थाक्छ। यस्ता यौन चलचित्रमा पनि एकै किसिमको चित्र वा क्रियाकलाप मात्र दोहर्‍याई-तेहेर्‍याई देखाउँदा त्यसमा रुचि हुँदैन। व्यापार गर्न नै यस्तो चलचित्र बनाइन्छ, त्यसैले ग्राहकले नयाँ खोज्छन् भने व्यापारीहरूले त्यो माग पूरा गर्ने प्रयास गर्छन्। यसरी यो एक किसिमले चक्रीय रूपमा चल्छ।



जातिअनुसार कसैको शरीरमा केश बढी हुन्छ भने कसैमा कम। त्यसैअनुसार यौनकेश मा पनि निकै विविधता पाइन्छ। अहिले महिलाले यौनकेश खौरने चलन छ र तपाईंले हेर्नुभएको चलचित्रमा यौनकेश खौरेका पात्रले अभिनय गरेका हुन सक्छन्। कतिपयका लागि यौन केश नभएको भगक्षेत्र बढी उत्तेजक हुनसक्छ।

**चलचित्र र वास्तविकताका कुरा**

हामीमध्ये धेरैजसोले चलचित्र हेरेका छौं। ती चलचित्रमा देखाइने कुरा वास्तविकजस्तै देखिने भए पनि कतिपय कुरामा ती हाम्रो वास्तविकताभन्दा निकै पर हुन सक्छन्। तपाईंलाई थाहै होला, चलचित्रमा अतिशयोक्तिपूर्ण दृश्यहरू, जुन हाम्रा कल्पनामा हुन्छन्, राखिएका हुन्छन्। यस्ता कतिपय दृश्य क्यामेराको चलाखी, अन्य वस्तु वा मानिसको प्रयोग मात्र होइन कि नयाँ प्रविधि जस्तै कि कम्प्युटरबाट बनाइएका चित्रहरू पनि मिलाएर तयार गरिन्छन्। यी कुराबाट यौन चलचित्र पनि अछुतो रहँदैन। लिङ्गको आकार, वीर्य स्खलन, यौनसम्पर्कको अवधि, यौन चरमसुख पाइएका कतिपय दृश्य वास्तविक नभै उनीहरूको अभिनय हो भन्ने कुरा हामीले बिर्सनु हुँदैन।

अन्य चलचित्रमा अनेकौं कुरा अतिशोक्तिपूर्ण तवरले देखाउँदा पनि हामी आफ्नो जीवनमा त्यसको प्रभाव ज्यादा हुन दिँदैनौं र त्यस्तै हुनुपर्ने अपेक्षा पनि गर्दैनौं। यदि कुनै शिक्षाप्रद कुरा भए त्यसलाई आफ्नो अनुकूलता हेरी ग्रहण गर्ने पक्ष आफ्नै ठाउँमा छ।

अन्तमा, आक्कल-झुक्कल यस्ता नग्न वा यौनचित्र चलचित्र हेर्न पुगेकै कारणले खासै गम्भीर नकारात्मक असर पार्दैन, तर यसको 'लत' बसे समस्या पर्न सक्छ। त्यसैले यसमा विशेष विचार पुर्‍याउनुपर्छ।

के तपाईंमा यौन सम्बन्धी समस्या छ?
पुरुषहरूमा देखिने
शीघ्र पतन, यौन सन्तुष्टि नहुने, यौन चाहना नहुने, लिङ्ग चिलाउने, स्वप्न दोष, सरुवा यौनरोगका साथै उमेर अनुसार यौनाङ्ग विकास नहुनु।
महिलाहरूमा देखिने
सेतो पानी बग्ने, योनी चिलाउने, यौन सन्तुष्टिमा कमी भएको महसुस हुने, स्तन सानो वा ठूलो हुने, तल्लो पेट दुख्ने तथा महिनावारी सम्बन्धी समस्याहरु।
सुन्दरता अनुहारका सबै किसिमका दाग, डण्डीफोर, कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेतो दुवी, साथै अन्य चर्मरोगहरु।
महिला वा पुरुषहरुमा हुने बांझोपन (बि :सन्तान) को गोपनियताका साथ उपचार
सम्पर्क स्थान: माता मनकामना आरोग्य केन्द्र तथा सेक्सोलोजिष्ट डाक्टर्स क्लिनिक
पुतलीसडक, काठमाडौं (साडी प्यालेस माथि) फोन: ४२४०३८१, ४२२५५३५
शाखा कार्यालय
पोखरा - ०६१-५३११९४ बुटवल - ०७१-५४८८९३
भरतपुर - ०५६-५२०९६८ इटहरी - ०२५-५८४०८८
दाङ - ९८४७८७७११४, ९८०६२०९८००
हेटौंडा - ०५७-५२६०४६ सप्तरी, फत्तेपुर - ०३१-५५०११२


We bring you the smile coz we fulfill your Dream ...
ANCHORING/उद्घोषण
V.J/RJ/STAGE/NEWS/TECHNICIAN
Public speaking / speech Art
Personality & confidence development
समय, पैसा र मेहेनत मूल्यवान छन्, सही ठाउँमा लगानी गरौ
With :- Mahima (Image TV), Bhuwan (Image TV), Kala (Hits FM), Kusum (Rajdhani),Raj (Star FM), Nirajan (Star FM), Dipak Samir (Mero FM) Krishna (Kantipur FM), Gyanendra (Star FM), Sabina(ATV), Shyam (Image FM), Puskar(NNTV), Hira (VOY FM), Bikash (NTV) & many more...
Rs. 1000 discount & job Guarantee
The Media's Collection
Bagbazar (opp. to petrol pump)
Ph No:-4233042
Pokhara:-061-530569
Also in Banepa & Ithari
Join No.1 Media station for beautiful smile



थाहै नदिई
जाँड-रक्सी छुटाउन
यौन शक्ति शीघ्र स्खलन रोकी, उत्तेजना बढाउने Imported Japani Oil
● मोटोपना घटाउन/तौल बढाउन १२ Kg सम्म
● अनुहारको चाँया-पोतो, Pimples साथै Wrinkles को ग्यारेण्टी उपचार
Breast Care @ 1275/-
डेलिभरि सुविधा
0% Side Effect, 100 % effective
4442133, 4438630
98511-10326, 9845159169 चितवन:

सुखी विवाहित जीवनको लागि
सेवाको १५ वर्ष
विवाहको पहिलो वा विवाहपछि भएका यौन रोग, शीघ्रपतन, स्वप्न दोष, पिसावसित धातु खस्ने, नपुंसकता, सन्तान नहुने र कमजोरी आदिको सफल उपचारको लागि आज नै भेट्नुहोस्।
भेट्ने ठेगाना: फोन नं. : ४-४६०७८५
पापुलर आयुर्वेद औषधालय
ज्ञानेश्वर, रातोपुल पारिपट्टी, काठमाडौं

## बाटो पत्ता लगाउनुहोस्



# पत्याउनु हुन्छ ?

गाईले आफ्नो जीवनमा सरदर २ लाख गिलास दूध दिन्छ ।






नेपोलियन बोनापार्ट ब्रान्डको नाडी घडीको मूल्य १९ हजार रुपैयाँबाट प्रारम्भ भएर १ करोड रुपैयाँभन्दा माथि पुग्छ ।



मानिसले प्रयोग गर्ने गर्भनिरोधक औषधीले गोरिल्लामा पनि काम गर्छ।

## साप्ताहिक कोठेपद- ३




### दायाँ

१ पाँचौं राणा प्रधानमन्त्री (८)
३. अन्तिम उत्कर्ष (५)
४. 'स' वा 'सा' उच्चारण हुने संगीतको सात स्वरमध्ये पहिलो स्वर (३)
६. लिखित रूपमा दिइने स्वीकृतिपत्र (५)
८. भोलि, आउने दिन (३)
१०.आँपको फूल (३)
१२. गंगालाई धरतीमा ल्याउने ऋषि (४)
१३ आयुर्वेदका ज्ञाता, एक ऋषि (३)
१४. हावा (२)
१५. कर्णलाई यसो पनि भनिन्छ (४)
१६. बर्दिया जिल्लाको व्यापारिक नाका (४)
१७. हाम्रो शरीरमा हुन्छ (३)
१८ व्यासका पिता (४)
१९. जनैपूर्णिमा (५)

### तल

१. राजाहरूको पाउ राख्न बनाएका आसन (६)
२. भगवान् विष्णुको शैय्या (४)
३. सजिलै लेनदेन गर्न सकिने सम्पत्ति (५)
५ बेलायती महारानी (८)
६. मन हर्ने, रमाइलो (५)
७. उदारवादको विरोधी (६)
८. फूलको भित्री भागमा रहने सुगन्धित धूलो (३)
९. तरङ्ग वा लहर उठेको (४)
१० नेपालको एक जिल्ला (६)
११. स्वर्गको उल्टो (३)
१३. मगमग वासना आउने एक फूल (३)
१६. एक ताल (२)
१७. हेरचाह (२)


## १० वटा फरक खोज्न सक्नुहुन्छ ?



## अंक र अक्षर चिन्नुहोस्



तल दिइएको चित्रमा लुकेका जनावरहरू पत्ता लगाउनुहोस्





‘बढी सकारात्मक हुनुका पछाडि थुप्रै कारण हुन सक्छन्। सबैभन्दा महत्वपूर्ण कारण हो- असुरक्षाको भावना। यदि व्यक्तिमा हीनभावना छ वा ऊभित्र आत्मविश्वासको कमी छ भने उसभित्र जहिले पनि एक किसिमको डर कायम हुन्छ- कतै आफूभन्दा राम्रो मित्र पाए साथीले आफूलाई छोड्छ कि ? यही कारणले गर्दा ऊ आफ्ना साथीको मेलजोल विशेषगरी विपरीत लिंगीका व्यक्तिमाथि बढी नजर राख्छ। आफ्नो साथीले तिनीहरूसित खुलेर बोलेको, हाँसेको तिनलाई मन पर्दैन। तिनलाई लाग्छ, जसलाई म प्रेम गर्छु, ऊ मात्र मेरो होस्।’

# बढी सकारात्मक हुनुको अर्थ

कसैलाई प्रेम गर्नु आफैंमा सुन्दर अनुभूति हो तर जब प्रेमले कोमलताको सिमानालाई तोडेर उग्र बेग धारण गर्न थाल्छ त्यसमा समर्पणको भावना जीवित रहेर पनि जिद्दीपन हावी भएको महसुस हुन्छ। यस्तोमा प्रेमिका/प्रेमीले आफूप्रति पनि सधैं समर्पणको भाव दर्शाइरहोस् भन्ने चाहना राखिन्छ जुन हरेक समय सम्भव हुँदैन। यस्तो परिस्थितिमा व्यक्तिलाई आफ्नो साथीको प्रेममा कमी आएको महसुस हुन थाल्छ किनकि बढ्दो अपेक्षाले यथार्थलाई स्पष्ट रूपमा देख्न दिंदैन जसका कारण सबै कुरा कुहिरोभित्र लुकेजस्तो हुन्छ र हरेक कुरा बेइमानी लाग्न थाल्छ।

जब साथीले उसको अधिकार तथा भावनाको जानेर वा अञ्जानवश विरोध गर्छ तब व्यक्तिको मनमा अनेक आशंकाले जन्मन्छ। कसैमाथि आफ्नो अधिकार जमाउनु वा उसलाई लिएर सकारात्मक हुनु सामान्य भए पनि यदि यी भावनाले कुनै सीमालाई तोड्छ भने तब सम्बन्धमा तीक्तता महसुस हुन थाल्छ, साथै अनेकौं समस्या उत्पन्न हुन्छ। आफ्नो साथी हरेक समय आफ्नो साथमा रहोस् भन्ने अपेक्षा गर्नाले आपसी सम्बन्धमा निरसता सञ्चार गर्छ। खुलेर, स्वतन्त्र भएर जिउने चाहना हरेक व्यक्तिमा स्वभाविक रूपले हुन्छ। यदि कोही एकले आफ्नो जीवनमा चाहिनेभन्दा धेरै हस्तक्षेप गर्न थाले सम्बन्ध बन्धन जस्तो महसुस हुन थाल्छ र त्यसलाई अघि बढाउन सम्भव हुँदैन।

यो प्रवृत्ति महिलामा धेरै देखिए पनि पुरुष समेत यसबाट अछूतो छैनन्। अधिकार जनाउने स्वभाव व्यक्तिमा कहीं न कहीं सानैदेखि लुकेको हुन्छ। उमेरसँगै कुनै न कुनै प्रक्रिया वा स्वरूपमा यो भावना विभिन्न तरिकाबाट व्यक्त हुने गरेको छ। यद्यपि प्रेमसम्बन्ध एवं दम्पत्य सम्बन्धमा यसको असर धेरै देख्न पाइन्छ। यो भावना कैयन् अवस्थामा यति हदसम्म जटिल हुन पुग्छ कि एक जना पूर्ण रूपले अर्कोमाथि हाबी हुन थाल्छ र उसले अर्को व्यक्तिबाट पलपलको हिसाब खोज्न थाल्छ। यसका साथै साथीको हरेक गतिविधिमा नजर राख्न थालिन्छ। ऊ कहाँ जान्छ, कोसित कुरा गर्छ, कसलाई फोन गर्छ, सबै कुरा बुझ्ने इच्छा जीवनको महत्त्वपूर्ण हिस्सा जस्तै हुन पुग्छ। मनोविश्लेषकहरूका अनुसार पोजेसिव हुनु ठीक हो तर त्यो एक हदसम्म किनकि कुनै पनि कुराको अतिले क्षतिलाई निमन्त्रणा दिन्छ। जब अधिकारको भावना प्रवल हुन्छ तब त्यो मनोविकार बन्न पुग्छ। आम मानिस त्यसलाई प्रेमको संज्ञा दिन्छन् तर यो विभिन्न निराधार आशंकाका कारण उब्जिएको एक प्रकारको भय हो जसबाट व्यक्ति डराउँछ र ऊ आफ्नो साथीमाथि अधिकार जमाउन विवश हुन्छ।

धेरै सकारात्मक हुनुका थुप्रै कारण हुन सक्छन्। सबैभन्दा महत्त्वपूर्ण हो- असुरक्षाको भावना। यदि व्यक्तिमा हीनभावना छ वा ऊभित्र आत्मविश्वासको कमी छ भने उसभित्र जहिले पनि एक किसिमको डर कायम हुन्छ- कतै आफूभन्दा राम्रो मित्र पाए साथीले आफूलाई छोड्छ कि ? यही कारणले गर्दा ऊ आफ्ना साथीको मेलजोल विशेषगरी विपरीत लिङ्गीका व्यक्तिमाथि बढी नजर राख्छ। आफ्नो साथीले तिनीहरूसित खुलेर बोलेको, हाँसेको तिनलाई मन पर्दैन। तिनलाई लाग्छ कि जसलाई म प्रेम गर्छु, ऊ मात्र मेरो होस्।

‘तिमी मात्र मेरो हौ’ भन्ने भावना प्रेमको मात्र परिणति होइन यो हीन भावनाका कारण पनि उत्पन्न हुन्छ। श्रीमान्-श्रीमतीमध्ये कोही एक धेरै सुन्दर वा सफल भए र यदि व्यक्ति आफूलाई आफैमाथि विश्वास नभएको स्थितिमा व्यक्ति हीन भवनाको शिकार हुन्छ।

हीनतालाई हटाउनुको साटो साथीको ध्यान आफूतर्फ आकर्षिक गर्ने प्रयास प्रारम्भ हुन्छ र यसका लागि ऊ अनेकन क्रियाकलाप गर्न पनि पछि पर्दैन जसबाट साथीलाई यो अनुभूति होस् कि ऊ नै उसका लागि सर्वोपरि हो। कैयन् दम्पती के चाहन्छन् भने साथीले उसलाई चाहन्छ भन्ने कुरा बारम्बार शब्द वा व्यवहारबाट व्यक्त गरोस्। यदि यो इच्छा पूरा भएन भने उनीहरू बढी सकारात्मक हुन्छन्। मनोविश्लेषकहरूका अनुसार आजको जीवनशैली र बदलिंदो सामाजिक परिस्थितिमा पति-पत्नीबीच पनि एकसाथ समय बिताउने अवसरको कमी हुन्छ र हीनतालाई हटाउनुको साटो साथीको ध्यान आफूतर्फ आकर्षित गर्ने प्रयास प्रारम्भ हुन्छ। यसका लागि ऊ अनेकन क्रियाकलाप गर्न पछि पर्दैन जसबाट साथीलाई यो अनुभूति होस् कि साथी नै उसका लागि सर्वोपरि हो। यसबाट उसमा सकारात्मकताको भावनाले पकड जमाउँछ र अन्ततः सम्बन्ध नै बोझपूर्ण सावित हुन थाल्छ। सम्बन्धलाई तोडिनबाट जोगाउनआपसी संवाद कायम राख्नु आवश्यक छ। आफ्नो मनको कुरा सेयर गर्नु महत्त्वपूर्ण हुन्छ नकि अधिकार जमाएर कुरा मनाउनु।

प्रेम एक सुखद अनुभूति हो तर यसलाई बढाउन र हुर्काउन आपसी स्पेसको आवश्यता पर्छ। भनिन्छ जसलाई प्रेम गरिन्छ, उसलाई स्वतन्त्र छाड्नुपर्छ। यदि ऊ आफ्नो हो भने ऊ फर्केर आउँछ, यदि होइन भने सोच्नुपर्छ कि ऊ कहिल्यै आफ्नो थिएन। प्रेम एक प्याकेज जस्तै हो। जो तब मात्र फुल्न, फल्न सक्छ जब त्यसमा आपसी विस्वास, सम्झदारी, प्रेम एवं आत्मीयताको भाव निहित हुन्छ। जब दुई व्यक्ति सम्बन्धमा गाँसिन्छन् तब नभनिकनै एक-अर्कामाथि आफैं अधिकार सिद्ध हुन्छ, त्यो अधिकारलाई शब्द वा व्यावहारिक रूपमा व्यक्त गरिरहनुपर्ने आवश्यकता हुँदैन।

–रोजिन शाक्य


NEPAL's NUMBER 1 INSTITUTE
If flying is your first love, then jetset your career with us.
Join us as an INTERNATIONAL AIRHOSTESS
BEST PLACEMENT RECORD 2006, 2007 & 2008
FLY TECH® INTERNATIONAL An Aviation Academy
ADMISSION OPEN For Morning & Day Shift
Putalisadak, Kath.-2004582, 2004583 www.flytech.com.np

तु-आवश्यकता
American Cocept को Organization लाई कर्मचारी चाहियो।
योग्यता: Test, SLC or Above
संख्या : 10 Ladies & Gents
तलब: 7500+ संञ्चय कोष
गोंगबु चोकबाट सामाखुसि चोक तर्फ बायाँ Nepal SBI बैंक संगैको घरमा (Cosmic Int.)
01-6226529
9841881313
नोट: आफ्नो योग्यताको प्रमाणपत्र र २ PP Photo आवश्यकता

होटल तालिम होटल खुम्जुङ्गमा
छिटो अनि राम्रोसँग Five Star लेबलका Chef हरुद्वारा सिकाइने कुक-वेटर/हाउस किपिङ्ग/बेकरी/फ्रन्ट अफिस/बार म्यान/तथा अंग्रेजी, नेपाली र जापनीज भाषाका कक्षाहरु का साथै हाउस वाइफ र पढ्दै नपढेको हरुका लागि विशेष कक्षाको व्यवस्था गरिदै छ। भर्ना धमाधम लिइदैछ।
Hotel Khumjung Training Center
महाराजगञ्ज, चक्रपथ, नारायण गोपाल चोकबाट ३ मिनेट पूर्व
Tel: 4373411, 4372194

१ वर्ष मै +2 तथा Math/Science/ Test नदिई S.L.C. पास गर्न
→ + 2/S.L.C. मा कुनै ५ विषय पढे पुग्ने।
→ जागिरे तथा गृहिणिहरूले घरमै बसि पढ्न सकिने।
→ नेपाल सरकार तथा विश्वभर मान्यता प्राप्त।
→ नेपाली English भाषामा परीक्षा दिन सकिने।
पाथ फाइन्डर ग्लोवल एजुकेशन Science, Commerce, Arts
पुतलीसडक चोक, काठमाण्डौं (रिपोटर्स क्लबको सिधा अगाडी)
२००५०७७ विगत ९ वर्ष देखि सञ्चालित नेपाल सरकारबाट मान्यता प्राप्त

Wanted
L.G Company लाई कर्मचारी आवश्यकता
SLC दिएर बसेकालाई सुवर्ण अवसर
संख्या: 11 Gents & Ladies
तलब: 8500
योग्यता: Test/SLC Above
Unique Solution, Gwarko, Lalitpur
5543056, 9841466409
9803897872
Unique Reliance, Koteshawor
9849195510, 9803152873
9849195509
कोटेश्वर SOS को अपोजिट

तु: आवश्यकता
Emami कम्पनी (UK) को सहयोगमा संचालित यस Organization लाई कर्मचारी अवश्यकता।
SLC दिएर बसेकाले पनि काम गर्न मिल्ने
योग्यता - Test, SLC, +2 Above
सङ्ख्या - 7 Gents & Ladies
तलब - 9500+ गाडिभाडा+ संचयकोष
(होस्टेलको व्यवस्था भएको।)
Unique Relation
6637290, 9841680647, 9841574773
लोकेशन: नयाँबाटो ठिमी शंखधर चोक भक्तपुर।

ENGLISH LANGUAGE TRAINING
छिटो अनि राम्रोसँग American Method मा सिकाइने १ मात्र English, Japanese, Spanish, Chinese, German तथा French Language Training संचालन गरिँदैछ।
३ महिना भित्र राम्रोसँग बोल्न सक्ने बनाउने विश्वास दिलाउछौं।
BUD LANGUAGE INSTITUTE
जमल रानी पोखरी, विश्वज्योति हलसँगै
Tel :- 4249576

सौन्दर्यका सामान
Free Home Delivery / 100% Guaranteed
Height बढाउने (Yoko Japanese)- 1050/-
मोटोपन घटाउने (Sauna Belt)
अनुहार गोरो बनाउने (Roop Amrit)
स्तन बढाउने, घटाउने साथै टाइट गर्ने (Cream)
डण्डीफोर, चाया पोतो हटाउने (Cream)
धुम्रपान, जाँड रक्सी छुटाउने, चाउरीपना हटाउने
कपाल नझर्ने वा उमार्ने तेल (Herbal-44)
एकमुखे रुद्राक्ष साथै हनुमान कवज
Worldwide Shopping Centre
Newbaneshwor
(शङ्खमुल मार्ग, तयारी पोशाक संघको अगाडी)
Ph. 2290871, Mob. 9841506134

उद्घोषण
6 Years Excellence
Since 2060 With the diffrence RJ/VJ/MC
Public Speaking, Personality Devlopment, FM Technician course
Since 2060
After Exam...Get Heavy Discount N Great Opportunity offer
RJ/VJ/MC/News Reader Rs.1000/- Dis
Hurry UP... आफ्नै FM मा 100% On-the-Job(Internship)Training for all trainees
असार १५ गतेभित्रमा भर्ना गर्ने सबैलाई यो अवसर दिइने छ। Nepal's 1st Anchoring Training Center
Training Center with Own FM station and Digital Practical Studio
Launching soon AXIS FM
AXIS Media & Ent. (Pvt.) LTD.
bagbazar, near buddha stupa
Ph:- 2331656
For More Details and Media Job Log on:www.axismedia.com.np

## तातो घाममा झन् तात्यो धरान



तस्बिर : विकास राई

धरान– शनिबार धरानको पब्लिक स्कुलको खेलमैदानमा सञ्चालित नवीन संगीतयात्रा २०६६ मा राष्ट्रिय स्तरका ख्यातिप्राप्त कलाकारहरूले दर्शकहरूलाई छुट्टै मनोरञ्जन प्रदान गरे। प्राय:जसो पप र रक कन्सर्ट हुने ठाउँमा त्यस दिन आधुनिक र चलचित्रका गीतमा पनि दर्शक असिन-पसिन हुँदै उनीहरूसँग सुरमा ताल मिलाउँदै नाचे। यस्ता खुला सांगीतिक कार्यक्रममा लाइभ रक र पप गीतहरू मात्र राम्रो हुने मान्यता राख्नेहरूका लागि त्यस दिन उपस्थित दर्शकहरूको भीडले गलत साबित गरेको थियो।

चौर पूरै भरिएको थियो भने वरपरका घरका बरन्डाबाट पनि दर्शकहरू कार्यक्रममा आफूहरूलाई व्यस्त बनाएका देखिन्थे। उनीहरूलाई दिउँसोको प्रचण्ड घामको कुनै पर्वाह थिएन। सबै वर्ग, तह र तप्काको ध्यानमा राखेर एकै ठाउँमा किराँत-राई विद्यार्थी संघले यसरी कलाकारहरूलाई एउटै स्टेजमा निम्त्याएका थिए। राजेश पायल राईले 'खास त केही छैन' बाट सुरु गरेपछि निरन्तर आफ्ना डेढ दर्जनभन्दा बढी गीत प्रस्तुत गरे।

आफ्ना गीतप्रति धराने संगीतप्रेमीहरूले लगातार साथ दिइरहँदा उनी मख्ख देखिन्थे। कार्यक्रममा उपस्थित दर्शक वृन्दा राईलाई स्टेजमा बोलाएर राजेशले गाउँदै नाच्दा अरू युवतीहरू पनि उनीसँगै नाच्न तँछाडमछाड गरिरहेका थिए। त्यसपछि तातो घाममा भएको उक्त कार्यक्रममा उनीहरू झन् तात्तिएका थिए। कार्यक्रममा सविन राई, पार्वती राई, धीरज राई र आभा मुकारुङले पनि दर्शकहरूको सांगीतिक तिर्सना मेटाएका थिए। नवकलाकार राज राईको प्रस्तुति पनि दर्शकको आँखामा परेको थियो। उक्त अवसरमा सविन राईले आफ्ना तीनवटा कर्णप्रिय गीत प्रस्तुत गरे। कार्यक्रममा स्थानीय स्तरमा निकै लोकप्रिय गरिमा डान्स सेन्टरको नृत्यले उपस्थित दर्शकलाई वान्स मोर भन्न बाध्य तुल्याएको थियो।

–भीषण राई

## इलाममा नवीन संगीत

इलाम– सधैं भद्र भएर कार्यक्रममा सहभगी हुने इलामका दर्शक शुक्रबार निकै उत्ताउला लाग्थे। नहुन् पनि कसरी ? दर्शक तताउन खप्पिस कलाकारहरूले धेरै नदिएपछि। इलाम क्याम्पसमा आयोजित कार्यक्रममा कलाकार मात्र थाकेनन् उपस्थित हजारौं दर्शकले पनि जीउ दुखाए। दिउँसो सदरमुकाम सुनसान थियो। व्यस्तताबीच पनि व्यपारीदेखि गाउँगाउँबाट आएका सर्वसाधारण इलाम क्याम्पस परिसरमा झुम्मिएका थिए। क्याम्पसमा छाएको सांगीतिक वातावरणमा रंगिने धोकोले धेरैलाई तानेको थियो। क्याम्पसको स्टेजमा पहिलो पटक उत्रिएका ख्यातिप्राप्त कलाकारको प्रस्तुति पनि गजबको थियो।

किराँत राई विद्यार्थी संघले आयोजना गरेको कार्यक्रममा राई समुदायबाट स्थापित कलाकारहरूको बाहुल्यता थियो। सात वर्षदेखि



बेपत्ता संघका संस्थापक अध्यक्ष नवीन राईको खोजीका लागि सांगीतिक यात्राको आयोजना गरिएको हो। नवीन संगीत यात्रा इलाम र धरानमा सम्पन्न भएको थियो। कार्यक्रमले बेपत्ताको खोजीका लागि नयाँ शैली प्रस्तुत गर्‍यो भने स्थापित कलाकारले पनि नयाँ दर्शकमाझ प्रतिभा देखाउने अवसर पाए।

गायक राजेश पायलदेखि पप स्टार धीरज राई, युवापुस्तामा लोकप्रिय सविन राई, आभा मुकारुङ, पार्वती राई, नारायण राई, भूपेन राई आदिको प्रस्तुति हेर्न लायक थियो। चर्चित कलाकारको प्रस्तुतिले कार्यक्रम अवधिभर दर्शकहरूले नाचेर साथ दिए। सबैजसो कलाकारले डान्सिङ नम्बरहरू प्रस्तुत गरेकाले प्रचण्ड घाममा पसिना पुछ्दै दर्शक नाचेका थिए।

विप्लव भट्टराई

## बुटवलमा रेड डे पार्टी



बुटवल– स्कुल अफ आर्ट एन्ड फेसन टेक्नोलोजी आईईसी बुटवलले बिहीबार यहाँ अलिक फरक खालको डान्सपार्टी सम्पन्न गर्‍यो। रेड डे शीर्षकको पार्टीमा गीतसंगीतको आनन्दसँगै सहभागीहरूले मोडलहरूको क्याटवाक र उनीहरूको फेसनको प्रतिस्पर्धा हेर्ने अवसर पाए। बुटवलका डीजे वसन्त श्रेष्ठले हिन्दी, नेपाली र अंग्रेजीका दुई दर्जनभन्दा बढी गीत बजाएर सहभागीहरूलाई नचाएको पार्टीमा आईईसीका विद्यार्थीहरूबीच उनीहरू आफैंले डिजाइन र क्रियसन गरेको पहिरनको प्रतिस्पर्धा भएको थियो। रातो रंगका वान पिस पहिरिएर स्टेजमा उत्रिएका मोडलहरू केही बेरको क्याटवाकपछि सहभीहरूसँगै संगीतको तालमा झुमेका थिए। आकर्षक स्टेज र लाइटिङमा झन्डै ३ घण्टा ढिलो गरी साँझ ७ बजेदेखि चलेको पार्टीको बीचमा अचानक ठूलो पानी परे पनि सहभागीहरू त्यसको वास्ता नगरी अबेरसम्म रमाइरहेका थिए। सहभागीहरूको रोजाइका आधारमा घोषणा गरिएको नतिजाअनुसार एलिजा तुलाधर, हीरा पेग्मी र कल्पना गुरुङको डिजाइन क्रमश: प्रथम, द्वितीय र तृतीय घोषित भए।

## वसन्तले नचाए

बुटवल– देशका ३१ सहरबाट बुटवलमा भेला भएका रोट्राचाक्ट क्लबका युवायुवतीहरू शनिबार राति बुटवलमा आयोजित विशेष मनोरञ्जनात्मक कार्यक्रममा रमाए। काठमाडौं, पोखरा, वीरगन्ज, धरान, हेटौंडा, चितवन, बुटवल, दमौली आदि सहरका रोट्राचाक्ट क्लबका प्रेसिडेन्ट र सेक्रेटरी गरी १ सय जनाभन्दा बढीको जमघटमा रूपन्देही उद्योग संघको हलमा



आयोजित कार्यक्रममा उनीहरू गीत-संगीत र नृत्यमा रमाएका हुन्। कार्यक्रममा बुटवलका डीजे वसन्त श्रेष्ठले सहभागीको रोजाइका नेपाली र हिन्दी पप, आधुनिक र रिमिक्स गीतहरू प्रस्तुत गरे। फरक-फरक ठाउँबाट जम्मा भएका १८ देखि ३० वर्ष उमेरका युवायुवतीहरू कुनै संकोच नमानी संगीतको तालमा धक फुकाएर नाचेका थिए। साँझ ७ बजे प्रारम्भ भएको कार्यक्रममा डीजेको प्रस्तुतिबाहेक सहभागीहरू आफैंले गीत, गजल र मुक्तक गाएर तथा क्यारिकेचर गर्दै राति दस बजेसम्म एक-आपसमा खुलेर रमाइलो गरेका थिए। 'वर्षको दुई पटक आयोजना हुने यस्तो जमघट रोट्राचाक्टरहरूका लागि दसैं पर्वजस्तै भएकाले निकै खुसी र उल्लासपूर्वक रमाइलो गर्‍यौं,' -कार्यक्रमको आतिथ्यता गरेको रोट्राचाक्ट क्लब अफ बुटवलका अध्यक्ष राजेन्द्र कार्कीले बताए।

–टोपराज शर्मा

## राइजिङ स्टारको लाइभ कन्सर्ट

चितवन– केही महिनाअघिसम्म अञ्जना रानामगर, अनामिका मल्ल एवं शिव लामालाई सबैले त्यति चिन्दैनथे तर यिनीहरू अहिले चितवनमा छाएका छन्। उनीहरूलाई चिनाउन मद्दत पुर्‍याएको छ गायनले। सुरिलो भाकामा गीत गाउने यिनीहरू राइजिङ स्टार बन्ने तयारीमा छन्। गायन प्रतिभाको खोजी गर्ने सिनर्जी एफएमको अभियानले यो वर्ष पनि निरन्तरता पाएको छ। अहिले सिनर्जी राइजिङ स्टार-२ मा पर्न सफल टपटेन छनौट भैसकेको छ।

२०६५ पुस ९ गते सुरु



भएको अडिसनबाट टपटेनसम्म आउन सफल भएका छन् मनिषा तिवारी, सुरज विक, अनामिका मल्ल, विष्णु खड्का, अञ्जना रानामगर, शिव लामा, चीज गुरुङ, चन्द्रबहादुर तामाङ, शिखर जोशी र सन्दीप श्रेष्ठ। यी प्रतियोगीहरू विभिन्न तीन चरणको छनौटपछि टपटेनमा पर्न सफल भएका हुन्। चितवन र नवलपरासीका विभिन्न ४ प्रि-अडिसनमा ५ सयभन्दा बढीले सहभगिता जनाएका थिए। उनीहरूबाट दोस्रो चरणमा १ सय ५३ जना र त्यसपछि ५१ जना स्टुडियो राउन्ड र त्यसपछिको १३ साता लामो स्टुडियो राउन्डबाट टप ट्वान्टी हुँदै टपटेनमा पर्न सफल भएका छन्। टपटेनलाई लिएर भोलि शनिबार नारायणगढको कला मन्दिरमा लाइभ कन्सर्ट हुने भएको छ।

टपटेनको प्रतिस्पर्धापछि श्रोताहरूको एसएमएसमार्फत् मन परेको प्रतियोगीलाई भोटिङ गर्ने व्यवस्था मिलाइएको छ। भोटिङमार्फत् यही असार ६ गते टप फाइभ सेलेक्सन गरी असार १३ गते सिनर्जी राइजिङ स्टार छनौट गरिने एफएमका प्रबन्ध निर्देशक एवं निर्णायक सहन प्रधान बताउँछन्। राइजिङ स्टार हुन सफल गायकलाई पुरस्कार स्वरूप एकल एल्बम निकाल्न सहयोग पुर्‍याइनेछ।

–प्रवीण दत्त

## मनोज गजुरेल फेरि बने प्रचण्ड

चितवन– जेठ १५ अर्थात् गणतन्त्र दिवस। साँझको ५ बज्नै लागेको थियो। २ सय, ५ सय दरका टिकट हातमा बोकेर भित्र प्रवेश गर्नेको लाम लागेको थियो। दर्शकमा वृद्ध-वृद्धादेखि युवा-युवतीसम्मको घुइँचो थियो। कार्यक्रमस्थल भरतपुर क्यान्सर अस्पतालको सभागृहमा तीनवटा गेटमा टिकट चेक कडाइका साथ भैरहेको थियो।

कार्यक्रममा उपस्थित हुन आएका सबैका आकर्षणका केन्द्र थिए हास्यकलाकार मनोज गजुरेल तथा चर्चित लोक गायक बद्री पंगेनी। गणतन्त्र दिवसका अवसरमा अनेरास्ववियु जिल्ला सांस्कृतिक विभागले आयोजना गरेको कार्यक्रमको शीर्षक थियो 'अखिल साँझ'। कार्यक्रममा अनेक विधा समावेश थिए। कार्यक्रम सुरु हुनेबित्तिकै चर्चित गजलकार बुँद रानाले गजल प्रस्तुत गर्न भ्याए। आयोजकले अबको पालो नाटकको भन्दै नाटक प्रस्तुत गर्न लगाए। पुष्प आचार्यले लेखेका 'मनहरूको पुनर्मिलन' को मञ्चन सुरु भयो। नाटकले द्वन्द्वको घाउले अहिले पनि कति पिरोलिएका छन् भन्ने यथार्थ प्रस्तुत गरेको थियो।

नाटक सकिन नपाउँदै स्कुले विद्यार्थीहरू स्टेजमा आइपुगे। त्यसपछि सबैको आकर्षण मनोज गजुरेल प्रचण्डको वेशभूषामा सजिएर स्टेज अगाडिको ढोकाबाट दर्शकलाई हातले अभिवादन गर्नै स्टेजमा आइपुगे। एक जना युवती पत्रकार बनेर उनको अन्तर्वार्ता लिन तम्तयार थिइन्। उनी बस्न नपाउँदै उनको प्रश्न तेर्सियो ? वर्तमान राजनीतिको अवस्थादेखि वाईसीएलको ज्यादती अनि सत्ता कब्जाका उत्तर दिँदा-दिँदा उनी हैरान भए। बीच-बीचमा दर्शकको तालीले हल नै गुञ्जायमान भयो।

त्यसपछि स्टेजमा निम्त्याइए अर्का चर्चित लोकगायक बद्री पंगेनी। उनले गाउन सुरु गर्नेबित्तिकै स्टेज तल नाच्नेहरूको ताँती नै लाग्यो। उनको अन्तिम प्रस्तुत थियो शान्ति क्षितिजपारि छ। यो गीतमा पनि उनले सबैको साथ पाए। त्यसपछि फेरि निम्त्याइए मनोज गजुरेल।



अबको पालोमा उनले उपराष्ट्रपतिले हिन्दीमा शपथ खाएको विषय कोट्याए र अनि भने– संसद्मा ३६ भाषा बोल्ने सभासद छन्, तिनीहरू सबैले आ-आफ्ना मातृभाषामै त्यहाँ कुरा गरे कस्तो स्थिति आइपर्ने हो ?

त्यसपछि उनले मोबाइलको प्रसंग कोट्याए। मोबाइलको ज्यादतीले कुनै सर्वसाधारण मरे भने त्यसको जिम्मा नेपाल टेलिकमले लिनुपर्ने भन्दै उनले व्यंग्य प्रस्तुत गरे। वर्तमान राजनीतिको अवस्था यस्तै रहे ३ सय वर्षमा समेत नयाँ संविधान नबन्ने बताउँदै उनी बिदा लिएर गए। बीच-बीचमा चितवनका स्कुले विद्यार्थीहरूले गरेको नृत्यले पनि दर्शकहरूको माया प्राप्त गर्‍यो। कार्यक्रम ५ घण्टासम्म चलेको थियो।

# स्कुजी ब्यान्डिट सर्वोत्कृष्ट

स्वाभिमान निर्माणको नारासहित काठमाडौंमा चार दिन चलेको तेस्रो नेपाल अन्तर्राष्ट्रिय आदिवासी चलचित्र महोत्सव भव्य रूपमा सम्पन्न भएको छ। महोत्सवमा नेपाल र विदेशका ६६ वटा लामा-छोटा चलचित्र, वृत्तचित्र, म्युजिक भिडियो र एनिमेसन गरिएका चलचित्र प्रदर्शन गरिएको थियो। महोत्सवमा न्युजिल्यान्डका सान्डोर लौद्वारा निर्देशित स्टारफिस माउसी जातिको 'स्कुजी ब्यान्डिट' ले सर्वोत्कृष्ट पुरस्कार प्राप्त गर्‍यो। यो चलचित्र स्टारफिस माउसी जातिका पुरुषहरूको साहसिक कथामा आधारित छ।

यस्तै द्वितीय पुरस्कार नेपाली निर्देशक माओत्से गुरुङद्वारा निर्देशित गुरुङ भाषाको चलचित्र तिनागाले हात पर्‍यो भने तृतीय पुरस्कार इलेन अस्टी लन्डबी निर्देशित सामी जातिमाथिको अनुसन्धानमूलक वृत्तचित्र सडेन्ली सामीले पाएको छ। आउरामासी निर्देशित फिनल्यान्डको चलचित्र गैतलागाले समीक्षक एवार्ड प्राप्त गर्‍यो।

महोत्सवमा दर्शकहरूका मतको आधारमा मगर भाषाको चलचित्र वाराही पुत्रले दर्शक छनौट पुरस्कार हासिल गरेको छ। यो चलचित्रको निर्देशन मौसम पाइजा पुनले गरेका हुन्। नवलपरासी र चितवनका माझी समुदायको पेशा संकटमा परेको कथामा निर्मित मनोज पाण्डेद्वारा निर्देशित वृत्तचित्र लिभिन बाइ द रिभर र प्रिनराज जोशीद्वारा निर्देशित कुमाले जातिको माटाको भाँडा बनाउने पेशा संकटमा परेको प्रसंगमा आधारित वृत्तचित्र ग्वेमरुलाई सम्मान गरिएको थियो। महोत्सवमा नेपाल लगायत १३ वटा देशका चलचित्र प्रदर्शन गरिएका थिए।




**आदिवासी चलचित्र महोत्सव**

पर्यटन बोर्ड तथा राष्ट्रिय सभागृहमा चार दिनसम्म चलेको महोत्सवमा आदिवासी जनजाति भाषा-भाषीका चलचित्र प्रदर्शनका अतिरिक्त परिकार महोत्सव समेत आयोजित गरिएको थियो। आयोजक संस्था इन्डिजिनियस फिल्म आर्काइभका अध्यक्ष नवीन सुब्बाले आदिवासी चलचित्रको बजार नेपालसहित खाडी मुलुक, अष्ट्रेलिया, युरोप र अमेरिकामा भएको औंल्याउँदै ती क्षेत्रमा आदिवासी चलचित्रको बजार व्यवस्थापनमा सरकारले सहयोग गर्नुपर्ने धारणा व्यक्त गरे।

**देशैभरि चलचित्र महोत्सव हुने**

आदिवासी चलचित्र महोत्सव केही समयपछि नेपालका छवटा सहरमा प्रदर्शन गरिने महोत्सवकी निर्देशक सृजना सुब्बाले जानकारी गराइन्। छ महिनाभित्र दाङ, बिर्तामोड, बुटवल, धरान, पोखरा र चितवनमा स्थानीय स्तरका संघ-संस्थाहरूको संयोजकत्वमा आदिवासी चलचित्र महोत्सव हुने भएको हो।

## के छ तिनागामा ?

गुरुङ भाषामा निर्मित चलचित्र तिनागाले हालै सम्पन्न तेस्रो आदिवासी चलचित्र महोत्सवमा दोस्रो स्थान हासिल गरेको छ। चलचित्रको निर्देशन माओत्से गुरुङले गरेका हुन्। चलचित्र लाहुरे परम्पराले गुरुङ समुदायमा पारेको नकारात्मक प्रभाव केन्द्रित छ।

चलचित्रमा एकजना गुरुङ लाहुरेले आफ्ना दुइ भाइ छोरा आफूजस्तै लाहुरे हुन् भन्ने इच्छा राख्छन्। जेठो छोरा बुबाको करमा परेर लाहुर त जान्छन् तर उनलाई आत्मसन्तुष्टि भने हुँदैन। कान्छा छोरालाई लाहुरे हुने इच्छा नहुँदा-नहुँदै पनि बुबाले दैनिक कठोर सैन्य अभ्यास गराउँछन्। नरेश नामका कान्छो छोराका लागि व्यायाम गराउन घरनजिकै बाँस ठड्याइको हुन्छ।

एक दिन नरेशका दाइ लाहुरबाट फर्कन्छन्। उनले आफ्ना बाल्यसाथीहरूले गाउँघरमै राम्रो प्रगति गरिरहेको कुरा थाहा पाउँछन्। उनीसँगैका साथीहरूमध्ये कोही खेती गरिरहेको, कोही मेडिकल चलाइरहेका र कोही शिक्षक बनेका हुन्छन्। उनी बुबालाई भाइलाई पनि गाउँमै काम गर्न दिनु भन्ने सल्लाह दिएर लाहुर फर्कन्छन्, तर यता बाबुले कान्छो छोरालाई पहिलेको भन्दा कठोर व्यायाम गर्न लगाउँछन्।

जेठा छोरा फर्किएपछि आमाको मृत्यु हुन्छ। बिदा नपाएपछि आमाको दागबती दिन उनी घर आउन पाउँदैनन्। त्यसपछि बाबुमा चाहेको बेलामा आफन्त पनि भेट्न नसकिने लाहुरे पेसाले पारिवारिक विखण्डन हुने चेतना पलाउँछ र घरनजिकै गाडिएको सैन्य अभ्यास गर्न राखिएको बाँस उखेलेर फालेपछि चलचित्र टुङ्गिन्छ। चलचित्रलाई रोचक र युवाहरूको मन छुने बनाउन नायक-नायिकाको प्रेमप्रसंग पनि समेटिएको छ।



## मास्टर नेपालको उपाधि आवरणलाई

**साप्ताहिक समाचार**

काठमाडौं– 'एक दशकपछि नेपाल विकसित राष्ट्रका रूपमा चिनिनुपर्छ। कुनै पनि बालबालिकाले सडकमा माग्न बस्नुपर्नेछैन।' गत आइतबार राजधानीमा सम्पन्न एक प्रतिस्पर्धाको निर्णायक चरणमा सोधिएको 'एक दशकपछि तपाईं नेपाललाई कसरी हेर्न मन पराउनुहुन्छ ?' भन्ने प्रश्नको जवाफमा उल्लेखित जवाफ दिएर आवरण नेपालले मास्टर नेपाल २००९ को उपाधि चुमेका छन्। चेल्सी इन्टरनेसनल एकेडेमीमा कक्षा ६ मा अध्ययनरत नेपालले शीर्षक उपाधिसँगै मास्टर पर्सनालिटीको उपाधि पनि हात पारे। काठमाडौं जेसिसले प्रज्ञाभवनमा आयोजना गरेको यो प्रतिस्पर्धामा एलआरआई स्कुलमा अध्ययनरत विराज सिलवाल तथा निमेश आचार्यले क्रमशः फस्ट तथा सेकेन्ड रनर-अपको उपाधि जिते।

प्रतियोगितामा काठमाडौंका विभिन्न विद्यालयमा अध्ययनरत ९ देखि ११ वर्ष उमेरका १८ जना बालकको सहभागिता थियो। निर्णायक प्रतियोगिता हुनुभन्दा १० दिनअघिदेखि उनीहरूलाई प्रशिक्षणमा सहभागी गराइएको थियो। प्रतियोगिताको प्रारम्भमा सबै प्रतियोगीले आकर्षक क्याटवाकमार्फत आ-आफ्नो परिचय दिएका थिए। दोस्रो चरणको 'ट्यालेन्ट राउन्ड' मा उनीहरूले आफूमा भएको प्रतिभा प्रस्फुटन गरेका थिए। गायन, नृत्य, अभिनय, कविता वाचनमार्फत उनीहरूले आफ्नो प्रतिभा निर्णायक तथा दर्शकसामु प्रस्तुत गरेका थिए। त्यसपछि उनीहरूले 'बेस्ट ड्रेस' चरणमा आफ्नो रोजाइका पहिरनहरूको प्रदर्शन गरे। सेमिफाइनल चरणका लागि निर्णायकले उत्कृष्ट १० प्रतियोगीको छनौट गरे। छनौटमा परेका १० जना प्रतिस्पर्धीलाई निर्णायकले विभिन्न प्रश्न सोधेपछि त्यसको जवाफका आधारमा निर्णायक चरणका लागि सर्वोत्कृष्ट पाँच जनाको नाम घोषणा गरियो। अन्तिम चरणमा निर्णायकले एउटा मात्र प्रश्न सोधेपछि विजेताको छनौट गरिएको थियो। प्रतियोगितामा सेकेन्ड रनर-अपको उपाधि जित्ने



निमेश आचार्यले मास्टर ट्यालेन्टको उपाधि पनि जिते। ट्यालेन्ट सोमा उनले आकर्षक अभिनय गरेर दर्शकलाई मनोरञ्जन दिएका थिए। हिसीमान तुलाधरले मास्टर फोटोजेनिकको उपाधि जिते भने तेजस पन्तले मास्टर बेस्ट ड्रेसको उपाधिमा कब्जा जमाए। यसबाहेक रोहन योगी तथा निकेश खतिवडाले क्रमशः मास्टर फ्रेन्डसिप तथा मास्टर कन्जेनियालिटीको उपाधि जिते।

साप्ताहिक Classified Advertisement

**रोजगार**

सरकारी मान्यता संस्थालाई साधारण SLC +2 + computer जानेको १३ कर्मचारी ९५००, २०७२५४५, ९८४१४९३०२६

नया अफिसको लागि कर्मचारी चाहियो, ९७४११४६७२१

**सम्पर्क**

Test नदिइ SLC ४३६१७१२, सोह्रखुट्टे

मात्र १००० मा उद्घोषण तथा रेडियो प्राबिधिक ४४२८५५८

बिज्ञापन दिन र बुझ्नका लागि आफ्नो नजिकैका **कान्तिपुर बर्गीकृत संकलन काउण्टर** तथा सिधा मोवाइल **९८४१-२०५९७७** मा सम्पर्क गर्न अनुरोध गरिन्छ।

## आईसीसी ट्वान्टी-२० विश्वकप

# दोस्रो संस्करणमा उपाधिका लागि कठिन होड



### आईसीसी ट्वान्टी-२० क्रिकेट

**समूह ए**
भारत
बंगलादेश
आयरल्यान्ड
जेठ २३ गते शनिबार राति ११:४५ बजे
भारतविरुद्ध बंगलादेश
जेठ २५ गते सोमबार साँझ ७:१५ बजे
आयरल्यान्डविरुद्ध बंगलादेश
जेठ २७ बुधबार राति ११:१५ बजे
भारतविरुद्ध आयरल्यान्ड

**समूह बी**
पाकिस्तान
इङ्ल्यान्ड
नेदरल्यान्ड
जेठ २२ शुक्रबार राति ११:१५ बजे
इङ्ल्यान्डविरुद्ध नेदरल्यान्ड
जेठ २४ आइतबार राति ११:१५ बजे
इङ्ल्यान्डविरुद्ध पाकिस्तान
जेठ २६ मंगलबार
पाकिस्तानविरुद्ध नेदरल्यान्ड साँझ ७:१५ बजे

**समूह सी**
अस्ट्रेलिया
श्रीलंका
वेस्टइन्डिज
जेठ २३ शनिबार साँझ ७:४५ बजे
अस्ट्रेलियाविरुद्ध वेस्टइन्डिज
जेठ २५ सोमवार राति ११:१५ बजे
अस्ट्रेलियाविरुद्ध श्रीलंका
जेठ २७ बुधबार साँझ ७:१५ बजे
श्रीलंकाविरुद्ध वेस्टइन्डिज

**समूह डी**
न्युजिल्यान्ड
दक्षिण अफ्रिका
स्कटल्यान्ड
जेठ २३ शनिबार दिउँसो ३:४५ बजे
न्युजिल्यान्डविरुद्ध स्कटल्यान्ड
जेठ २४ आइतबार साँझ ७:१५ बजे
दक्षिण अफ्रिकाविरुद्ध स्कटल्यान्ड
जेठ २६ मंगलबार राति ११:१५ बजे
न्युजिल्यान्डविरुद्ध दक्षिण अफ्रिका

**साप्ताहिक समाचार**

काठमाडौं- क्रिकेटको कान्छो स्वरूप ट्वान्टी-२० क्रिकेटको दोस्रो विश्वकप आज शुक्रबार इङ्ल्याण्डमा प्रारम्भ हुँदैछ। आयोजक इङ्ल्यान्डसहित १२ टिमले सहभागिता जनाउने यो प्रतियोगिताले ट्वान्टी-२० क्रिकेटको पछिल्लो लोकप्रियतालाई क्यास गर्ने अनुमान गरिएको छ। पछिल्लो विजेता भारत अहिले अधिकांश क्रिकेट प्रेमीहरूको फेबरेट मानिए पनि न्युजिल्यान्ड, दक्षिण अफ्रिका र वेस्ट इन्डिजको दावेदारीलाई पनि कमजोर मानिएको छैन। टेस्ट तथा एकदिवसीय क्रिकेटमा अनौपचारिक रूपमा नम्बर १ मानिँदै आएको अस्ट्रेलिया र आयोजक इङ्ल्यान्डले अहिलेसम्म ट्वान्टी-२० क्रिकेटमा खासै उल्लेखनीय प्रदर्शन गर्न नसकेको पृष्ठभूमिमा बंगलादेश र पाकिस्तान पनि चम्किए भने त्यसलाई आश्चर्य नमाने हुन्छ। टेस्ट क्रिकेटमा प्रवेश नपाएका आयरल्यान्ड, स्कटल्यान्ड र नेदरल्यान्डले ट्वान्टी-२० क्रिकेटको चरित्रअनुरूप कुनै एक खेलमा अविश्वसनीय परिणाम निकाले भने त्यसको सिकार कुनै एक वा दुई स्थापित टिमले हुनुपर्नेछ।

ट्वान्टी-२० क्रिकेटको पछिल्लो विश्वकपलाई हेर्ने हो भने फाइनलसम्मको यात्रा तय गरेको पाकिस्तानको स्थिति अहिले सबैभन्दा कमजोर मानिएको छ। श्रीलंकाविरुद्ध घरेलु मैदानमा खेलिरहेको अवस्थामा भएको आतंकवादी आक्रमणपछि पाकिस्तानले कुनै पनि स्तरको अन्तर्राष्ट्रिय प्रतियोगितामा आफूलाई दरिलो रूपमा प्रस्तुत गर्न सकेको छैन। यसै कारण पनि ट्वान्टी-२० क्रिकेटको यो विश्वकपमा विश्लेषकहरूले पाकिस्तानको उपस्थिति कमजोर हुने अनुमान गरेका छन्।

पाकिस्तान कमजोर हुने अनुमान गरिए पनि गत विजेता भारतको स्थिति पनि त्यति सुदृढ देखिएको छैन। हालै सम्पन्न आईपीएल ट्वान्टी-२० क्रिकेटमा भारतको वर्तमान ट्वान्टी-२० टिमका सदस्यहरू सहभागी भएका टिमहरूले खासै उल्लेखनीय प्रदर्शन गर्न सकेनन्। कप्तान महेन्द्रसिंह धोनीको चेन्नाई सुपरकिंग सेमिफाइनलमै पछारियो भने उपकप्तान युवराज सिंहको किंग्स-११ पञ्जाबले सेमिफाइनलमै प्रवेश पाएन। अहिले भारतीय टिममा कमब्याक गरेका रुद्रप्रताप सिंहको टिम डेक्कन चार्जरले आईपीएलको दोस्रो संस्करणको उपाधि पाए पनि उक्त टिमका लागि खेल्ने अन्य भारतीय खेलाडीहरूले आईसीसी ट्वान्टी-२० का लागि छनौट हुने अवसर पाएनन्। त्यस्तै स्थिति आईपीएलको उपविजेता रोयल च्यालेन्जर बैंगलोरका लागि खेल्ने भारतीय खेलाडीहरूको पनि छ। भारतीय टिम छनौटमा देखिएको असन्तुलनको परिणाम आईसीसी ट्वान्टी-२० क्रिकेटमा देखिन सक्ने विश्लेषणसमेत गरिएको छ।

आईपीएलको दोस्रो संस्करणलाई आईसीसी ट्वान्टी-२० क्रिकेटको पूर्वाभ्यासका रूपमा लिने हो भने दक्षिण अफ्रिका र न्युजिल्यान्डको दाबेदारी बलियो देखिन्छ। आईपीएलमा राम्रो प्रदर्शन गर्ने दक्षिण अफ्रिकाका एबी डे भिलियर्स, ज्याक कालिस, न्युजिल्यान्डका रोज टेलर, जेसी राइडर, ब्रान्डेन म्याकुलमको उपस्थितिले यी टिमहरूलाई आईसीसी ट्वान्टी-२० क्रिकेटको बलियो दाबेदार बनाएको हो।

टेस्ट तथा एकदिवसीय क्रिकेटमा कमजोर आँकिए पनि ट्वान्टी-२० क्रिकेटमा वेस्टइन्डिजको प्रदर्शन कमजोर छैन। पछिल्लो विश्वकपमा शतक बनाउने एक मात्र खेलाडी वेस्ट इन्डिजका कप्तान क्रिस गेल, आईपीएलमा डेक्कन चार्जरलाई फाइनलसम्मको यात्रा गराउने ड्वायने स्मिथ, ड्वायने ब्राभोजस्ता अलराउन्डर्सहरूको भरोसामा वेस्टइन्डिजले उल्लेखनीय प्रदर्शन गऱ्यो भने आश्चर्य नमाने हुन्छ।

फुटबल विश्वकपको तुलनामा क्रिकेट विश्वकपमा कहिल्यै पनि आयोजक मुलुकले कप उचालेको इतिहास छैन। यो पृष्ठभूमिमा इङ्ल्यान्डको स्थितिलाई कमजोर नै मानिएको छ। त्यसबाहेक क्रिकेटको ट्वान्टी-२० संस्करणको जन्मदाता भए पनि इङ्ल्यान्डले अहिलेसम्म खासै उल्लेख्य प्रदर्शन गर्न सकेको छैन, तर पनि केभिन पिटरसन, एन्ड्रयु फिन्टफ, रवि बोपारा, दिमित्री मास्करहेन्स र स्टुवर्ट ब्रोडजस्ता खेलाडीहरूले आफ्नो प्रसिद्धिअनुरूपको प्रदर्शन गरे भने क्रिकेटमा अहिलेसम्म नलेखिएको कथा लेखिन सक्छ। यसबाहेक ट्वान्टी-२० क्रिकेटमा श्रीलंका र बंगलादेशको प्रदर्शन खासै चर्चायोग्य छैन। मुथ्थैया मुरलीधरन, चामिन्दा भास, जयवर्धने, संगाकाराजस्ता खेलाडीहरू रहे पनि अघिल्लो विश्वकपमा खासै उल्लेखनीय प्रदर्शन गर्न नसकेको श्रीलंकाको सम्भावनालाई यस पटक पनि विश्लेषकहरूले खासै महत्त्व दिएका छैनन्। मोहम्मद असरफ्फुलको नेतृत्वमा रहेको बंगलादेशका लागि मुसरफ मुर्तजा, अब्दुर रज्जाक, मुसाफिक रहिमजस्ता खेलाडीहरू कुनै खेलमा चम्किए भने सम्बन्धित समूहका बलियो टिमलाई धक्का लाग्न सक्छ। त्यसो भयो भने बंगलादेशको प्रदर्शनले विश्वकपको समग्र परिणामलाई प्रभावित पार्नेछ।

# सुरु भयो भीमनारायण कप

**भिषा काफ्ले**

धनकुटा- भीमनारायण रनिङकप फुटबलको पाँचौं संस्करण आइतबार सुरु भएको छ। राष्ट्रिय स्तरका ए डिभिजन क्लबहरूमा आवद्ध खेलाडीहरूको बाहुल्यता रहेको उक्त प्रतियोगिताको उद्घाटन खेल गत वर्षको विजयी टिम बौद्धिक सेवा समाज धनकुटाले ट्राइवेकरमा सप्तरीको त्रियुगा स्पोर्टिङ क्लबलाई ५-४ ले हराएको थियो।

पूर्वाञ्चलका प्रसिद्ध ८ टिम सहभागी रहेको यो प्रतियोगितामा २०६५ को विजेता बौद्धिक सेवा समाज धनकुटा, उपविजेता धरानको ट्याम्के फुटबल टिम, २०६४ को विजेता नाइटचेस क्लब झापा, कपको पहिलो २०५५ संस्करण विजेता सुनसरीको एलेभेन एरोएज झापा, सप्तरीको त्रियुगा स्पोर्टिङ क्लब झापाको युनाइटेड युथ भिड्दैछन् भने नवप्रवेशीका रूपमा उर्लाबारीको मोरङ ११ र जनसेनाको पीएलए स्पोर्टिङले भाग लिइरहेका छन्।

२०५५ सालमा स्थापित यो रनिङ कप वार्षिक रूपमा सञ्चालन गर्ने उद्देश्यका साथ सञ्चालन गरिए पनि २०५५ र २०५६ सालमा लगातार रूपमा दुई वर्षसम्म लगातार रूपमा सञ्चालन भएर देशको तत्कालीन असहज परिस्थितिका कारण सञ्चालन हुन सकेको थिएन। २०६३ सालदेखि पुनः वार्षिक रूपमा सञ्चालन गर्ने भनिए पनि ०६४मा संविधानसभाको चुनाव र तराई आन्दोलनका कारण प्रतियोगिता २०६५ असारमा भएको थियो भने यस वर्ष निर्धारित समयमै सुरु भएको छ।

धनकुटाको तल्लो टुडिखेलमा भैरहेको प्रतियोगिता जेठ २३ सम्म नकआउट आधारमा अनुसार सञ्चालन हुनेछ। यो प्रतियोगितामा २०५५ सालमा मोरङको मोतीराम स्पोर्टिङ क्लब प्रथम भएको थियो भने २०५६ मा झापा फुटबल टिम प्रथम भएको थियो। त्यसैगरी २०६३ सालमा झापाकै युनाइटेड युथ क्लबले विजय हासिल गरेको थियो। त्यसैगरी २०६३ मा सुनसरीको एलेभेन एरोएजले कप हात पारेको थियो भने २०६५ को प्रतियोगिता आयोजक टिम बौद्धिक विकास सेवा समाज, धनकुटाले जितेको थियो।



# पुस्तकमा सेलेस



टेनिस खेलाडी मोनिका सेलेसले आफूले जीवनमा भोगेका विभिन्न घटना, त्यसको समाधान र मोटो शरीरलाई कसरी घटाउने जस्ता विभिन्न उपाय समावेश गरेर एउटा पुस्तक प्रकाशित गरेकी छिन्। पूर्व युगोस्लाभियाकी टेनिस खेलाडी सेलेस टेनिस खेलमा आउने क्रममा उनको जन्मथलो छुट्टिएर सर्बिया भैसकेको थियो। उनले युगोस्लाभियाका तर्फबाट पनि टेनिस खेलिन् भने पछि अमेरिकाको नागरिकता ग्रहण गरेपछि अमेरिकाको पनि प्रतिनिधित्व गरिन्। बुबा हंगेरियन भएका कारण उनले पछिल्लो पटक हंगेरीको पनि नागरिकता लिइन्। नौ पटक ग्राण्ड स्ल्याम प्रतियोगितामा विजयी भएकी सेलेसको पलायन सन् १९९३ मा ह्यामवर्गमा सम्पन्न टेनिस प्रतियोगितामा स्टेफी ग्राफका समर्थक बताउनेले कुममा छुरा प्रहार गरेपछि प्रारम्भ भएको थियो। यस क्रममा उनले आफूले जीवनमा भोगेका घटना र अनुभवहरूलाई 'गेटिङ ए ग्रिप अन माई बडी, माई माइन्ड, माई सेल्फ' शीर्षकको पुस्तकमा उतारेकी छिन्। पुस्तकमा कसरी कुनै घटनाबाट हतास नहुनेदेखि मोटाउँदा के खाने, कुन किसिमको व्यायाम कसरी गर्ने सम्मका जानकारी समावेश छन् जसमा सेलेसले आफूले ३५ पाउन्ड तौल घटाएको कुरा बताएकी छिन्।

# प्लेयर्स टु वाच



## ब्रेन्डन म्याकुलम, न्युजिल्यान्ड

विस्फोटक ब्याट्सम्यानका रूपमा ख्याति कमाएका ब्रेन्डन म्याकुलमको खेलले विश्वकपमा न्युजिल्यान्डको भाग्य निर्धारण गर्नेछ। २० ओभरको क्रिकेटमा सर्वोच्च १ सय ५८ रन आफ्नो नाममा लेखाएका **ब्रेन्डन** चतुर विकेट किपरसमेत हुन्। दायाँ हाते २७ वर्षीय ब्याट्सम्यान **ब्रेन्डन**लाई पिचबाट हटाउन जुनसुकै बलरलाई हम्मेहम्मे पर्नेछ। किवी टिमबाट २१ टि-२० क्रिकेट खेलेका **ब्रेन्डन**ले ३४ दशमलव २३ को औसतमा ४ पल्ट नटआउट रहेर ५ सय ६२ रन बनाएका छन्। चारपल्ट अर्धशतक प्रहार गरेका **ब्रेन्डन**को स्ट्राइक रेट १ सय २५ दशमलव ४३ छ। उनले इङ्ल्यान्डमा चौका र छक्का वर्षाउने अपेक्षा गरिएको छ।

## सेन वाट्सन, अस्ट्रेलिया

अलराउन्डर सेन वाट्सनले विश्वकपमा एडम गिलक्रिस्ट र म्याथ्यु हेडेनको अभाव खड्कन दिनेछैनन्। प्रशिक्षकको मन जितेर उनी अस्टेलियाको विश्वकप टिममा अटाएका हुन्। घरेलु प्रतियोगितामा प्रभावशाली प्रदर्शन गरे पनि क्विन्सल्यान्डका २७ वर्षीय यी क्रिकेटरले अहिलेसम्म अन्तर्राष्ट्रिय टि-२० क्रिकेटमा राम्रो छाप छोड्न सकेका छैनन्। उत्कृष्ट फर्ममा रहेका वाट्सन कान्छो स्वरूपको विश्वकप क्रिकेट च्याम्पियन बन्ने अस्ट्रेलियाको अभियानमा नायक बन्न सक्छन्।

## डेबिड हस्सी, अस्ट्रेलिया

हस्सी दाजुभाइ डेबिड र माइक अस्ट्रेलियाली टिममा जमिरहेका छन्। घरेलु टि-२० मा डेबिडको प्रदर्शन उच्च छ। अस्ट्रेलियाको जर्सीमा ८ खेल खेलेका यी ३१ वर्षीय अलराउन्डरले १ सय ८१ रन जोड्नुका साथै ७ विकेट लिएको तथ्याङ्क छ। मध्यक्रममा ब्याटिङ गर्ने डेबिडको सर्वाधिक रन नटआउट ८८ हो। उनी टिम संकटमा परेका बेला हार टार्ने खेलाडीका रूपमा लोकप्रिय छन्। यसपालि उनी अब्बल अलराउन्डरका रूपमा रहने अनुमान गरिएको छ। उनले स्वाभाविक खेल प्रदर्शन गर्नसके रिक्की पोन्टिङको नेतृत्वमा अस्टेलियाले अहिलेसम्म जित्न नसकेको एउटै उपाधि टि-२० विश्वकप कब्जा गर्नेछ।

## क्रिस गेल, वेस्टइन्डिज



क्यारेबियन स्टारहरूले भरिए पनि यसपाली वेस्टइन्डिजलाई खासै बलियो टिम मानिएको छैन। कप्तान क्रिय गेलको ब्याटिङ पुरानो लयमा फर्कियो भने वेस्टइन्डिजलाई हराउन जुनसुकै टिमलाई पनि फलामको चिउरा चपाएसरह बन्नेछ। अन्तर्राष्ट्रिय टि-२० मा बनेको एक मात्र शतक गेलको नाममा छ। यी देब्रे हाते ब्याट्सम्यानले दुई वर्षअघिको पहिलो विश्वकपमा १ सय १७ रन बनाएका थिए। १ सय ६१ दशमलव ११ को स्ट्राइक रेटमा उनले ७ खेलमा २ सय ६१ रन बनाएका छन्। उनको नाममा १ शतक र २ अर्धशतक छ। दायाँ हातको बलिङमा ३० वर्षीय गेलले ६ विकेट लिइसकेका छन्।

## एबी डे-भिल्लर्स, दक्षिण अफ्रिका



भर्खरै सकिएको इन्डियन प्रिमियर लिगमा दक्षिण अफ्रिकी ब्याट्सम्यानहरूको प्रदर्शन निकै राम्रो रह्यो। दिल्ली डेयरडेभिल्सबाट खेलेका २५ वर्षीय एबी डे-भिल्लर्सले ३ सय ५५ बलमा ४ सय ६५ रन बनाए। कप्तान ग्रेम स्मिथ, हर्सेल गिब्स, ज्याक्स कालिसजस्ता विश्व क्रिकेटका हस्ती समावेश दक्षिण अफ्रिकालाई डे-भिल्लर्सको उपस्थितिले उपाधिका दाबेदार मानिएको छ। एबीले राष्ट्रिय टिमका लागि भने १५ टी-२० मा १ सय ७६ रन मात्र बनाएका छन्। त्यसमा यी २५ वर्षीय क्रिकेटरले एक अर्धशतक प्रहार गरे।

## मोहम्मद आमिर, पाकिस्तान

रावलपिन्डी एक्सप्रेसका रूपमा चर्चित शोएब अख्तरको अनुपस्थितिमा पनि पाकिस्तानको तीव्र गतिको बलिङ आक्रमण कमजोर छैन। फस्ट क्लब क्रिकेटको १० खेलमा ५६ विकेट चट्काएका १७ वर्षीय मोहम्मद आमिरले विश्वकपमा बलिङको जादु देखाउने अपेक्षा गरिएको छ। नयाँ वसिम अक्रमका रूपमा हेरिएका आमिर प्रतिघन्टा कम्तीमा १ सय ४० किलोमिटरको गतिमा बलिङ गर्छन्। उनको स्वीङ र पेस आफ्नोजस्तै भएको पूर्व पाकिस्तानी कप्तान अक्रमले भने, 'टी-२० मा बलिङ क्रान्ति ल्याउन आमिर योग्य छन्।' भर्खरै राष्ट्रिय टिममा स्थान पाएका आमिर पाकिस्तानी यु-१९ का प्रमुख खेलाडी हुन्। बाँया हाते आमिरले टि-२० घरेलु क्रिकेटका ५ खेलमा ८ विकेट लिएका छन्।

## सनथ जयसूर्या, श्रीलङ्का

भेट्रान श्रीलङ्काली सनथ जयसूर्या सम्भवत् टी-२० विश्वकपका सबैभन्दा जेठा खेलाडी हुन्। विष्फोटक ब्याटसम्यान जयासूर्याको खेल शैलीका लागि टि-२० क्रिकेट उपयुक्त मानिन्छ। आवश्यक परेको स्थितिमा उनी बलिङ गर्न पनि पछि हट्दैनन्। उनले ३४ दशमलव १० को औसतमा ११ अन्तर्राष्ट्रिय टी-२० मा ३ सय ४१ रन बनाएका छन्। उनको स्ट्राइक रेट १ सय ५४ दशमलव २९ छ। त्यसमा उनले १० विकेट पनि लिएका छन्। लामो अनुभवले खारिएका जयसूर्याको उत्कृष्ट प्रदर्शनमा श्रीलङ्काको भाग्य चम्कने अपेक्षा गरिएको छ। उनलाई तिलकरत्ने दिल्सानले राम्रो साथ दिने विश्वास छ।

## रुद्रप्रताप शर्मा, भारत



साविक विजेता भारतले उपाधि रक्षा गर्न फर्ममा रहेका रुद्रप्रताप शर्माको धारिलो बलिङले इङ्ल्यान्डमा पनि निन्तरता पाउन जरुरी छ। इन्डियन प्रिमियर लिगमा सर्वाधिक २३ विकेट लिएर डेककन चार्जर्सलाई च्याम्पियन बनाउन उनले महत्त्वपूर्ण योगदान गरेका थिए। उपाधि रक्षा गर्ने भारतको अभियानमा २३ वर्षीय शर्मा तीव्र गतिका बलर नायक बन्न सक्नेछन्। पहिलो विश्वकप भारत भित्र्याउन पनि उनले विशेष योगदान गरेका थिए।

## सुरेश रैना, भारत

करोडौं डलरको इन्डियन प्रिमियर लिगको आयोजनाले यो विश्वकपमा भारतलाई सन्तुलित र बलियो टिमका रूपमा हेरिएको छ। भारतले उपाधि रक्षा गर्ने बलियो सम्भावना पनि छ। दुई वर्षअघि आकर्षक ब्याटिङ गरेका सुरेश रैना भारतका लागि फेरि एकपल्ट नायक बन्न तयार छन्। इन्डियन प्रिमियर लिगमा उनले चेन्नाई सुपर किङ्सका लागि ४ सय ३४ रन बनाएका थिए। बेलाबेला बलिङ पनि गर्ने यी २२ वर्षीय स्टार इङ्ल्यान्डमा जम्ने विश्वास गरिएको छ।

**–राजु घिसिङ**

## आ-आफ्नै रोजाइ

डिफेन्डिङ च्याम्पियन भारत, अस्ट्रेलिया र दक्षिण अफ्रिका यसपालि टी-२० विश्वकप क्रिकेटका सबैभन्दा बलिया टिम हुन्। २० ओभरको क्रिकेटको नतिजा पूर्वानुमान गर्न कठिन छ। यी तीनभध्ये एक टिम नै च्याम्पियन बन्नेछ।

**–विनोद दास, कप्तान राष्ट्रिय टिम**

अस्ट्रेलियाको टिम राम्रो र सन्तुलित छ। दक्षिण अफ्रिका र पाकिस्तान पनि बलिया टिम हुन्। मेरा लागि भारतबाहेक अरू जुन टिमले जिते पनि हुन्छ।

**–पारस खड्का, उपकप्तान, राष्ट्रिय टिम**



अस्ट्रेलियाको टिम स्पिरिट निकै राम्रो छ। नाथन ब्रेकन र एन्ड्रयु साइमन्ड्सले अस्ट्रेलियालाई च्याम्पियन बनाउन सक्छन्। दुई वर्षअघिको उपविजेता पाकिस्तान टी-२० क्रिकेटमा निकै बलियो टिम हो।

**–मेहबुब आलम, अलराउन्डर, राष्ट्रिय टिम**

मेरो विचारमा फेरि एकपल्ट उपाधि भारतले जित्नेछ। इन्डियन प्रिमियर लिगले टी-२० क्रिकेटमा भारतलाई सन्तुलित टिमको रूप दिएको छ। उसका बलर र ब्याट्सम्यान दुवै फर्ममा छन्।

**–केशरी चौधरी, बलर, महिला राष्ट्रिय टिम**

नयाँ विजेताको अनुमान गर्न गाह्रो छ। टी-२० क्रिकेटमा भारत राम्रो टिम हो, तर मेरो सपोर्ट अस्ट्रेलियालाई छ। म चाहन्छु, अस्ट्रेलियाले टि-२० विश्वकप पनि जितोस्।

**–पृथु बास्कोटा, कप्तान यू-१७ राष्ट्रिय टिम**

भर्खरै हाम्रा राष्ट्रपतिबाट राष्ट्रपति भवनभित्र सर्वसाधारण तथा कार्यालयका कर्मचारीहरूले टोपी लगाइदिए हुन्थ्यो भन्ने इच्छा व्यक्त भएपछि 'टोपी राष्ट्रवाद' ले सबैलाई त्यहाँ टोपी लगाउनुपर्ने बनायो। त्यसो त राष्ट्रवादको नारा सबैले आ-आफ्नो स्वार्थमा प्रयोग गरेको पाइन्छ। तत्कालीन भारतीय प्रधानमन्त्री इन्दिरा गान्धीलाई जब विरोधीहरूले अप्ठ्यारोमा पार्थे तब उनी पाकिस्तानसितको दुस्मनीलाई भजाउँदै उग्र भारतीय राष्ट्रवादको बखान गर्थिन्, जसले गर्दा विरोधीहरू सबै पाखा लाग्थे। त्यसै गरी हाम्रा महामहिमज्यूले टोपीको जुक्ति मध्यरातमा सेनापति प्रकरणमा गरेको उर्दीको विरोधीहरूलाई निस्तेज पार्न चालेको कदम त होइन भन्ने प्रश्न उठेको छ। यस प्रकारको अन्ध राष्ट्रवादले इतिहासमा धेरै देशका सेनापतिलाई मानिस मार्न सजिलो हुने र विरोधी वा विद्रोहीलाई सिध्याउने काममा सहयोग गरेको थियो। अर्कातिर टेलिभिजनमा तमिल इलमका प्रमुख प्रभाकरणको 'डेथ बडी' हेरेर हामीकहाँ पलाएको नवराष्ट्रवादी चिन्तनको कुरा गरी साध्य छैन।

केहीले नेपालभित्र कल्पना गरेको 'इलम राष्ट्रवाद' सफाया भएको छ भने उग्र लोकतन्त्रवादीहरू विरोधीलाई यही फर्मुला प्रयोग गरी कसरी समाप्त गर्न सकिन्छ भन्ने चिन्तन-मननमा लागेका छन्। यति हुँदाहुँदै पनि नेपालको पहिलो गणतन्त्र दिवसको अवसरमा नेताहरूले नयाँ नेपालको 'नेपाली राष्ट्रवाद' को व्याख्या गर्नुको सट्टा



विक्रम राई

• प्रसंग कतिपय •

त्यही समयमा बेबी किङको चर्चा गरेर गणतन्त्र समारोहको अवमूल्यन गरेका छन्। जितेको ठाउँमा झन्डा फहराउने चलनलाई तोड्दै नारायणहिटीको भन्दा ठूलो गणतान्त्रिक स्मारक रत्नपार्कमा बनाउने निर्णयले थप आशङ्का जन्माएको छ।

राष्ट्रवाद र सत्ता एक-अर्काका पूरक हुन्। पञ्चायतले सत्ता टिकाउन मण्डले राष्ट्रवादको बखान गरेकै हो। त्यतिखेरका पञ्चहरूले प्रजातन्त्रवादीहरूलाई तथाकथित मुट्ठीभर र विदेशी दलालको उपाधि दिएकै हुन्, तर त्यो मण्डले राष्ट्रवादले पञ्चायतलाई मात्र होइन, अन्ततः राजशाहीलाई नै समाप्त गरिदियो। त्यसैगरी अहिलेको मधेस आन्दोलनले जन्माएको मधेसी राष्ट्रवादलाई सत्ताको लोभले विभाजित गरिदिएको छ। मधेसीहरूको मुक्तिका लागि गरिएको आन्दोलन 'समग्र मधेस एक प्रदेश' सत्ताको दौड र भागबन्डाबीच ओझेलमा परेको छ। यस्तै देखेर भन्नेहरू मधेसी एकता र राष्ट्रवादलाई कमजोर पार्न दमनको सट्टा उनीहरूलाई सत्ता भागबन्डाको खेलमा सहभागी गराउने नीति उपयुक्त हुने तर्क अघि सार्न थालेका छन्। सद्भावना पार्टीको विगत र वर्तमानलाई अध्ययन गर्ने हो भने त्यो सत्यता पुष्टि हुन्छ।

यस अवस्थामा सबै नेपाली कम्युनिस्टको फरक खाले राष्ट्रवादी चिन्तन रातो किताबबाट सुरु भए पनि गिरिजाबाबुले दुई ठूला कम्युनिस्टलाई लडाएर सुदको राष्ट्रिय नीतिलाई सफल पार्नुभएकै हो। कम्युनिस्टहरूले जति बोले पनि वा लेखे पनि सुरु र बीचको कुरालाई भन्दा अन्तिमतिरको कुरालाई ध्यान दिनुपरेझैँ सुदको अन्तिम कुरा थाहा पाउन अझै समय कुर्नुपर्ने देखिन्छ। अहिलेको अवस्थासम्म आइपुग्दा आमसहरिया नेपालीहरू शाहराजाहरूको बेलाको राष्ट्रवाद र एकताको प्रशंसा गर्न चुक्दैनन्। मानिसहरू त्यतिखेरको जस्तो शान्ति चाहे त्यो मुर्दा शान्ति नै होस् चाहियो भन्न थालेका छन्। विदेशी हस्तक्षेपलाई अस्वीकार मात्र होइन, ठाडो रूपमा जुध्न सक्ने हैसियत शाहराजाहरूमा थियो भन्नेहरू प्रशस्तै छन्, तर यही सन्दर्भमा बुझ्नुपर्ने के छ भने तत्कालीन प्रधानमन्त्री

सबै नेपाली कम्युनिस्टको फरक खाले राष्ट्रवादी चिन्तन रातो किताबबाट सुरु भए पनि गिरिजाबाबुले दुई ठूला कम्युनिस्टलाई लडाएर सुदको राष्ट्रिय नीतिलाई सफल पार्नुभएकै हो। कम्युनिस्टहरूले जति बोले पनि वा लेखे पनि सुरु र बीचको कुरालाई भन्दा अन्तिमतिरको कुरालाई ध्यान दिनुपरेझैँ सुदको अन्तिम कुरा थाहा पाउन अझै समय कुर्नुपर्ने देखिन्छ। अहिलेको अवस्थासम्म आइपुग्दा आमसहरिया नेपालीहरू शाहराजाहरूको बेलाको राष्ट्रवाद र एकताको प्रशंसा गर्न चुक्दैनन्। मानिसहरू त्यतिखेरको जस्तो शान्ति चाहे त्यो मुर्दा शान्ति नै होस् चाहियो भन्न थालेका छन्।

नेहरूले आफ्ना आईपीएस अधिकारी गोविन्दनारायण सिंहलाई त्रिभुवनको सल्लाहकारका रूपमा नियुक्ति गरी नेपालमा पहिलो पटक भारतीय हस्तक्षेपको सुरुवात गर्दा त्रिभुवन शाहले त्यसलाई सहर्ष स्वीकारेका थिए।

लोकतन्त्रको सामान्य नियमको धज्जी उडाउँदै हाम्रा नेताहरू शासन चलाउने खेलमा तल्लीन छन्। यही सन्दर्भमा माओवादीलाई प्रभु राष्ट्रवादले बगाएझैँ अहिलेको नयाँ सरकारलाई कहिले, कसरी र कसले बगाउने हो, हेर्न बाँकी छ। केही अपवादबाहेक सबैले पहिलो राजकीय भ्रमण भारत यसअघि पनि गरेकै हुन्, तर नेपालको प्रजातान्त्रिक इतिहासमा अहिलेसम्म कसैले पनि पाँचवर्षे शासन चलाउन नसक्नुले 'प्रभु राष्ट्रवाद' पनि मिथ्या साबित भएको छ। मन्त्री क्वार्टरहरूतिर र बालुवाटारमा राष्ट्रिय झन्डा फहराएर राष्ट्रवादी हुने हो भने खोलानाला र सिमानाका निम्ति यहाँ युद्ध भैसक्नुपर्ने हो।

युद्ध स्वाभिमानका निम्ति पनि लडिन्छ, तर केही दिन मात्र नुन नपाउँदा नेपालीहरूको राष्ट्रवादमा पखाला लाग्छ। जबकि संसारमा नुन खान नपाई मान्छे मरेको घटना अहिलेसम्म भेटिएको छैन। सत्ताभित्रका प्रतिपक्षलाई आर्थिक नाकाबन्दी लगाएजस्तो छिमेकीले गरेको ठाडो हस्तक्षेप र व्यवहारबाट वाक्क भएकाहरू त्यसविरुद्ध एक हुन नसक्नु सबैभन्दा आश्चर्यको विषय बनेको छ। यी सबका बाबजुद नेपाल र नेपाली राष्ट्रवादको कमजोरी भन्नुपर्दा नेताहरूको क्षमताहीन शैली प्रमुख कारण हो। जसले पार्टी नेतृत्व गर्न सक्दैन, त्यसले कसरी देशको नेतृत्व गर्न सक्छ ? वास्तवमा यो प्रश्नको जवाफ नै अहिलेको राष्ट्रवादी चिन्तन र सफल नेपालको सूत्र बन्न सक्छ। नत्र चिनियाँ मोडलको 'फोरबिडन सिटी' जस्तो हाम्रो देश 'फोरबिडन कन्ट्री' बन्न ढिलो नहोला।

prasangakatipaya@hotmail.com

३ महिनामा ४" उचाइ बढाउने
◆केश झर्न तुरुन्तै रोकी उमार्ने
◆१ महिनामा चाहेजती ब्रेष्ट बढाउन र घटाउन
◆जस्तो सुकै उमेर अनुसार चाउरीपन हटाउन
◆तीलकोठी, डण्डीफोर, चायापोतोको लागि
◆१ महिनामा ६ देखि १० किलो मोटोपन घटाउन
◆प्रेशर, सुगर, ढाड दुखाईको लागि (आयुर्वेदिक उपचार)
◆ग्यास्ट्रिक, दम, बाथको समस्याको लागि (आयुर्वेदिक उपचार)
नेचुरल हेल्थ केयर
ललितपुर, लगनखेल पाटन हस्पीटल अगाडी
Tel :01-5004046 01-5550195
शाखा कार्यालय बनेपा Mo:9841556532

प्राईभेट Test/SLC
विगत ५ वर्ष देखि १००% नतिजा ल्याउन सफल
यस एकेडेमीमा
9तथा test फेल भएका
8,9तथा test पास गरी पढाइ छाडेका सबै विद्यार्थीलाई
१० कक्षामा भर्ना खुल्यो
जि.शि.का. र EIA बाट मान्यता प्राप्त
अंग्रेजी र नेपाली दुवै माध्यममा पढाइने
पुस्तकालय र होस्टेलको व्यवस्था
सिमित सिटमा धमाधम भर्ना लिइदै छ।
सिभिल नेशनल एकेडेमी
नयाँ बानेश्वर, चोक
नयाँ बानेश्वर डिपार्टमेण्ट अगाडी)
फोन 4780228, 9841381416

होटल तालिम
Cook / Bakery
Waiter / ess / Bar Tender
Front office/House keeping
Care Giver
विदेश जानेहरुको लागि विशेष कोर्षको व्यवस्था गरिएको छ।
Manpower Training Center Pvt. Ltd.
Jamal, Kathmandu
PACIFIC 4232196

Worldwide Valid Certificate
होटल तालिम
यो छुट जेठ मसान्त सम्म मात्र।
कुक १ ½ महिना रु. २७००/-
कुक ३ महिना रु. ३७००/-
वेटर र बारमेन रु. १३००/-
१.5 star लेभलको आफ्नै रेष्टुरेन्ट भएको।
२.थप तालिमको लागि 5 star होटलमा तथा आफ्नै रेष्टुरेन्टमा पनि गराइने व्यवस्था छ।
३.स्टयाण्डर्ड, क्वालिटीको लागि एकपटक आएर बुझ्नुहोला। अनिमात्र भर्ना गर्नुहोला।
माउण्टेन होटल ट्रेनिङ सेन्टर
चावहिल, गोपीकृष्ण हलको पूर्व गेट संगै
Ph:016212336,9841812055

20% off for SLC Student
TOEFL/IELTS (Free Books, CDs, Lab Practics, Weekly Tests)
Language: English, Chinese, French, German, Korean, Hebrew, Japanese, Spanish, Italian & Others
विशेष व्यवस्था: विदेश जाने र जान्दै नजान्नेहरुका लागि
Computer: Hardware & Networking
20% Basic, Graphics, WebPage, Office Package, Programming, Account (Tally,Fact,Tata Ex.)
Osish Language & Computer Center (OLC)
New Baneshwor Tel: 014483414
Adwait Marg Old Buspark Tel: 4232866
Lagankhel: Tel: 5004018

Learn Computer
51% Discount
Basic Windows
Graphic Designing
Web Page Designing
Accounting
Access Programming
Hardware & Networking
Free English Language
Getway Educational Consultancy (P) Ltd.
Bagbazar, Kathmandu
Ph: 4239719, 4241870

ग्लोवलको तालिम 5★ मा
★Hotel Mgmt. Basic/Adv.
★F&B Mgmt. Basic/Adv
★Bartender Mgmt. Basic/adv
★Culinary Arts Mgmt. (Cook) Basic/Adv
★F & B Service Mgmt (Waiter) Basic/Adv
★Bakery Pastery Mgmt. / Ice / veg carving
★Front Office/House Keeping Mgmt.
आउनुहोस्, हेर्नुहोस्, बुझ्नुहोस्
Learn & Earn Package
Contact
Global Institute of Hotel Mgmt & Tourism Technical Center P. Ltd
Min Bhawan, Santinagar Gate (Next to the Petrol Pump)
☎4484098,2134544

पाँचतारे होटलमा सुवर्ण अवसर
देश विदेशमा ख्याती प्राप्त तथा पाँचतारे होटलका सेफहरुद्वारा सञ्चालित कुक, बेकरी, कफि मेकिङ्ग सम्बन्धी तालिम दिई सिधै पाँचतारे होटलमा पठाईने। त्यस्तै वेटर, वेट्रेस, क्याप्टेन, बारमेन, बारटेण्डर, रिसेप्सनिष्ट तथा हाउकिपिङ सम्बन्धी तालिम दिईने। विदेश पढ्न जाने विद्यार्थीहरुलाई विशेष सुविधा सहित धमाधम कक्षाहरु संचालन भईरहेको छ। छिट्टो गर्नुहोस, सिट सिमित छ।
रजनिश होटल तालिम केन्द्र प्रा.लि., मिनभवन
फोन: ४४६१२२२, ९८४१४१९२५७, ९८४१२१२७३६

होटल तालिम
SLC दिएर बसेका विद्यार्थीहरूका लागि विशेष छुट मा निम्न विषयहरुमा भर्ना लिइदैछ।
विशेष छुटमा
| विषय | पुरानो शुल्क | छुट सहितको शुल्क |
|---|---|---|
| Cook | 8000 | 5000 |
| Waiter | 3000 | 1500 |
साथमा
Bakery/Bar Tender/Front office
House keeping/Care Giver
विदेश जानेहरुको लागि विशेष कोर्षको व्यवस्था गरिएको छ।
National Employment Training Center Pvt. Ltd.
NETC चुच्चेपाटी, चावहिल ४४९००१६ २०२३३६७

होटल तालीम
छुट %
★Cook ★Waiter ★Bakery
★Housekeeping ★Front Office
★Bartender ★Coffee making ★Hotel Mgmt
★F & B Mgmt ★Airlines Ticketing
★Tour & Travel Mgmt ★Care giver
International Air Fares & Ticketing with Abacus, Amadeus, Galileo (International Certificate)
ओरिएण्टल हस्पिटालिटी (होटल) एण्ड टुरिजम ट्रेनिङ्ग सेन्टर प्रा. लि.
नयाँ बानेश्वर (एभरेष्ट होटलसंगै)
फोन नं: ४४९३८०१, २०८२७३१
(बिहान ७:०० देखि बेलुका ७:०० सम्म)

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : कान्तिपुर कम्प्लेक्स, सुविधानगर, पो.ब.नं. ८०१९, काठमाडौं, नेपाल, फोन नं. ४४८०१००, फ्याक्स : ९७७-१-४४७०१७८, email:saptahik@kantipur.com.np
दर्ता नं. ९९/०५१/५२, सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित। अध्यक्ष तथा प्रबन्ध निर्देशक : कैलाश सिरोहिया, निर्देशक : स्वस्तिका सिरोहिया तथा रामेश्वर थापा, सम्पादक : सुवास ढकाल।